# परिच्छेद : १

# शोधपत्रको परिचय

## १. विषय परिचय :

महिला भनेको लैङ्गिक भिन्नताको स्वरुप मात्र हो । परम्परादेखि नै महिलाहरूलाई कमजोर समूहको रुपमा हेरिंदै आएको छ । पुरुषभन्दा महिला शारीरिक रुपमा कमजोर हुन्छन् भन्ने मान्यताका आधारमा विभिन्न धर्मशास्त्रमा पनि महिलाहरूलाई बाहिरका कठिन कामभन्दा घरभित्रकै आन्तरिक कामको जिम्मेवारी दिएको पाइन्छ । २१औं शताब्दीसम्म आइपुग्दा पनि नेपालमा महिला र पुरुषबीच यही मान्यताका आधारमा विभेद गर्ने प्रचलन कायमै छ । यसैको परिणामस्वरुप वहुसंख्यक महिलाहरू घरको चारदिवारभित्रको चुलोचौकोबाट उम्कन सकेका छैनन् । उनीहरू बाहिरी संसारसँग अनभिज्ञ छन् । साथै बाहिरी क्रियाकलापमा महिलाहरूको सहभागिता अपेक्षाकृत न्यून छ । आफ्ना हक अधिकारका बारेमा महिलाहरू अनभिज्ञ छन् । अझै पनि 'पति देवो भव', पतिलाई भगवानको स्वरुप मान्ने सामाजिक विकृतिको मारबाट उम्कन सकेका छैनन् । उनीहरूलाई हक-अधिकारबाट बन्चित गरिएको छ । तसर्थ महिलाहरूको वर्तमान अवस्थामा सुधार गर्नका लागि उनीहरूलाई विभिन्न वाह्य क्रियाकलापमा संलग्न गराइ राजनीतिमा सहभागी बनाउनु अहिलेको आवश्यकता हो । झण्डै ५१% जनसंख्या भएका महिलाहरूलाई जबसम्म राज्यका विविध क्रियाकलापमा सक्रिय सहभागी गराउन सकिंदैन तबसम्म देशमा आशातीत विकास पनि सम्भव छैन ।

## १.१ ऐतिहासिक पृष्ठभूमीः

सामान्य अर्थमा राजनीतिक सहभागिता भन्नाले चुनावमा भाग लिनु, मतदान गर्नु, चन्दा दिनु इत्यादि भन्ने बुझिन्छ । तर वृहत् अर्थमा राज्यसंचालनको कुनै पनि प्रक्रियामा सहभागी हुनुलाई नै राजनीतिक सहभागिता भनिन्छ । महिलाहरूको राजनीतिमा सहभागिताको इतिहास हेर्दा प्राचीन समयमा महिलाहरूलाई नागरिकको रुपमा नहेरी उपभोग्य वस्तुका रुपमा हेरिन्थ्यो । शक्ति विभाजन सिद्धान्तका प्रतिपादक फ्रेन्च दार्शनिक मन्टेस्क्युले हरेक नागरिकले मताधिकार पाउनु पर्ने कुरामा जोड दिएपनि केही विचारकहरूले महिलाहरूलाई मताधिकार दिनु हुँदैन भन्ने कुरामा जोड दिएको पाइन्छ । यिनीहरूका विचारमा महिलाहरूको कर्तव्य सन्तान पैदा गर्नु र उनीहरूको पालन पोषण गर्नु हो । महिलाहरूले राजनीतिक जीवनमा प्रवेश गर्दा गृहस्थ जीवनको रेखदेखमा कमी आउँछ, नारीहरूको नारी धर्म नै नष्ट हुन गई पारीवारीक कलह, मतभिन्नता आदीको आविर्भाव हुन्छ र अन्त्यमा सामाजिक संरचनामा नै कलंक लागदछ भन्ने राय पाइन्छ । तर पनि समयको परिवर्तनसगै महिलाहरूमा भएको चेतनाको अभिवृद्धिले विस्तारै आफ्ना अधिकारका बारेमा सँगठित रुपमा कुरा उठाउन थालेको पाइन्छ ।

प्रथम विश्वयुद्धका समयमा संयुक्त अधिराज्यमा महिलाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनीहरूको यही साहसी भूमिकाका कारण ई.स. १९१८मा ३० वर्षमाथिका महिलाहरूले मतदान गर्न पाउने व्यवस्था गरियो । पछि गएर ई.स. १९२८ मा पुरुष सरह महिलाहरूले पनि २१ वर्ष पुगेपछि मतदान गर्न पाउने भए । उता संयुक्त राज्य अमेरिकामा भने ई.स. १८४८ देखि नै महिलाहरू आफ्ना हक-अधिकारका लागि संघर्षरत थिए । तर पनि तत्कालीन अमेरिकी सरकारले उनीहरूका मागप्रति कुनै वास्ता गरेको थिएन । लगभग ७० वर्षपछि ई.स. १९१७मा अलिस पावेलको नेतृत्वमा पुनः महिलाहरूले आफ्ना

अधिकारका लागि आन्दोलन सुरु गरे र बाध्य भएर अमेरिकी सरकारले ई.स. १९१९मा संविधानको १९औं संशोधन गरी महिलाहरूलाई मताधिकार प्रदान गऱ्यो । फ्रान्समा ई.स. १९५५ र इटालीमा ई.स.१९४८ सम्म पनि महिलाहरूलाई मतदान गर्न पाउने अधिकार थिएन ।

नेपालको प्रसङ्गमा हेर्ने हो भने महिलाहरूको राजनीतिक सहभागिता राज्यको एकीकरणसँगै भएको देखिन्छ । बाइसे, चौबिसे राज्यमा विभक्त नेपालको एकीकरण गर्नका लागि होस् वा राष्ट्रिय अस्मिता र अखण्डता रक्षाको लागि नेपालका महिलाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । नेपालको इतिहास राजघरानियाँ महिलाहरूले राज्य संचालनका विविध कार्यका बारेमा प्रखर भएपनि सामान्य महिलाहरूको योगदान र सहभागिताका बारेमा भने मौन रहेको पाइन्छ । राजघरानियाँ महिलाहरू राजनीतिक रुपले सहभागी रहेको देखिन्छ । लिच्छविकालमा राजा मानदेवकी आमा राज्यवतीको राजनीतिमा महत्वपूर्ण स्थान रहेको पाइन्छ । उनले धर्मदेवको मृत्युपश्चात सती जाने चासो देखाउँदा सहयोग गर्नुपर्ने आवश्यकताले गर्दा सती जानबाट रोकेका थिए । यसरी लिच्छविकालमा रानी राज्यवतीको नाम राज्य संचालनमा उल्लेख रहेको देखिन्छ ।

यसरी नै मध्ययुगीन नेपालमा देवलदेवी, नायकदेवी, राजलदेवी साहसी एवं जोखिम उठाउनसक्ने रानीहरू थिए । मल्लकालमा सतीप्रथाको प्रचलन भएतापनि महारानी नायक देवीको प्रथम पति कुमार हरिश्चन्द्रको मृत्युमा उनी सती नगई जगतसिंहसँग दोस्रो विवाह गरी राज्यको उत्तराधिकारी राजल्लदेवीलाई जन्म दिएकी थिइन् । भादगाउँको राज्य स्वयं राजल्लदेवीले चलाउँथिन् ।

आधुनिक समयमा पनि राज्य प्रशासनको कार्यपालिका, व्यवस्थापालिका, न्यायपालिका सबै अङ्गहरू राजाकै हातमा हुने गर्दथ्यो र राजा पृथ्वीनारायणशाहकी रानी चन्द्रप्रभावती राज्यको दैनिक प्रशासन् कुशलतापूर्वक सञ्चालन गर्दथिन् ।

नेपाली महिलाहरूले राज्य सञ्चालनका साथ-साथै देशको राष्ट्रियताको सवालमा पनि महत्वपूर्ण योगदान गरेको पाइन्छ । उनीहरूले बेलायती साम्राज्यवादसँगको युद्धमा बहादुरीका साथ लडेर आफ्नो वीरता प्रर्दशन गरेका थिए । विशेषगरी नालापानी र काँगडाको युद्धमा इन्द्रेणी थापा र साबित्री देवीजस्ता देशभक्त महिलाहरूको नेतृत्वमा लडेका युद्ध ज्यादै प्रेरणादायी रहेका थिए । वि.सं. १८७१मा भएको नालापानीको युद्धमा लडेको नेपाली महिलाहरूको वीरताका बारेमा कप्तान विन्सिटार्टले उल्लेख गरेका छन् । अंग्रेजी तोप-गोलीको अनवरत वर्षाका बीच पनि नेपाली महिलाहरू कोतको पर्खालमा निर्भीक भएर उभिई शत्रुउपर पत्थरको वर्षा गरिरहेको धुँवाको मुस्लो हटेको बखत देखिन्थ्यो । पछि भत्केका पर्खालहरूको बीचमा अनेक स्त्रीहरूका घायल शरीर र लासहरू पनि भेटिएका थिए । यसरी नालापालीको युद्धमा नेपाली महिलाहरूले बहादुरीका साथ लडेर वीराङ्गनाको परिचय दिएका थिए ।[1]

इतिहासमा नायवी भूमिकामा महारानी राजेन्द्र लक्ष्मीको पनि नाम उज्ज्वल रहेको छ । उनले आफ्ना नाबालक छोरा रणबहादुर शाहको नायवीको रुपमा कुशलतापूर्वक राज्य संचालन गरेकी थिइन् । उनको राज्य शासनकालमा राज्य विस्तार गर्ने कार्य समेत भएको

[1] *बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रुपरेखा, बाराणसी, २०२२, पृष्ठसंख्या २६०*

थियो । सेनासँगठनमा भएको उनको दक्षताका कारण कास्की, नुवाकोट, लमजुङ्ग आदीमाथि विजय प्राप्त भएको थियो । यसरी नै श्री ५ राजेन्द्रविक्रम शाहकी जेठी रानी साम्राज्यलक्ष्मी देवीले पनि शासनको सर्वाधिकार प्राप्त गरेकी थिइन् भने उनकी कान्छी महारानी राज्यलक्ष्मी देवीले राज्यको सम्पूर्ण अधिकार ग्रहण गरी राज्य संचालन गरेकी थिइन् । यसरी महिलाहरूले राज्य संचालन गरिरहेकै अवस्थामा राज्यलक्ष्मी देवीको हातमा शासन् अधिकार पुगेपछि बालनरसिंह कुँवरकी कान्छी पत्नीका जेठा छोरा जङ्गबहादुर कुँवर (राणा)ले कोतपर्व र भण्डारखाल पर्वको हत्याकाण्ड पश्चात् एकछत्र अधिकार प्राप्त गरी आफ्नो र छोराहरूको एकलौटी अधिकार जमाएका थिए । त्यस पश्चात महिलाहरूले राज्य संचालनमा उल्लेखनीय कार्य गरेको पाँइदैन । १०४ वर्षे जहानियाँ राणा शासनको समयमा महिलाहरू केवल चुलोचौको र एक उपभोग्य वस्तुका रुपमा हेरिए ।

वि.सं. २००७ सालमा १०४ वर्षे राणा शासनको अन्त्यसँगैं नेपालमा महिलाहरू राजनीतिक रुपमा सहभागी भएको देखिन्छ । अहिले जसरी राजनीतिक सहभागितालाई बुझिन्छ सो अनुसार नेपालमा महिला सहभागिता वि.सं. २००९ सालमा भएको नगरनिर्वाचनदेखि श्रीगणेश भएको देखिन्छ । उक्त नगर निर्वाचनमा साहना प्रधान सदस्यका रुपमा निर्वाचित भएकी थिइन् । वि.सं. २०१५ सालमा कूल १०९ संसदीय स्थानका लागि भएको पहिलो आमनिर्वाचनमा केवल एकजना महिला द्वारिकादेवी चन्द ठकुरानी डँडेलधुराबाट निर्वाचित भएकी थिइन् भने २०३८ सालमा भएको पञ्चायतकालीन आमनिर्वाचनमा संसदको कूल ११२ सांसदीय स्थानमध्ये दुईजना महिला श्रीमती भद्राकुमारी घले (सिन्धुली) र नानीमैयाँ दाहाल (काठमाण्डौ)बाट निर्वाचित भएका थिए । त्यसैगरी २०४३ सालको आमनिर्वाचनमा पनि जम्मा २ जना महिलाहरू क्रमशः श्रीमती शारदा मल्ल (धनुषा) र श्रीमती लक्ष्मी सिंह (सर्लाही) विजयी भएका थिए । २०४६ सालमा भएका ऐतिहासिक जनआन्दोलनको उपलब्धि स्वरुप ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य भयो र देशमा प्रजातन्त्रको बहाली भयो । नेपालमा वि.सं.२०४८ मा प्रजातान्त्रिक आम निर्वाचन भएको थियो । उक्त आमनिर्वाचनमा कूल २०५ संसदीय स्थानमध्ये जम्मा ७ जना महिलाहरू गरिमामय संसदमा जनप्रतिनिधिका रुपमा निर्वाचित भएका थिए । वि.सं. २०५१मा भएको मध्यावधि निर्वाचनमा पनि केवल ७ जना महिलाहरू निर्वाचित भएका थिए भने वि.सं. २०५६मा भएको आमनिर्वाचनमा १२ जनामहिलाहरू निर्वाचित भएका थिए । १०वर्षे जनयुद्धपश्चात् भएको जनआन्दोलन-२ द्वारा देशमा गणतन्त्रात्मक शासन् प्रणाली कायम भएको छ । २४० वर्षसम्म एकछत्ररुपमा शासन् सञ्चालन गर्दै आएको राजतन्त्रको अन्त्य भएको छ । गणतन्त्रात्मक शासन् प्रणाली अन्तर्गत भएको संविधानसभा २०६४ मा कूल ६०१ जना सभासद्का लागि भएको प्रत्यक्ष र अप्रत्यक्ष (समानुपातिक) निर्वाचनमा प्रत्यक्षतर्फ ३० जना र समानुपातिकतर्फ १६१ जनागरी जम्मा १९६ जना महिलाहरू निर्वाचित भएका छन् ।

## १.१.१ संवैधानिक व्यवस्था :

नेपालको राजनैतिक इतिहासमा महिलाहरू राज्यको एकीकरणसँगै सहभागी हुँदै आएका छन् । संवैधानिक रुपमा महिलाहरूलाई कुनै समयमा पनि मताधिकारबाट बञ्चित गरिएको पाँइदैन । आदी देखि वर्तमानसम्म महिलाहरूले आफ्नो मताधिकार प्रयोग गर्दै आएका छन् । नेपालमा महिला सहभागिताको लागि कानुनीरुपमै थोरैमात्र प्रतिशतमा भएपनि सुनिश्चिता गरेको पाइन्छ । सुरुदेखि नै महिलाहरूलाई राजनीतिमा कुनैपनि भेदभाव र प्रतिबन्ध कानुनत नलगाएपनि व्यवहारमा भने लागू भएको पाइँदैन । महिलाप्रतिको सामाजिक विभेदले सधै महिलाहरूलाई दोस्रोदर्जाको नागरिकको रुपमा उभ्याएको पाइन्छ । विभिन्न

समयमा संवैधानिक रुपमा महिला प्रतिनिधित्वको लागि गरिएको व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क. २०३६ सालपछि पञ्चायती व्यवस्थामा स्थानीय निकायहरूमा (गा.प., न.प.,जि.प.) महिला प्रतिनिधित्व अनिवार्य गराइएको ।
ख. वि.सं. २०४६ साल, जनआन्दोलनको सफलतापछि निर्माण गरिएको संविधान २०४७ को धारा ११४ ले प्रतिनिधि सभामा दलले उठाएको उम्मेदवारको अनिवार्य ५% महिलाहरू हुनुपर्ने व्यवस्था गरेको तथा धारा ११(३)मा महिलाहरूको विशेष व्यवस्था गर्ने भन्ने पाइन्छ ।
ग. स्थानीय स्वायत्त शासन् ऐन २०५५ले स्थानीय निकायमा महिला प्रतिनिधित्व अनिवार्य गरेको पाइन्छ ।
घ. वि.सं. २०६३ जेष्ठ १६ गते बसेको संसदले कम्तीमा ३३% महिला सहभागिता राज्यको हरेक निकायमा सुनिश्चितता गरेको पाइन्छ ।

नेपालको राजनीतिमा महिलाहरूको राजनीतिक इतिहास लामो र जतिसुकै संवैधानिक कानुनी प्रावधानको व्यवस्था गरिएपनि वर्तमान अवस्थासम्म आइपुग्दा सार्वजनिक नीति निर्माण तथा राज्य सञ्चालनका विविध पक्षमा जुन स्थान महिलाहरूको हुनुपर्ने थियो त्यो भएको पाइँदैन ।

मुलुकमा अहिले ऐतिहासिक परिवर्तन भएको छ । परम्परागत रुपमा २४० वर्षसम्म नेपालमा जरो गाडेको एकतन्त्रीय राजतन्त्रको अन्त्य भएको छ । लामो समयसम्म थाँतिरहेको नपाली जनताको परिवर्तनको चाहाना पूरा भएको छ । यसको श्रेय मूलतः सम्पूर्ण नेपाली जनतालाई जान्छ । परम्परागत राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने क्रममा हजारौं नेपाली नरनारीहरूले सहादत प्राप्त गरे । यिनै ज्ञात-अज्ञात सहिदहरूको वलिदानी र नेपाली जनताको संघर्षबाट प्राप्त गणतन्त्रात्मक शासनलाई नेपालीहरुकै उच्चतम र महत्वपूर्ण सम्पतिको रुपमा संरक्षण गरी प्रयोग गर्नु हामी सबैको कर्तव्य हुन गएको छ ।

राजनीतिक व्यवस्था लोकतान्त्रिक मात्र भएर पुग्दैन, लैङ्गिक समानतामूलक र समावेशी पनि हुनु जरुरी छ । यो नहुँदा देशमा सामाजिक तथा आर्थिक विकास भएपनि लैङ्गिक हिसाबले महिला, दलित एवं जनजातिहरू राज्यको मूलप्रवाहबाट बाहिर पर्दछन् । अतः राज्य संचालन प्रक्रियामा महिला सहभागिता अनिवार्य हुनुपर्दछ । आधाभन्दा बढी जनसंख्या भएको महिलाहरूलाई राज्य संचालनका विविध पक्षमा समावेश गराउन सकिएन भने मुलुकले आशा गरे अनुसार विकास गर्न असम्भव छ तथा नयाँ नेपाल निर्माण गर्ने सपना अधुरै रहने छ । राजनीतिक प्रक्रियामा सहभागी हुनु नागरिकको अधिकारमात्र होइन कर्तव्य पनि हो । लोकतन्त्रको मुटु नै नागरिकको सक्रिय सहभागिता हो तथा राजनीतिक क्रियाकलापमा महिला सहभागिता अझ बढी आवश्यक छ ।

कतिपय विकसित मुलुकहरूमा पनि राष्ट्र प्रमुखको तथा सरकार प्रमुखको पदमा अझै पनि महिलाहरू पुग्न सकेका छैनन् । यो भन्नुको अर्थ हाम्रो जस्तो अति कम विकसित मुलुकका महिलाहरू झन् कसरी पुग्न सक्छन् भन्नु पक्कै होइन । अविकसित भए पनि महिलाहरूको राजनीतिक सहभागिताको लागि प्रयास भने गरिरहनु पर्छ । नेपाली महिलाहरूको राजनीतिक सहभागिता विशेष गरी चुनावी निकै कम छ जसको उदाहरण गत चैत्र २८ गते सम्पन्न संविधानसभाको निर्वाचनमा उम्मेदवार भएका महिलाहरूको संख्यालाई लिन सकिन्छ । कूल

२४० स्थानको लागि उम्मेदवार भएका कूल ३९४७ मध्ये ३५८० पुरुष थिए भने जम्मा ३६७ महिलाले मात्र उम्मेदवारी दिएका थिए । नेपालको जनगणना २०५८ अनुसार कूल २,२१,५१,४२३ मध्ये १,१५,८७,५०२ अर्थात् ५०.०४% महिला र ४९.९६% अर्थात् १,१५,६३,९२१ पुरुष रहेका छन् ।[४] तसर्थ यस सम्बधि जानकारी लिने दिने उद्देश्यका साथ अध्ययन अनुसंन्धान गर्ने कोसिस गरिएको छ, ।

## १.२ समस्याको कथन:

नेपालको सन्दर्भमा महिलाहरूको राजनीतिक सहभागिता कम देखिन्छ भने संविधान निर्माणमा उनीहरूको भूमिका शुन्य छ । जसको पुष्टि विभिन्न समयमा संविधान निर्माणार्थ गठित समितिमा महिलाहरूको प्रतिनिधित्व नहुनुले गर्दछ । यसै कारण अहिलेसम्म पनि आशातीत रुपमा महिलाहरूको अवस्थामा सुधार आउन सकेको छैन भने उनीहरू आफ्ना हकअधिकारबाट पनि वञ्चित भएको अवस्था छ । राज्य संचालनका विविध प्रक्रियामा तथा निर्णय-निर्माण गर्ने ठाउँमा महिलाहरूको उपस्थिति ज्यादै न्यून छ । यही परिवेशमा यस अनुसन्धान अन्तर्गत निम्न उत्सुकता वा समस्याहरूको समाधानका उपायहरू खोजी गर्ने कोसिस गरिने छ ।

- नेपालका महिलाहरूको राजनीतिक सहभागिताको स्थिति कस्तो छ ?
- राजनीतिमा महिला सहभागितालाई प्रभाव पार्ने तत्त्वहरू के हुन्?
- महिलाहरूको सहभागिता बढाउन राज्यद्वारा के कस्ता प्रयासहरू गरिएका छन् ?
- कसरी महिला राजनीतिक सहभागिता अभिवृद्धि गर्न सकिन्छ ?

## १.३ शोधपत्रको उद्देश्य:

- यस अनुसन्धानमा विशेष गरी महिलाहरूको राजनीतिक सहभागिताको अवस्थाको बारेमा अध्ययन गरी उनीहरूलाई राज्य संचालन मूलधारमा कसरी ल्याउन सकिन्छ भन्ने उपायहरूको खोजी तथा चर्चा गरिने छ । संख्याको आधारमा पुरुषभन्दा बढी संख्यामा भएका महिलाहरू आर्थिक, सामाजिक, शैक्षिक र कानुनीरुपमा पीडित रहेको अवस्थामा यस अनुसंन्धानबाट उनीहरूको सहभागिताका बारेमा निम्न उत्सुकताहरू समाधान हुने विश्वास गरिएको छ ।

- नेपालको सन्दर्भमा महिला राजनीतिक सहभागिताको अवस्थाका बारेमा जानकारी दिने ।
- राजनीतिमा महिला सहभागितालाई प्रभाव पार्ने तत्त्वहरूका बारेमा खोजी गर्ने ।
- महिला सहभागिता वृद्धिका लागी भएका प्रयासहरूको खोजी गर्ने ।
- राज्य संचालनका विविध पक्षमा महिला प्रतिनिधित्व अभिवृद्धि गर्ने उपायहरूको खोजी गर्न ।

[४] *निर्वाचन आयोग संविधान सभा निर्वाचन २०६४, परिणाम पुस्तिका*

## १.४ शोधपत्रको औचित्य र महत्व:

मानव सभ्यताको विकास क्रमको आधारमा आदी कालदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका घर, परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगतका महत्वपूर्ण अङ्ग हुन महिला । हाम्रो परम्परागत समाजले जीवनका विभिन्न क्षेत्रहरूमा पुरुषभन्दा महिलालाई पछाडि पारिदिएको छ । यही पुरातन रुढिवादी समाजका कारणले महिलाहरूलाई राजनीतिक फाँटमा निर्णय निरुपणकर्ताको रुपमा पुग्न दिएन । आर्थिक दृष्टिकोणले पनि पुरुषप्रधान समाजमा जहिले पनि दोस्रो दर्जाको हैसियतमा बस्नुपर्ने बाध्यता भइरहन्थ्यो र शिक्षा दीक्षा तथा चेतनाको स्तरमाथि उठ्न सकेन ।

अब पनि महिलाहरूलाई नारीरत्न, उत्तम वाणीशील सौन्दर्यसम्पन्न नारी, गुणवती नारी अथवा नारीश्वरको रुपमा अलमलिएर बस्ने हो भने आशातीत रुपमा देशको सामाजिक, आर्थिक तथा राजनीतिक स्थितिमा सुधार ल्याउन सकिने देखिदैन । कूल जनसंख्याको ५०.०४% महिलाहरूलाई जबसम्म राजनीतिक रुपमा सचेत गराउन सकिंदैन तबसम्म उनीहरूको सहभागिता अभिवृद्धि गर्न असम्भव प्रायः छ ।

प्रस्तुत शोधपत्रको शीर्षकमा "नेपालमा महिलाहरूको राजनीतिक सहभागिता" राखिएको छ । नेपाली राजनीतिमा महिलाको भूमिका वृद्धि कसरी गर्न सकिन्छ र उनीहरूको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थामा सुधार कसरी गर्न सकिन्छ भनी चासो राख्ने जो कसैलाई पनि स्पष्ट र विश्लेषणात्मक जानकारी गराउन यस शोधपत्रले धेरथोर सहयोग पुऱ्याउने विश्वास गरिएको छ । विशेषत यस शोधपत्रले निम्न क्षेत्र र वर्गलाई देहायबमोजिम सहयोग पुऱ्याउने छ ।

### क) राज्यको नीति निर्माणमा :

आधाभन्दा बढी जनसंख्या महिलाहरूको भएको नेपालमा जबसम्म महिलाहरू राजनीतिक रुपमा सचेत हुँदैनन् र राज्यका विविध पक्षमा आफ्ना सहभागिता जनाउँदैन्न तवसम्म राज्यले अपेक्षाकृत गति लिन सक्ने देखिदैन । यस शोधपत्रमा महिलाहरूलाई राजनीतिक रुपमा सहभागी गराउने तथा राज्यको मूलप्रवाहमा समावेश गराउने उपायका बारेमा चर्चा गरिएकोले राज्यको भावी नीतिनिर्माणमा यसले सहयोगी भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ ।

### ख) जनसाधारणहरू:

सर्वसाधारणहरूलागि नेपालमा महिलाको राजनीतिक, सामाजिक, आर्थिक अवस्थाका बारेमा तथा सामाजिक लैङ्गिक विभेदले महिलाहरूमाथि पारेको प्रभावका बारेमा जानकारी दिने विश्वास गरिएको छ ।

### ग) शिक्षक तथा विद्यार्थीहरू:

महिलाहरूका विविध पक्षमा अध्ययन गर्न चाहने शिक्षक तथा विद्यार्थीहरूलाई यस शोधपत्रले नेपाली महिलाहरूको लिच्छविकालीन, मध्ययुगीन, आधुनिक नेपालमा र

विभिन्न आमनिर्वाचनमा राजनीतिक सहभागिताको बारेमा जानकारी दिनका साथै महिला सहभागिताको आवश्यकता, चुनौती र तीनको समाधानका बारेमा सहयोगी भूमिका अदा गर्ने विश्वास गरिएको छ ।

## १.५ पूर्व साहित्यको समीक्षाः

प्रस्तुत विषयमा विभिन्न विद्वानहरूले अध्ययन अनुसन्धान गरेको पाइन्छ । जसमध्ये यहाँ शिवमाया तुम्वाहाम्फेद्वारा लिखित "नेपालमा महिला आन्दोलन" दिदीबहिनी/युनिफेमद्वारा प्रकाशित "राजनीतिमा समानुपातिक महिला सहभागिताका लागि कार्यपुस्तिका र संविधान सभा निर्वाचन २०६४ लाई आधार बनाइएको छ । उक्त कृतिहरूमध्ये नेपालमा महिला आन्दोलनमा बिक्रम सम्वत् २००४ देखि वि.सं. २०४६ सालसम्म भएका महिला आन्दोलनका बारेमा उल्लेख गरेको पाइन्छ भने राजनीतिमा समानुपातिक महिला सहभागिताका लागि कार्य पुस्तिकामा विगतका राष्ट्रिय सभा र प्रतिनिधि सभामा महिला प्रतिनिधित्वको तुलनात्मक स्थिति र राज्यसंचालनमा महिलाको भूमिका बढाउने उपायका बारेमा चर्चा गरिएको छ । त्यसै गरी नेपालका महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक स्थिति, महिला राजनीतिक सहभागिता, राजनीतिक सहभागिताको अर्थ र संविधान निर्माणमा महिलाले खेल्नुपर्ने भूमिकाका बारेमा विभिन्न विद्वान्हरूका लेख, रचना र अवधारणाहरू लिखित रुपमा प्रकाशित भए पनि एकीकृत रुपमा हुन नसकेका त्यस्ता अवधारणाहरूलाई विश्लेषण गरी प्रस्तुत गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ ।

यस शोधपत्रमा 'महिलाहरूको राजनीतिक सहभागिता' शीर्षक अन्तर्गत उनीहरूका आर्थिक, सामाजिक, राजनीतिक र लैङ्गिक विभेदका बारेमा यर्थाथपरक अनुसन्धान गरी राजनीतिक सहभागिता अभिवृद्धिका उपायहरू एकीकृत रुपमा प्रस्तुत गर्ने प्रयास गरिएकोले यो शोधपत्र माथि उल्लेखित विद्वान्हरूका अनुसन्धानभन्दा बढी वस्तुपरक हुने विश्वास गरिएको छ ।

## १.६ अध्ययनको क्षेत्र तथा सीमा :

१) महिलाका बारेमा सामान्य परिचय तथा आदीदेखि वर्तमानसम्मको सामाजिक परिवेशमा महिलापुरुषविचको विभेदका बारेमा चर्चा गरिएको छ।

२) लिच्छविकालदेखि जनआन्दोलन-२, २०६३ सम्म भएका महिला आन्दोलनका बारेमा उल्लेख गरिएको छ ।

३) राजनीतिक सहभागिताको अर्थ र परिभाषाको बारेमा चर्चा गरिएको छ ।

४) संविधान सभा २०६४मा निर्वाचित र मनोनित महिलासभासदको संख्याको आधारमा महिला राजनीतिक सहभागिताको तुलनात्मक विश्लेषण गरिएको छ ।

५) निर्वाचन प्रक्रियाका बारेमा चर्चा गरिएको छ ।

## १.७ अध्ययनको विधि :

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मूलरुपमा पुस्तकालय अध्ययनबाट अधिकांश सामग्रीहरू संकलन गरिएको छ भने केही तथ्याङ्कहरू प्राथमिक स्रोतबाट संकलन गरिएका छन् । अनुसंन्धानलाई वस्तुनिष्ठ र आधिकारिक बनाउनका लागि विभिन्न विद्वान्हरूका लेख, रचना, पुस्तक, अभिव्यक्तिहरू र अवधारणाहरूको अध्ययन गरिएको छ । शोधपत्र लेखनमा विशेष गरी वर्णनात्मक, विश्लेषणात्मक र तुलनात्मक अध्ययन विधि अवलम्बन गरिएको छ।

## १.८ संरचनात्मक ढाँचा :

यो अनुसन्धानलाई ६ भागमा विभाजन गरिएको छ जसमा पहिलो भाग विषय परिचय हुने छ , दोस्रो भागमा राजनीतिक सहभागिताको अर्थ हुनेछ, तेस्रो भागमा नेपालमा महिला राजनीतिक सहभागिताको स्थिति, चौथौ भागमा राजनीतिक सहभागिता न्यून हुनका कारणहरू, पाँचौ भाग देखा परेका समस्या समाधानका बारेमा छ भने छैटौं भागमा सारांश समेटिएको छ ।

# परिच्छेदः २

## २. राजनीतिक सहभागिताको सैद्धान्तिक पक्ष

## २.१ अर्थ र परिभाषा

जुनसुकै राजनीतिक प्रणालीको जीवन्तताको सबैभन्दा बलियो आधार भनेको उक्त प्रणालीमा नागरिकहरूको सहभागिता हो । राजनीतिक प्रणालीको सफलता-असफलता पनि त्यसले जुटाउन सकेको जनसहभागिताले नै निर्धारण गर्दछ । कुन राजनीतिक प्रणाली कति जनमुखी छ अथवा प्रजातान्त्रिक छ भन्ने कुराको मापन पनि जनसहभागिताकै आधारमा गर्न सकिन्छ ।

सामान्य अर्थमा राजनीतिक सहभागिता भन्नाले मतदान गर्नु प्रचार-प्रसार गर्नू, चुनावमा भाग लिनु, चन्दा दिनु, उम्मेदवारी दिनु आदी राजनीतिक क्रियाकलापमा संलग्न हुनुलाई भन्ने बुझिन्छ । राजनीतिक सहभागितालाई विस्तृत रुपमा बुझ्नका लागि निम्न विद्वान्हरूको भनाइ र मतलाई विश्लेषण गर्न जरुरी छ ।

### २.१.१ माइरन वेनरको मत

माइरन वेनरको विचारमा "आफ्नो नेता रोज्ने र सार्वजनिक नीतिको निर्माण र सञ्चालनमा प्रभाव पार्ने नागरिकहरूको सँगठित प्रयासलाई राजनीतिक सहभागिता भनिन्छ" ।[३] यस परिभाषालाई गहिरिएर अध्ययन गर्ने हो भने वेनरले सहभागिताको सन्दर्भमा निम्न २ वटा कुरामा जोड दिएको देखिन्छ ।

(क) राजनेताहरूको रोजाइमा नागरिकहरूको सँगठित प्रयास ।

(ख) सार्वजनिक नीतिहरूको निर्माण र सञ्चालनमा नागरिकहरूको सँगठित प्रयास ।[४]

कुनै पनि राजनीतिक प्रणालीमा राजनीतिक गतिविधिको केन्द्रविन्दु उक्त राजनीतिक प्रणालीलाई संचालन गर्ने राजनीतिक नेतृत्वको चयन गर्नु नै हो । यस कार्यमा नागरिकहरूले भाग लिनु नै उनीहरूको राजनीतिक सहभागिता हो । राजनेताहरूको छनौट गर्ने प्रक्रिया भन्नाले अधिकांस राजनीतिक प्रणालीहरूमा आम निर्वाचन नै हो । राजनीतिक नेतृत्व छनौटको लागि चुनाव-प्रचार प्रसार, राजनीतिक छलफल, चन्दा प्रदान, उम्मेदवारी, मतदान आदी कार्यमा नागरिकहरूको सहभागिता नै राजनीतिक सहभागिता हो । यिनै क्रियाकलापहरूमा नागरिकहरूको कुन हदसम्म संलग्नता छ, त्यसले नै राजनीतिक प्रणालीमा सहभागिता कति मात्रामा छ भन्ने कुराको निर्धारण गर्दछ।

राजनीतिक नेतृत्वको लागि नेताको छनौट जस्तै राजनीतिक प्रणालीको अर्को महत्वपूर्ण पाटो जनजीवनलाई असर पार्ने नीतिहरूको निर्माण र तिनको कार्यान्वयन हो । तसर्थ यही नीति या निर्णय- निर्माण प्रक्रिया र तिनको संचालनमा नागरिकहरूले कति हदसम्म र कस्तो

---

[३] Myron Weiner, Political participation and political development, 1996, Pg-224

[४] Myron Weiner, Political participation and political development, 1996, Pg-224

भूमिका खेल्न पाउँछन् भन्ने कुरा राजनीतिक सहभागिताको निर्णायक कारक हो । उदाहरणकालागि राजनीतिक नेतृत्वको चयनका लागि हुने दौडबाजीमा नागरिक बिना रोकटोक भाग लिन पाउँछन् कि पाउँदैनन्, आफ्नो वर्गीय पेशागत हकहितलाई सुरक्षित गर्न नागरिकले हितसमूहहरू बनाउन र निर्णय-निर्माताहरूमाथि दबाब दिन पाउँछन् कि पाउँदैनन्, समान राजनीतिक दलको निर्माण गर्न तथा शासक बन्ने प्रक्रियामा भाग लिन एवं राजनीतिक विरोध गर्न पाउँछन् कि पाउँदैन्न । यी प्रश्नहरूको राजनीतिक सहभागितामा महत्वपूर्ण भूमिका छ । यदि व्यक्तिले चुनाव लड्ने, हित या दबाब समूहको गठन र सञ्चालन गर्ने, राजनीतिक दल खोल्ने आफ्नो मत प्रचार गर्ने र राजनीतिक विरोधको मौका कुनै राजनीतिक प्रणाली अन्तर्गत पाउँछ भने उसले स्वाभाविक रुपमा सार्वजनिक नीति-निर्माण र त्यसको सञ्चालनमा सङ्गठित प्रयास गर्न सक्छ । यसर्थ नागरिकहरूले चुनाव लड्नु, सरकारी नीतिहरूलाई प्रभावित गर्न हित या दबाब समूहको माध्यमबाट प्रयत्न गर्नु, राजनीतिक दलहरूको माध्यमबाट नीति निर्माण एकाइमा प्रवेशका लागि सङ्गठित प्रयास गर्न पाउनु र गलत सरकारी कार्यक्रम या नीतिहरूको विरोध गर्नुलाई नै राजनीतिक सहभागिता भनिन्छ ।

जनसहभागिताको नाममा नेताहरूको भाषण या आम सभामा हजारौ संख्यामा स्रोताहरू जुटाएको देखिन्छ तथा कैयौ विवादहरूमा जनबलको भरमा उत्तेजनापूर्ण जुलुस निकालेको र हुलदंगा, तोडफोड आदि गरेको देखिन्छ । यस किसिमको क्रियाकलापलाई राजनीतिक सहभागिता भनिदैन यो त ठालुद्वारा आफ्नो स्वार्थपूर्तिका लागि गरिएको जनपरिचालन मात्र हो । त्यसैले राजनीतिक रुपमा सचेत नभई कसैको लहै-लहैमा लागेर गरिएको क्रियाकलापलाई राजनीतिक सहभागिता भन्न मिल्दैन । जनताले राजनीतिक प्रणालीप्रति सचेत भएर आफ्ना अधिकार र कर्तब्यको सक्रिय रुपमा प्रयोग गर्नु नै वास्तविक अर्थमा राजनीतिक सहभागिता हो ।

## २.१.२. रबर्ट ए. दाहलको मत

रबर्ट ए दाहलले आफ्नो Modern Political Analysis भन्ने पुस्तकमा राजनीतिप्रति व्यक्तिको रुचि अरुचि एवं लगाव र उदासीनताको बारेमा गहन विवेचना गरेका छन् । उनले सम्पूर्ण मानव समाजलाई राजनीतिप्रति रुचिका आधारमा निम्न २ तहमा विभाजन गरेका छन् र यस्तो प्रवृत्ति पछाडि अन्तर्निहित कारणहरू पनि किटान गरेका छन् ।

### (क) राजनीति उदासीन तहः

राजनीतिक समाजको नागरिकहरूको त्यो तह जुन राजनीतिक क्रियाकलापमा सहभागी हुन रुचाउँदैन त्यसलाई राजनीतिक उदासीन तह भनिन्छ । दाहलका अनुसार राजनीतिक उदासिनताका कारणहरू यस प्रकार छन् ।

- अन्य मानव क्रियाकलापको अपेक्षा र राजनीतिमा लाग्दा पाइने फाइदालाई यदि व्यक्तिले कम ठानेमा
- आफ्नो अगाडि उपस्थित विकल्पहरूको बीचमा कुनै उल्लेखनीय अन्तर पाएन भने र जुन विकल्प रोजे पनि उस्तै भन्ने ठानेमा ।
- आफू राजनीतिमा लागेपनि त्यसको परिणाममा कुनै उल्लेखनीय परिवर्तन ल्याउन सकिदैन तसर्थ जे गरेपनि केही फरक पर्दैन भन्ने लागेमा ।

- आफू सरिक नभएपनि परिणाम सन्तोषजनक नै हुन्छ भन्ने लागेमा ।
- आफूमा ज्ञानको कमीका कारण आफ्नो सहभागिता प्रभावकारी हुँदैन भन्ने ठानेमा ।
- राजनीतिमा लाग्ने बाटाहरूमा बाधाहरू धेरै भएमा ।[5]

**(ख) राजनीतिक तह:**


राजनीतिक समाजको त्यो समूह जो राजनीतिक क्रियाकलापमा भागलिन रुचाउँछ र भाग लिन्छ त्यसलाई राजनीतिक तह भनिन्छ । दाहलले तहभित्र पनि दुई उप-तहको उल्लेख गरेका छन ती हुन:

१) शक्ति आकांक्षी
२) शक्तिशाली ।[6]

व्यक्ति राजनीतिमा किन लाग्छ वा सहभागी बन्दछ भन्ने बारेमा उनले तल उल्लेखित कारणहरू दिएका छन् ।

- व्यक्तिले राजनीतिमा लाग्दा पाउन सकिने पुरस्कारलाई बढी महत्व दियो भने ।
- विकल्पहरू महत्वपूर्ण छन् भन्ने लाग्यो भने ।
- परिणामलाई बदल्न सक्छु भन्ने विश्वास भयो भने ।
- आफू अघि नसरे परिणाम अझ असन्तोषजनक हुन्छ भन्ने लाग्यो भने ।
- प्रस्तुत प्रश्नबारे आफूसँग बढी ज्ञान र सीप छ भन्ने लाग्यो भने ।
- बन्धनहरू कम छन् भने ।

रबर्ट ए दाहलको राजनीतिक प्रति रुचि र अरुचिका बारेको मतलाई निम्न चित्रबाट अझ प्रष्टसँग उल्लेख गर्न सकिन्छ ।[7]




राजनीतिक तहका ती व्यक्तिहरू जो अरुभन्दा बढी जोडतोडकासाथ राजनीतिमा सक्रिय हुन्छन् र शक्ति प्राप्त गर्न प्रयत्नशील हुन्छन् तिनलाई शक्ति आकांक्षी भनिन्छ । यिनीहरू सरकारले लागू गर्ने नीति, नियम तथा निर्णयहरूलाई प्रभावित गर्नको लागि शक्तिको आकांक्षा गर्दछन् । शक्तिको आकांक्षा राख्ने सबैले शक्ति प्राप्त गर्न सक्दैनन् तसर्थ जो शक्ति प्राप्त गर्न सक्षम हुन्छन् तिनलाई शक्तिशाली भन्दछन् ।

---

[5] रर्बट ए दाहल, आधुनिक राजनीतिक विज्ञान, पेज ८५

[6] कृष्ण पोखरेल आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध, २०५७ पेज १७९ मा उद्दृत

[7] कृष्ण पोखरेल आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध, २०५७ पेज १८० मा उद्दृत

## २.२. राजनीतिक सहभागिताको किसिमः

कुनै पनि राजनीतिक प्रणालीमा जनताको आर्थिक, सामाजिक, शैक्षिक अवस्था, राजनीतिक जागरण तथा रीतिरिवाज-परम्परा इत्यादिले राजनीतिक सहभागितालाई प्रभाव पारेको हुन्छ । साधारणतया सहभागिताको त्यो समूह जसले मतदान गर्छ, आमसभा तथा समारोहमा भाग लिन्छ, चन्दा दिन्छ र राजनीतिक नेताहरूसँग भेटघाट गर्छ त्यसलाई सामान्य सहभागी भनिन्छ भने जसले राजनीतिक दलको सदस्यता लिन्छ, मतदाता जम्मा गर्ने काम गर्छ, भाषण गर्छ, प्रचारमा सरिक हुन्छ एवं सार्वजनिक पदको लागि हुने दौडबाजीमा सहभागी हुन्छ त्यसलाई सक्रिय सहभागी भनिन्छ । तर जहाँसम्म राजनीतिक सहभागिताको वर्गीकरणको प्रश्न आउँछ , मोटामोटी रुपमा यसलाई तीन भागमा बाँडिएको छ ।

*१) जन सहभागिता*
*२) सीमित सहभागिता*
*३) असहभागिता* [६]

### २.२.१. जनसहभागिता

जुन राजनीतिक प्रणालीमा नागरिकहरू आगत- निर्गत लगायत प्रणालीका सबै क्रियाकलापबारे जानकारी राखी नीति निर्माण प्रक्रियालाई प्रभावित गर्न उन्मुख हुन्छन्, यसलाई नै जनसहभागिता भनिन्छ । जन सहभागिताको लागि आर्थिक सम्पन्नता राजनीतिक जागरुकता तथा राजनीतिक प्रणालीद्वारा सहभागिताको अवसरको आवश्यकता पर्दछ ।

### २.२.२. सीमित सहभागिता

कतिपय समाजशास्त्रीहरूले जनसहभागितालाई नै सीमित सहभागिता हो भनी तर्कसँगत ढङ्गले खण्डन गरेका छन् । जस्तोसुकै समाज (विकसित वा अविकसित) र राजनीतिक प्रणाली भए पनि यर्थाथमा राजनीतिक फाइदा लिने निश्चित वर्ग हुने भएकोले यो सीमित सहभागिता हो भन्ने उनीहरूको भनाइ छ । मोस्का, परेटो, ग्यासेट, सी. राइट मिल्स र लासवेल जस्ता समाजशास्त्रीका अनुसार समाजका लागि आवश्यक मानिने प्रमुख निर्णयहरू समाजमा विद्यमान जनसंख्याको एउटा सानो समूहले गर्ने गर्दछ । तसर्थ जनसहभागिता एक आदर्श परक अनुकल्पना मात्र हो र यथार्थमा यो सीमित सहभागिता हो ।

### २.२.३. असहभागिता

सक्रिय राजनीतिक भूमिकाबाट अलग रहनु नै राजनीतिक असभागिता हो । आर्थिक तथा सामाजिक दृष्टिले पछिडिएको व्यक्ति या वर्ग प्राय असहभागी बन्दछन भने कहिलेकाँही राजनीतिक दलहरूले आफ्ना शर्तहरू पूरा नभएमा चुनाव तथा प्रणालीले अपेक्षा गरेका अन्य क्रियाकलापमा भाग नलिई बहिष्कारको नीति अवलम्बन गर्दछन् । उनीहरूको यस कार्यलाई पनि राजनीतिक असहभागिता भनिन्छ ।

[६] कृष्ण पोखरेल आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध, २०५७ पेज १८१ मा उद्दृत

# परिच्छेदः ३

## ३. महिलाको राजनीतिक सहभागिता

## ३.१. महिला आन्दोलन

### ३.१.१. ऐतिहासिक पृष्ठभूमिः

विश्वमा जनसंख्याको आधा भाग ओगटेको महिलासमूहमाथि वर्गको उदयसँगै उत्पीडनको पनि सुरुवात भएको पाइन्छ । क्रमशः महिलाहरू आर्थिक, मनोवैज्ञानिक, राजनैतिक, सामाजिक आदी रुपले नियन्त्रित र उपेक्षित बन्दै गएकाले आफ्नो मुक्तिका लागि आन्दोलित बनी मतदान तथा अन्य नागरिक अधिकारको निम्ति लड्न थाले । आर्थिक संघर्ष महिला आन्दोलनको प्रथम खुडकिलो हो किनभने आर्थिक स्वतन्त्रताको अभावमा महिला स्वतन्त्रता केवल अमूर्त तथा सैन्द्धातिक रहन्छ ।

विश्व समाजमा महिला पुरुषविचको खाडल कति गहिरो थियो र छ भन्ने कुरा विभिन्न विद्वान्, राजनीतिशास्त्रीहरूको भनाइबाट स्पष्ट हुन्छ । यसै सन्दर्भमा अरस्तुले महिलाहरूलाई एक निष्क्रिय बस्नु मानेका छन् ।[9] त्यति मात्र नभई सेण्ट थोमसले त "नारी एक अपूर्ण मानव हो, एक आकस्मिक प्राणी हो ।"[10] भनी तुच्छ ठानेका छन् । त्यसै गरी शेक्सपियरको विचारमा नारी "कमजोरीको दोस्रो नाम हो ।"[11] रुसोकोविचारमा "संसारदेखि अपरिचित हुनुमा नै नारीको इज्जत छ, पतिको सम्मान गर्नुमा नै उनको गौरव छ तथा परिवारको खुसी नै उनको खुसी हो ।[12]"

एकातिर नारीको बारेमा यस्तो महिला विरोधी सोचले प्रश्रय पाइरहेको थियो भने अर्कातिर विश्वभर नै महिलाहरू आफ्नो अस्तित्वप्रति सचेत बन्दै दोस्रो दर्जाको नागरिकको रुपमा होइन; पूर्ण नागरिकको रुपमा स्थापित हुन संघर्षरत थिए । यही समयमा स्वतन्त्रताको व्याख्या गर्दै चार्ल्स फुरियेले "कुनै पनि समाजमा स्वतन्त्रताको एउटा खास नाप समाजमा विशेष गरी स्वास्नी मानिसहरू कति हदसम्म स्वतन्त्र छन् त्यसले स्पष्ट गराउँछ ।"[13] भनेको छन् ।

यसरी समाजमा महिलाहरूलाई यथा स्थानमा राखी उनीहरूमाथि शोषण गर्ने पक्ष एकातिर शक्तिशाली रुपमा रहेको देखिन्छ भने अर्कोतिर महिलाहरूलाई स्वतन्त्र गराउनु पर्छ, उनीहरू पूर्ण अधिकार सम्पन्न हुनुपर्छ भन्ने तर्कका पक्षधरको मनोभावनाले आन्दोलनको रुप लिन थालेको थियो । महिलाहरू राजनैतिक स्वतन्त्रतादेखि मताधिकारका कुराहरूलाई समेत लिई अगाडि बढिरहेका थिए ।

---

[9] *डा. अमरनाथ, नारीका मुक्ति संघर्ष, गोरखपुर, १९९१, पेज १२*

[10] *डा. अमरनाथ, नारीका मुक्ति संघर्ष, गोरखपुर, १९९१, पेज १२*

[11] *डा. अमरनाथ, नारीका मुक्ति संघर्ष, गोरखपुर, १९९१, पेज १२*

[12] *डा. अमरनाथ, नारीका मुक्ति संघर्ष, गोरखपुर, १९९१, पेज १२*

[13] *शिवमाया तुम्बा हाम्फे, नेपालमा महिला आन्दोलन, २०५९ पेज ९*

इतिहासमा भएका सबै प्रकारका उत्पीडित वर्गको आन्दोलनमा महिलाको सहभागिता पाइन्छ । श्रमजीवी महिलाहरूको समुदाय सबै उत्पीडित वर्गका सबैभन्दा उत्पीडित समुदाय हो । त्यसकारण उनीहरू त्यस्तो समाजको मुक्तिको लागि भएको आन्दोलनबाट अलग रहन सकेनन् । अर्धदासको मुक्तिको निम्ति जब लडाइँ भयो तब हजारौं महिलाहरू सङ्गठित भएका थिए । यसरी युग परिवर्तनका लागि पुरुष जतिकै महत्वपूर्ण भूमिका महिलाहरूको पनि रहेको देखिन्छ । विश्वमा नै महिलाहरू अपहेलित र उपेक्षित बन्दै गएकाले उनीहरूले समानता र स्वतन्त्रताका निम्ति लडाइँ लडेको इतिहास जतातत्तै भेटिन्छ ।

## ३.१.२. युरोपमा महिला आन्दोलनः

युरोपको इतिहासमा हेर्दा मजदुर आन्दोलनसँगै महिलामुक्ति आन्दोलन पनि अगाडि बढ्दै गएको देखिन्छ । त्यसैले युरोपेली महिला आन्दोलन मजदुर आन्दोलनबाट प्रभावित भएकोले कतिपय महिला नेतृहरू बामपन्थी विचारधाराबाट प्रभावित भएको पाइन्छ । युरोपमा महिला आन्दोलनकै क्रममा मध्ययुगीन बर्बरताको अन्तिम कालमा 'जोन अफ आर्क' नामको किशोरीको उदय भयो । वि.सं. १४६९ (सन् १४१२) मा फ्रान्सको बस्जेमा जन्मेकी जोन अफ आर्कले विदेशी शासकहरूका विरुद्ध जनक्रान्ति तथा युद्धको आव्हान गरेकी हुनाले उनलाई राष्ट्रियता र स्वतन्त्रताकी प्रतीक मानिन्छ । उनले ब्रिटिश सम्राटको प्रभुसत्तालाई खण्डित तुल्याइदिइन् र फ्रान्सका तत्कालीन राजालाई बेलायतविरुद्ध लड्न प्रेरित गर्दै उसको राजगद्दी फिर्ता गरिछाडिन् ।

नारी खालि श्रृङ्गारका बस्तु हुन् भन्ने प्रचलित धारणा विपरीत पुरुषभेष धारण गरी युद्धभूमिमा लड्न जानुपर्छ भन्ने विचार राख्ने जोनलाई १९ वर्षको उमेरमा धार्मिक कुकृत्य तथा बोक्सीको आरोप लगाई वि.सं. १४८८ (सन् १४३१ मे ३०) मा जिउँदै जलाएर मारियो ।[१४] धेरै पछि वि.सं. १९६१ (सन् १९०४) मा उनलाई सन्त (सेण्ट)को संज्ञा दिइएको थियो ।

वि.सं. १८३६ (सन् १७९०) मा बेलायतकी महिला मेरी उल्स्टोन क्राफ्ट (Marry Woolston Craft) ले सर्वप्रथम महिला अधिकार सम्बन्धी कुरा उठाएकी थिइन् ।[१५] त्यसताका उनले शासनमा समान अधिकार र महिलामाथि भइरहेको पुरुष शासनको विरोध गरेकी थिइन् ।

यसरी नै वि.सं. १८४६ (सन् १७८९ अक्टुबर ५ र ६) मा पेरिसका गरिब महिलाहरू महङ्गी विरोधी जुलुस लिएर वर्साइलको महल घेरी आफ्ना मागहरू सहित राजमहलको साम्रागी मेरी आन्त्वनितको निवासमा पुगेका थिए । भीडलाई शान्त पार्नका लागि लुई सोह्रौ दुईपल्ट बरण्डामा निस्किए पनि आखिर महिलाहरूको माग पूरा गर्न बादशाह र संविधान सभा समेत वर्साइलबाट पेरिस जानु परेको थियो ।

युरोपमा नारी आन्दोलन विभिन्न रुपले अगाडि बढि रहेको थियो । यही क्रममा सन् १८४९मा फ्रान्सको संसदीय निर्वाचनमा 'जोड डोराउन' भन्ने एक महिलाले पहिलो पटक संसद सदस्यको उम्मेदवार बनिन ।[१६] उनको विजयको सम्भावना बढ्दै गएको अवस्थामा सैनिक विद्रोह गरी सेनाले शासन् कब्जा गऱ्यो र डोराउन गिरफ्तार भइन् । यही समयमा

---

[१४] *अस्मिता, २०५० भाद्र पेज ८*

[१५] *पूर्णशोभा चित्रकार, अन्तर्राष्ट्रिय श्रमिक दिवस पेज ८*

[१६] अस्मिता पूर्ववत पेज ९

बेलायतमा पनि महिला आन्दोलन सुरु भएको थियो । त्यहाँ महिलाहरूको समान अधिकार सम्बन्धमा श्रीमती कोरालीन वार्टनले 'महिला अधिकार' चाहिन्छ भन्ने मूल नाराका साथ महिला आन्दोलन थालिन् तर तत्कालीन बेलायती सरकारले आन्दोलन नराम्रोसँग दबायो । सन् १९६५ मा मात्र नारी मुक्ति आन्दालेनले सँगठित रुप लिएको थियो । त्यसै वर्ष मेनचेस्टरमा वेलायती महिलाहरूको "नारी मताधिकार समिति (Women's Suffrage Committee)" गठन गरेका थिए । उक्त सँगठनले महिला हकहितका विषयमा व्यापक जनमत तयार गर्न सफल भयो । फलस्वरुप सन् १९६७ मा वेलायती ससंदमा नारी समान मताधिकारको माग गर्दै विधेयक पेश भयो जसमा १,५०० व्यक्तिहरूले हस्ताक्षर गरेका थिए ।

युरोपेली महिलाहरूले आन्दोलनलाई सँगठित रुपमा अगाडि बढाँउदै लाने क्रममा सन् १९१० मा डेनमार्कको कोपनहेगनमा भएको प्रतिनिधिहरूको सम्मेलनले निम्न सवालहरूमा छलफल गरेका थिए ।

१) ८ घण्टाको श्रम समय लागू गर्ने ।
२) मातृशिशु कार्यक्रम संचालन गर्ने ।
३) हतियारको होडबाजी बन्द गर्ने ।
४) शान्तिपूर्ण मानव जीवनको ग्यारेन्टी गर्ने ।
५) महिलाहरू आर्थिक, राजनीतिक कार्यमा सक्रिय रुपमा भाग लिन पाउने ।[17]

उक्त सम्मेलनमा क्लारा जेटकिनले ल्याएको प्रस्ताव विश्वका महिलाहरूको एकता र संघर्षको प्रतीकका रुपमा अन्तर्राष्ट्रिय महिला दिवस मनाउन ८ मार्चलाई छान्ने भन्नेमा सबैको सहमति भयो । सन् १९११ मार्च ८ देखि निरन्तर अन्तर्राष्ट्रिय महिला दिवस हालसम्म मनाउदै आइरहेको पाइन्छ ।

महिलाहरूले आफ्नो समुदायको उत्थानको निम्ति मात्र आवाज उठाएका थिएनन् । उनीहरूले सन् १९१४मा सुरु भएको प्रथम विश्वयुद्धको पनि विरोध गरेका थिए । यसै क्रममा युरोपेली महिलाहरूले विश्वशान्ति र स्वतन्त्रताको लागि अन्तर्राष्ट्रिय महिला संघ गठन गरी युद्धको विरोध गरेका थिए । सन् १९१५ मा स्थापित उक्त संघले २ पटक नोबेल पुरस्कार पाउनेमा संघकी प्रथम अध्यक्ष जोन एडमस सन् १९३१ र प्रथम सचिव ग्रिनवेल्च सन् १९४६मा थिए । संघको मुख्यालय सन् १९१९मा जेनेभामा स्थापना गरिएको थियो ।

यसरी युरोपेली महिलाहरूले सँगठित रुपमा महिला मुक्ति, महिला अधिकार, युद्धको अन्त्य र विश्वशान्तिका लागि आन्दोलन गरेका थिए ।

### ३.१.३. <u>अमेरिकामा महिला आन्दोलनः</u>

अमेरिकी महिलाहरू शुरुदेखि नै स्वतन्त्रताको पक्षमा देखिन्छन् । त्यहाँ पनि १९औं शताब्दीको चौथो दशकपछि सँगठित नारी आन्दोलन प्रारभ्म भएको पाइन्छ । महिलाहरूलाई आफ्नो अधिकारको बारेमा सचेत गराउने क्रममा सन् १८४८ मा ५ जना अमेरिकी महिलाहरू श्रीमती लुक्रेटिया मोट (Lucertia Mote), श्रीमती एलिजाबेथ आदीको नेतृत्वमा

[17] *पूर्णशोभा चित्रकार पूर्ववत पेज १५*

भेला भएका थिए । उक्त भेलाले सन् १८४८ जुलाईमा सेनेका फल्स न्युयोर्कमा गोष्ठी गर्ने निर्णय गरी महिलाहरूको धार्मिक अधिकार र सामाजिक खराबी (Social Evils and religious right of women) भन्ने विषयवस्तु पनि तयार गरेको थियो । उक्त गोष्ठीले नारी जातिको सामाजिक अस्तित्त्वबारे प्रश्न उठाई राजनैतिक क्षेत्रमा समान मताधिकारको माग, आर्थिक क्षेत्रमा सम्पतिको अधिकार, पारिवारिक सवालमा मातृत्वको हक र व्यक्तिगत स्वतन्त्रताको पक्षमा परिवारको चयन र विवाह, सम्बन्ध विच्छेद जस्ता कुराहरूमा व्यापक छलफल गरी घोषणापत्र प्रकाशित गऱ्यो । गोष्ठीले तयार गरेको घोषणापत्रमा ६८ महिला र ३२ पुरुषहरूले हस्ताक्षर गरेका थिए । उक्त घोषणापत्रमा निम्न कुराहरू उल्लेख गरिएको थियो ।

१. महिलाहरूलाई समान अधिकार प्रदान गर्दै पुरुषहरूबाट गरिने शोषणको अन्त्य गरिने ।
२. समान शिक्षा, प्रचार अधिकार, पढाउने र कमाउने अधिकार ।
३. समान मताधिकार ।

यसरी नारी मुक्तिको विषयलाई लिएर अमेरिकी महिलाहरूले सँगठित रुपमा आवाज उठाएको पहिलो महत्त्वपूर्ण घटना थियो । अमेरिकामा नारी मुक्तिको धारणालाई अत्यन्तै उग्र मानिन्थ्यो । त्यसलाई तल्लो तहको ठानिन्थ्यो । त्यसैले नारी आन्दोलनको गतिबिधी र कार्यक्रमहरूलाई सार्वजनिक स्थलहरूमा आयोजना गर्न दिइँदैनथ्यो । कुनै पनि नाम चलेको अखबारले नारी मुक्ति आन्दोलनका समाचारहरू छाप्दैनथ्यो । त्यति भएर पनि त्यहाँ नारी आन्दोलन रोकिएन । त्यसले आफ्नो विचारधारालाई बुलेटिनका रुपमा प्रकाशित गर्दै, विभिन्न शहरमा प्रचार भेलाहरूको आयोजना गर्दै दासप्रथा विरोधी आन्दोलनसँग आफ्नो आन्दोलनलाई गाँस्दै जनसमर्थन प्राप्त गर्दै निरन्तर रुपमा अगाडि बढ्यो । एम्मा विलार्डको नेतृत्वमा शिक्षाको समान अवसरका निम्ति नारीहरू जुर्मुराए । फलस्वरुप वि.सं. १८९० (सन् १८३३)मा अमेरिकामा पहिलो पटक ओभरिलन कलेजले पुरुष छात्रसँग महिला विद्यार्थीहरूलाई पनि भर्ना गर्ने निर्णय लिएको थियो।[18] सन् १८६९ मा जब अमेरिकामा दासप्रथाको अन्त्य भयो तब नारी आन्दोलन झन वेगवान बन्न पुग्यो । सन् १८५७ मार्चमा अमेरिकाको न्युयोर्कमा कपडा कारखानाको महिलाहरूले तबलमा वृद्धिको साथै १५/१६ घण्टाको प्रचलित कामको समयलाई घटाएर १० घण्टामा झार्न माग राख्दै हड्ताल गरे । तर तत्कालीन सरकारले त्यस आन्दोलनलाई दबायो । तापनि यही आन्दोलन नै विश्वका अरु महिलाहरूलाई प्रेरित गर्दै विश्वको सङ्गठित प्रथम महिला आन्दोलन बन्न पुग्यो । सङ्गठनको आवश्यकता महसुस गरी संघ गठन गरिएको थियो । यसको सदस्यको रुपमा क्लारा जेटकिन पनि रहेकी थिइन् ।

अमेरिकी महिलाहरूले आन्दोलनलाई अगाडि बढाउने क्रममा सन् १८६५ मा एलिजाबेज मिलर, लुसी स्टोन तथा अन्य महिलाहरूको नेतृत्वमा राजनैतिक अधिकारका लागि असफल आन्दोलन भएको थियो भने सन् १८६९मा पुगेपछि आन्दोलनलाई मताधिकारमा मात्र सीमित गर्ने वा नारी हकहितका सवालहरूमा सलंग्न गराउने भन्ने विषयमा विवाद भएको पाइन्छ । समयको अन्तरालसँगै आन्दोलनका दौरानमा अमेरिकी महिलाहरूले मताधिकार, नारी हकहितमा मात्र सीमित नभई आर्थिक रुपमा पनि आन्दोलन अगाडि बढाएका थिए । यही क्रममा सन् १८९७ मार्च ८, न्युयोर्कमा ठूलो हडताल जुलुस र आमसभाको आयोजना

---

[18] *नेपालमा महिला आन्दोलन पूर्ववृत पेज १४*

गरिएको थियो । उक्त प्रदर्शनमा उचित ज्याला र १० घण्टा कामको समय निर्धारित हुनुपर्छ भन्ने मागहरू उठाइएका थिए ।

यसरी महिलाहरूले मताधिकार लगायत आफ्ना तमाम असमानता विरुद्ध एकताबद्ध रुपमा आन्दोलन गरेका थिए । अमेरिकी महिलाहरूले चलाएको उक्त आन्दोलनप्रति अमेरिकी जनताको चासो र समर्थन बढ्दै जान थालेपछि अन्ततः लगभग ७० वर्षपछि सन् १९२० अगस्ट २६ का दिन अमेरिकी संविधानको १९ औं संसोधनसहित महिलाहरूलाई मताधिकार दिन अमेरिकी संसद बाध्य भयो र अमेरिकी महिलाहरूले महिला मुक्ति आन्दोलनको महत्वपूर्ण चरण पूरा गरे।

## ३.१.४. एशियामा महिला आन्दोलनः

विश्वका अन्य भागका महिलाभन्दा एसियाली महिलाहरू राजनीतिक क्षेत्रमा केही अगाडि देखिन्छन् तर पनि एसियामा महिलाहरूमाथि हुने गरेको शोषण, दमन र अत्याचार यथावत् रहेको देखिन्छ । उनीहरूमाथि भएका असमान व्यवहारका विरुद्ध महिलाहरू निरन्तर लागिपरेका छन् ।

केही मुलुक बाहेक सिङ्गो एसिया महादेश लामो समससम्म उपनिवेशको सिकार भएको पाइन्छ । उपनिवेश मुक्तिका लागि सञ्चालित आन्दोलनहरूमा यहाँका महिलाहरूको ठूलो योगदान रहेको थियो । विश्वकै पहिलो महिला प्रधानमन्त्री एसियामा भएको सन्दर्भले एसियाली महिलाहरू राजनीतिमा पहिलादेखि नै सक्रिय रुपमा सहभागी हुँदै आएका थिए भन्ने तथ्यलाई पुष्टि गर्दछ ।

खास गरेर भारतमा महिलाहरू आफ्नो अस्तित्त्वको खोजीमा सन् १७८५ को सन्यासी विद्रोहदेखि नै लागेको देखिन्छ ।[१९] त्यसैगरी सन् १८२४ को इष्ट इण्डिया कम्पनी विरोधी आवाज लिएर पहिलो पटक आफ्नो अवस्थामा सुधार होस भन्दै महिलाहरू अगाडि बढे । परिणामस्वरुप सन् १८२९ मा सतीप्रथाको अन्त्यका निम्ति कानुनको घोषणा भएतापनि धार्मिक परम्परामा हस्तक्षेप नगर्ने नाममा त्यसको कार्यान्वयन भएन । भारतमा नारी शिक्षाको लागि पनि सन् १८४९ मा जनस्तरबाट प्रयासहरू भएका थिए । यसका साथसाथै महिलाहरूलाई संङगठित रुपमा अगाडि बढाउनको लागि सन् १९१७ मा एनी बसेन्टको अध्यक्षतामा “भारतीय महिला समिति” गठन भयो ।[२०] यही समितिको गठन भएदेखि नै भारतीय महिला आन्दोलनले सङ्गठित रुप लियो । यसै गरी महिलाहरूलाई सङ्गठित गर्ने क्रममा सन् १९२१ मा “राष्ट्रिय स्त्री सभा” गठन गरियो । यो सभाले भारतीय महिलाहरूलाई अगाडि बढाउन बल प्रदान गर्‍यो । तर राष्ट्रिय स्त्री सभाको गतिविधिबाट तत्कालीन अंग्रेज सरकार आत्तिएर सन् १९३० मा प्रतिबन्ध लगायो । सन् १९२७ मा आइपुग्दा “अखिल भारतीय महिला सम्मेलन” नामक महिला सङघको निर्माण भयो । यस प्रकार विभिन्न समयमा महिला संघ खोलेर महिलाहरूलाई सङ्गठित रुपले अगाडि बढाउने कामहरू भएका थिए । त्यहाँका महिलाहरू विशेषगरी सामाजिक परिवर्तनका निम्ति भएका संघर्षहरूमा सामेल हुनुका साथै महिलापुरुष सहभागीका रुपमा रहेर संघर्षलाई अगाडि बढाउने कार्य गरिरहेका थिए । यसरी आज पनि भारतीय महिलाहरू आफ्नो मुक्तिका निम्ति संघर्षरत छन् ।

---

[१९] *शिवमाया पूर्ववत पेज १७*

[२०] *शिवमाया पूर्ववत पेज १७*

यही क्रममा चीनियाँ महिलाहरू पनि मार्क्सवादद्वारा पथप्रदर्शित हुँदै महिला आन्दोलनलाई अगाडि बढाउने काम गर्दै आएको देखिन्छ । चीनमा पनि महिलाहरू अपहेलित, उपेक्षित एवं पिछडिएको वर्गका रुपमा रहेका थिए । त्यहाँ महिलाहरू हत्या, बलात्कार र दासीको रुपमा समेत किनबेच हुने गर्दथे । त्यहाँ १९२१मा चीनियाँ कम्युनिष्ट पार्टीको स्थापना भएपछि महिलाहरूलाई पनि पुरुष सरह समान अवसर प्रदान गरी समानता र जागृतिको निम्ति विशेष ध्यान दिन थालियो । अन्ततः महिलाहरूलाई सङ्गठित रुपले नै अगाडि बढाउनुपर्छ भन्ने कुराको महसुस गरी सन् १९४९ मा नयाँ चीनको स्थापनापछि मात्र "अखिल चीन महिला संघ" को स्थापना भई सङ्गठनात्मक रुपमा टोल-टोलसम्म विस्तार गरिएको थियो ।

एसियाली मुलकहरूमा महिलाहरूले राजनीतिक क्षेत्रको नेतृत्व समेत आफ्नो हातमा लिएका थिए । महिलाहरूले सरकार प्रमुख बनी राज्य सञ्चालनको जिम्मा लिएका थिए । जस्तो सन् १९७०मा श्रीलङ्काकी सिरिमाओ भण्डार नायके महिला प्रधानमन्त्री बनेकी थिइन् भने अरु अनेक महिलाहरू आ-आफ्नो मुलुकका प्रभावशाली र चर्चित नेतृका रुपमा रहेका थिए । तीमध्ये इन्दिरा गान्धी, पाकिस्तानका वेनजीर भुट्टो, बङ्गलादेशकी बेगम खालिजा जिया र सेख हसिना बाजेद आदी महिलाहरू रहेका छन् ।  यसरी राजनैतिक क्षेत्रका एसियाली महिलाहरू निकै अगाडि देखिएका छन् ।

### ३.१.५. नेपालमा महिला आन्दोलनः

जुन समयमा विश्वका अन्य देशका महिलाहरू खासगरी पाश्चात्य देश जब समान कामको समान ज्याला, महिलाहरूले पनि भोट दिने अधिकार पाउनुपर्छ भनी सडकमा ओर्लेर आफ्ना आवाज बुलन्द गरिरहेका थिए नेपाली महिलाहरूमा आफ्नो अधिकारबारे केही ज्ञान थिएन । उनीहरू आफ्ना हक र अधिकारका बारेमा अनभिज्ञ थिए । वि.सं. १९१० को मुलकी ऐनले छोरीलाई ५ वर्षको उमेरमा विवाह गरिदिनु पर्छ भन्ने प्रावधान राखेको थियो ।[२१] नेपाली समाजको आधा भाग ओगट्ने महिलाहरूको साहसिक कार्यको वर्णन इतिहासमा खासै उल्लेख गरेको पाइँदैन । तर पनि राजनीतिमा नेपाली राजघरानिया महिलाहरूको भूमिका राणाकाल पूर्व महत्वपूर्ण रहेको थियो। लिच्छविकालमा राजा मानदेवकी आमा राज्यवतीको राजनीतिमा महत्वपूर्ण स्थान रहेको पाइन्छ । उनले राजा धर्मदेवको मृत्युपश्चात सती जाने चासो देखाउँदा राजा मानदेव र अन्य जनसमुदायले राज्य विस्तार गर्नुपर्ने आवश्यकताले गर्दा सती जानबाट रोकेको घटनाले पनि उनको राजनीतिक भूमिकाको महत्वलाई प्रष्टयाउँछ । यसै गरी मध्ययुगीन नेपालमा देबलदेवी, नायकदेवी, राजलदेवी साहसी एवं जोखिम उठाउन सक्ने रानीहरू थिए । इतिहासमा नायबी भूमिकामा महारानी राजेन्द्रलक्ष्मीको पनि नाम उज्ज्वल रहेको छ । उनले आफ्ना नाबालक छोरा रणबहादुर शाहको नायबीको रुपमा कुशलतापूर्वक राज्य संचालन गरेकी थिइन् ।

नेपालमा महिला आन्दोलनको सूत्रपात वि.सं. १९४५ मा पुरातन शिक्षा भएपनि स्त्री शिक्षाको महत्त्व दर्शाई दुर्गादेवी आचार्य दीक्षितले स्त्री शिक्षा बारे लेख लेखी महिलामा जागरण ल्याउने गरेको प्रयासलाई मान्न सकिन्छ । महिलाहरूलाई आफ्नो अवस्थाप्रति चेतना जागृत गराउन सचेत महिलाहरूको एक सँगठित समिति हुनुपर्ने आवश्यकताको महसुस आजभन्दा झण्डै ९ दशक अगाडि भएको थियो । वि.सं. १९७४ मा योगमाया

*[२१] ग्रामीण विकास बुलेटिन, ग्रामीण विकास प्रतिष्ठान पेज ३*

कोइरालाको संयोजकत्वमा एक महिला समितिको गठन भएको थियो ।[22] यस समितिमा तत्कालीन राजनेताका धर्मपत्नीहरू दिव्या कोइराला, मोहनकुमारी कोइराला, पूर्णकुमारी तथा देवकुमारी अधिकारी थिए । यस समितिको मूल उद्देश्य महिलाहरूको गिर्दो सामाजिक मर्यादालाई उत्थान गर्ने वहुसंख्यक नेपाली महिलाहरू किसान भएको हुँदा उनीहरूको दयनीय अवस्थामा सुधार ल्याउने थियो । यस समितिको नेतृत्व गरिदिन तत्कालीन राणा प्रधानमन्त्री श्री चन्द्रशमशेरकी रानीलाई अनुरोध पत्र पठाइएको थियो भन्ने कुरा इतिहासमा उल्लेख गरेको पाइन्छ।
यो समिति आममहिलामा जान सकेन र परिवारमै सीमित रहयो । तरपनि तत्कालीन क्रूर तानाशाही राणाकालीन व्यवस्थामा महिलाहरूले देखाएको साहस सराहनीय थियो । निरङ्कुश राणाशाही व्यवस्थाको अन्त्य नभएसम्म महिलाको दुरावस्थामा सुधार आउन सक्दैन भन्ने चेतना महिलाहरूमा जागृत गर्ने काम गऱ्यो । तत्कालीन राणा विरोधी प्रचण्ड गोरखा, रक्तपात कमिटी र प्रजा परिषदद्वारा आयोजित राजनीतिक आन्दोलनमा महिलाहरूले पनि योगदान गरेका थिए । नागरिक हक, बालिकाहरूकालागि विद्यालय खुल्नुपर्ने, छोरीपनि पढ्न पाउनु पर्छ भनी वि.सं. २००४ मा पहिलो पटक राणाशासनको विरोधमा नागरिक अधिकार आन्दोलन भएको थियो । जसमा महिलाहरूको सहभागिता उल्लेखनीय थियो र केही महिलाहरू पक्राउ पनि परेका थिए ।

२००४ सालमै काठमाण्डौका करिब ६५ जना स्थानीय चेतनशील महिलाहरू बालाजुस्थित म्हेपी मन्दिरमा भेला भई समाजमा महिलामाथि हुने असमानताको विरोध गर्दै समाजमा विद्यमान कुरीतिहरू र परम्पराहरू जस्तै बालविवाह, अनमेल विवाहको अन्त्य गर्ने उद्देश्यले मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको स्थापना भएको थियो । राणा विरोधी देशको पहिलो प्रजातान्त्रिक आन्दोलन २००७ सम्म एउटै महिला संघले सबै महिलाहरूको प्रतिनिधित्व गर्दै आएको थियो । २००७ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापनासँगै धमाधम राजनीतिक पार्टीहरू स्थापना हुँदै गए र आ-आफ्ना राजनीतिक आस्थाका आधारमा महिला संघहरू पनि स्थापना हुँदै गए । २००८ सालमा नेपाल कम्युनिष्ट पार्टीसँग आवद्ध कामाक्षी देवीको अध्यक्षतामा नेपाल महिला सङ्गठनको स्थापना भयो । २००८ सालमै पुण्यप्रभा ढुङ्गानाको अध्यक्षतामा अखिल नेपाल महिला सँगठनको स्थापना भयो । सोही वर्ष कमल राणाको नेतृत्वमा Women Volunteers Services र रोहिणी शाहको अध्यक्षतामा वीराङ्गना दल स्थापना भयो । यसरी एकपछि अर्को संघ-सँगठनहरू खुल्दै गए र महिलाहरूमा समयको परिवर्तनसँगै राजनीतिक चेतनामा केही अभिवृद्धि पनि भयो । बुदाँगत रुपमा नेपालमा विभिन्न कालखण्डमा भएका महिला आन्दोलन अध्ययन गर्दा निम्नानुसार नेपाली महिलाहरूले आफ्ना हक-अधिकार तथा राजनीतिक परिवर्तनका लागि आन्दोलन सञ्चालन गरेको पाइन्छ ।

- वि.सं. २००९ सालतिर नेपाल महिला संघ र नारी जागृति समूह मिलेर महिलाहरूको संयुक्त रुपमा नारायणहिटी राजदरबारको ढोकामा "पिकेटिङ्ग" गरी महिलालाई राजसभामा स्थान दिलाइयोस् भनेर दबाब दिएका थिए ।
- वि.सं. २०११ सालमा गठन गरिएको दोस्रो सल्लाहकार सभामा ११३ सदस्यमध्ये ४ जना महिलाहरू मायादेवी शाह, मंगलादेवी सिंह, पुण्यप्रभा दुङ्गाना र प्रतिभा राणा सदस्य थिए ।
- वि.सं. २०१४ सालमा भएको भद्रअवज्ञा आन्दोलनमा नेपाल महिला संघले सहयोग गरेको थियो ।

[22] *ग्रामीण विकास बुलेटिन, ग्रामीण विकास प्रतिष्ठान पेज ३*

- आन्दोलनकै क्रममा मंगलादेवी सिंह, सरोजनी मानन्धर, सुशीला चालिसे जेल परेका थिए ।
- वि.सं. २०१६ मा भएको गण्डक सम्झौताको नेपाल महिला संघले विरोध गरेको थियो ।
- वि.सं. २०१७ सालमा संसद भंग नहुँदै कमल राणाले विवाह सम्बन्धी विधेयक प्रस्तुत गरी नारी समानतालाई कानुनी प्रत्याभूति दिलाउन जोड दिएकी थिइन् ।
- वि.सं. २०२० सालमा संशोधित मुलुकी ऐनमा महिलाहरूलाई केही, सीमित अधिकार प्रदान गरियो । जसमा बालविवाह, अनमेल विवाह, वहुविवाहमाथि प्रतिबन्ध लगाइएको थियो । पहिलो महिला अधिवक्ता शिलु सिंहद्वारा "महिला कानुनी सेवा"को स्थापना भएको थियो ।
- वि.सं. २०२३ मा डि.आई.जी. नारायण सिं काण्ड विरोधी संघर्षमा महिलाहरूले आफ्नै अस्तित्त्व रक्षाका लागि आन्दोलन उठाएका थिए ।
- वि.सं. २०२५ मा भएको एस.एल.सी. परीक्षा काण्डका विरुद्ध विद्यार्थीहरूले गरेको आन्दोलनमा पनि उल्लेख्य रुपमा महिला विद्यार्थीहरू सामेल भएका थिए ।
- वि.सं. २०२८ सालको विद्यार्थी आन्दोलनमा दुइजना महिला दुर्गा आचार्य (घिमिरे) र दुर्गा पोखरेल गिरफ्तार भए । यसै वर्ष महँगी विरोधी आन्दोलनको नेतृत्व श्रीमती गोमा देवकोटाले गर्नुभएको थियो ।
- वि.सं. २०३२मा धनुषामा भएको किसान विद्रोहमा पनि महिलाहरू सहभागी भएका थिए ।
- वि.सं. २०३३ सालमा सुश्री पारिजातको अध्यक्षतामा "अखिल नेपाल महिला संघ"ले गोरखपुरमा पहिलो भेला सम्पन्न गरे ।
- वि.सं. २०३५/३६ सालमा कम्युनिष्ट पार्टीमा संलग्न भएर राजनीति सुरु गरी भूमिगत भएर पार्टीको काममा अष्टलक्ष्मी शाक्य लाग्नुभयो ।
- वि.सं. २०३८ मा अखिल नेपाल महिला संघले प्रथम पटक ८ मार्चको दिन अन्तर्राष्ट्रिय महिला दिवस मनायो ।
- वि.सं. २०३८ मा पारिजातको नेतृत्वमा बनेको आयोजक समितिले पहिलो राष्ट्रिय सम्मेलन गरी उर्मिला अर्यालको अध्यक्षतामा केन्द्रीय समिति निर्माण गऱ्यो ।
- वि.सं. २०४२ जेष्ठ १० गतेदेखि नेपाली काँग्रेसले संञ्चालन गरेको देशव्यापी सत्याग्रहमा जेष्ठ १० गते देखि आषाढ ६ गतेसम्म गिरफ्तार हुनेमा महिला नेतृहरू शैलजा आचार्य, नोना कोइराला, मंगलादेवी सिंह, दुर्गा दाहाल, साहना प्रधान थिए ।
- वि.सं. २०४६ साल जेष्ठ ३०/३१ गते अखिल नेपाल महिला संघले प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गरी सँगठनलाई सुदृढ गराउँदै लग्यो।
- वि.सं. २०४६ को जनआन्दोलनको क्रममा फाल्गुण ९ गते जनकपुरको जदुकुवामा निस्किएको जुलुसमाथि एक्कासि प्रहरीद्वारा गोली चलाउँदा ५ जनाको मृत्यु भयो जसमध्ये तीन महिलाहरू (क) जानुकीदेवी यादव (ख) सोनावती यादव (ग) भुवनेश्वरी यादव थिए ।[२३]

वि.सं. २०४६को जनआन्दोलनको सफलतासँगै महिला घरभित्र मात्र हैन घरवाहिर पनि जानुपर्छ भन्ने भावनाको विकास भयो । २०४६ सालको आन्दोलनबाट महिलाहरूलाई केही अधिकार दिइयो । जस्तै सम्पत्ति सम्बन्धी अधिकार तर त्यो पनि विवाह नगरेसम्म ।

---

[२३] *शिवमाया पूर्ववत पेज ६६-८७*

जनआन्दोलन २ को सफलतासँगै देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गएको छ । महिलाहरूको सोचमा पनि केही परिवर्तन भएको छ । हिजोसम्म शिक्षा, स्वास्थ्य, रोजगार र पैतृक सम्पत्तिमा केन्द्रित महिला आन्दोलन वर्तमानमा आर्थिक अधिकार र लैङ्गिक समानतातिर उन्मुख भएको देखिन्छ ।

## ३.२. नेपालमा महिलाको वर्तमान अवस्थाः

विगतको भन्दा वर्तमान अवस्थामा तुलनात्मक रुपमा महिलाको परम्परागत भूमिकामा परिवर्तनका लागि प्रयासहरू भएका छन् । जसको कारण महिलाको स्थितिमा केही सुधार आएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक स्थितिमा केही प्रगतिसूचक परिवर्तनहरू देखिएका छन् । तर पनि आर्थिक, सामाजिक र राजनीतिक भूमिकामा प्राप्त सीमित अवसर र अधिकारका कारण अझै पनि पुरुषको तुलनामा महिलाहरूको स्थिति सन्तोषजनक भने भएको छैन् । शहरी क्षेत्रको तुलनामा ग्रामीण र पिछडिएको समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा सापेक्षित प्रगति हुन सकेको छैन । महिला साक्षरता दर पुरुषको तुलनामा अझै २०% भन्दा कम छ । लैङ्गिक असमानताको स्थिति हेर्दा दक्षिण एसियामा नै नेपालमा सबैभन्दा बढी असमानता रहेको छ । बाल मृत्युदर, मातृ मृत्युदर, रक्तअल्पता र असुरक्षित गर्भपतनको तथ्याङ्क हेर्दा विश्वमै नेपालका महिलाहरूको स्थिति अत्यन्तै कमजोर रहेको पाइन्छ । घरेलु हिंसा, चेलीबेटी बेचबिखन र आर्थिक सामाजिक दृष्टिकोणका कारण सरकारी क्षेत्रबाट परिलक्षित कार्यक्रममा महिलाहरूको पहुँच हुन सकेको छैन । सामाजिक असमानता र कानुनी विभेदको स्थितिका कारण महिलाहरू पुरुषको हाराहारीमा पुग्न सकेका छैनन ।
आयमूलक रोजगारीमा महिलाको सहभागिता अत्यन्त कम छ । सरकारी तथ्याङ्क अनुसार निजामति सेवामा महिलाको सहभागिता ८.५५ प्रतिशत मात्र रहेको छ भने नीति-निर्माणको तहमा त झन् नगण्य रुपमा मात्र उपस्थिति छ । शिक्षण पेसामा महिला सहभागिता २६ प्रतिशत रहेका छ भने स्वास्थ्य क्षेत्रमा महिलाको उपस्थिति सन्तोषजनक नै देखिन्छ । अन्य क्षेत्रमा महिला सहभागिताका लागि उचित व्यवस्था हुन सकेको छैन । भूमिमाथि स्वामित्वका दृष्टिकोणले महिलाहरूको स्थिति नाजुक देखिन्छ । केवल १०.८३ प्रतिशत भूमिमा मात्र महिलाहरूको स्वामित्व रहेको पाइन्छ । समाजमा पुरुषको प्रधानता र धार्मिक अन्धविश्वासका कारण महिलाहरूले आशातीत प्रगति गर्न सकिरहेका छैनन्। छोराको चाहनामा छोरीको भ्रुण हत्या, प्रजनन् क्षेत्रमा पुरुषको नियन्त्रण, वालविवाह, वहुविवाह, दाइजोको समस्या देउकी र झुमा तथा वादी र वोक्सीजस्ता कुरीतिहरू अझै हट्न सकेका छैनन् ।

नेपालमा महिलाविरुद्धको हिंसामा यौनजन्य अपराध, चेलीबेटी वेचविखन, जबरजस्ती यौन व्यवसायमा लगाउने जस्ता कार्य एकातर्फ छन् भने दाइजोको समस्या, मानसिक यातना, शारीरिक पीडा, घरेलु कामदारमाथि गरिने अमानवीय व्यवहार जस्ता घरेलु हिंसाका घटनाहरू पनि त्यतिकै गम्भीर समस्याका रुपमा देखा परेका छन् । घरेलु हिंसाबाट पीडित बाललिकाहरूमध्ये ७० प्रतिशत बालिकाहरू आफ्नै परिवारका सदस्यहरूबाट पीडितरहेको तथ्याङ्क रहेको छ । घरेलु हिंसाबाट पीडित महिलाहरूको एक अध्ययनले ६१% मानसिक यातना, ३१% यौनजन्य दूर्व्यवहार, ८२% कुटपिट, ६६% गालीगलौज र २१ % छुवाछुतजन्य कार्यबाट पीडित रहेको देखाएको छ , नेपालमा प्रत्येक वर्ष १२ वर्षदेखि २९ वर्ष उमेरका लगभग ५ देखि ७ हजार बालिका तथा महिलाहरू जबरदस्ती यौन व्यवसायमा लगाउन बेचविखन हुने गरेको अनुमान छ ।[24] त्यस्ता हिंसा र अपराधको उजुरी एकदमै कम पर्ने

[24] *महिला अधिकार, केन्द्रीय महिला कानुनी सहायता समिति, पेज २७*

गरेको अनुमान छ । तर त्यस्ता हिंसा र अपराधको उजुरी एकदमै कम पर्ने गरेबाट यसको अनुसन्धान र न्यायिक प्रक्रिया अगाडि बढाइ अपराधीलाई दण्ड दिने कार्यमा कठिनाइ महसुस गरिएको छ । चेतनाको अभाव र आत्मविश्वासको कमीले ठूलो संख्यामा पीडित महिलाले यस्ता कार्यलाई प्रकाशमा ल्याउन पनि चाहँदैनन् । विद्यमान सामाजिक तथा कानुनी व्यवस्थाले महिलाको यस अवस्थालाई प्रभावकारी उपचार दिन सकेको छैन ।

**तालिका नं ३.१**

**व्यवस्थापिका तथा स्थानीय निकायमा लैङ्गिक प्रतिशत**

| निकाय | कूलसंख्या | महिलासंख्या | प्रतिशत |
|---|---|---|---|
| राष्ट्रिय सभा | ६० | ९ | १५ प्रतिशत |
| प्रतिनिधि सभा | १०५ | १२ | ५.५ प्रतिशत |
| जिल्ला परिषद् | १०,००० | १५० | १.५ प्रतिशत |
| जिल्ला विकास समिति | १११७ | ७० | ६.७ प्रतिशत |
| नगरपालिका | ४१४६ | ८०६ | १९.५ प्रतिशत |
| गाँउ विकास समिति | ५०८५७ | ३९१३ | २.१ प्रतिशत |
| गाउँ परिषद् | १८३८६५ | ३९१३ | २.१ प्रतिशत |
| वडा समिति | १७६०३१ | ३५२०८ | २० प्रतिशत |

*स्रोतः महिला विरूद्धको भेदभावपूर्ण कानुन पुनरावलोकन गरी संशोधन मस्यौदा तयार गर्न गठित उच्चस्तरीय समितिको प्रतिवेदन २०५८ पृष्ठ ९/१०*
*साभारः महिला अधिकार कार्यविधि दिग्दर्शन*

राजनीतिक नेतृत्वदायी भूमिकामा महिलाको उपस्थिति केवल १० प्रतिशतको हाराहारीमा रहेको छ भने मन्त्रीमण्डलमा सहभागिता एकदमै न्यून रहेको छ । कतिपय भेदभावपूर्ण कानुनहरू अझै कायम रहेका छन् । जसले लैङ्गिक न्यायमा नकारात्मक असर पारेको छ । उल्लिखित नकारात्मक अवस्थालाई हटाउन पछिल्लो समयमा गरिएका सकरात्मक प्रयासहरूका कारण महिलाको स्थितिमा केही सुधारका लक्षणहरू अवश्य देखा पर्न थालेका छन् । नेपाल अधिराज्यको संविधान २०४७ ले लिङ्गको आधारमा भेदभाव गर्न नपाइने, समान कामका लागि समान ज्याला लगायतका कानुनको दृष्टिमा समानता र संरक्षणको अवधारणालाई आत्मसात गर्दै महिलाको संरक्षण गर्न सकिने गरी सारभूत समानता र सकरात्मक विभेदको सिद्धान्त स्वीकार गरेको छ ।[25] राजनीतिक नेतृत्वको हरेक तहमा महिला सहभागिताको व्यवस्था गरिएको छ । महिलाविरुद्व हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ लगाएत १६ वटा भन्दा वढी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरी नेपाल पक्षराष्ट्र बनिसकेको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको गठन, राष्ट्रिय महिला आयोगको गठन, गर्भपतनको कानुनी मान्यता, भ्रुण पहिचान गरी गर्भपतन गर्न नपाउने व्यवस्था, विवाहको न्यूनतम उमेरमा समानता, वहुविवाहलाई निरुत्साह, समतामूलक सरकारी कार्यक्रम, महिला विकासको लागि योजनावद्ध कार्यक्रम र अन्तर्राष्ट्रिय मञ्चमा मानवअधिकारप्रति नेपालले देखाएको प्रतिवद्धता, सैद्धान्तिक रुपमा प्रशंसायोग्य छन् ।

**तालिका नं ३.२**

**नेपालमा महिलाको स्थिति**

| विषय | पुरुष (%) | महिला (%) |
|---|---|---|

[25] *महिला अधिकार पूर्ववत पेज २८*

| | | |
|---|---|---|
| जनसंख्या | ४९.९६ % | ५०.०४ % |
| औसत आयु | ५९.३० % | ५९.८० % |
| साक्षरता | ६५.०८ % | ४२.४९ % |
| मन्त्रीपरिषद संविधानसभामा प्रत्यक्ष | ८७.५ % | १२.५ % |
| समानुपातिक | ५१.९५ % | ४८.०५ % |
| मनोनित | ८०.७७ % | १९.२३ % |
| निजामती सेवा[1] | ९६.०० % | ४.०० % |
| न्यायाधीश[1] | ९७.९२ % | २.०८ % |
| प्रमुख जिल्ला अधिकारी[1] | ९९.९८ % | ०.०२ % |
| राजदूत[1] | १०० % | ०.०० % |
| संवैधानिक निकाय प्रमुख[1] | १०० % | ०.०० % |
| सञ्चार क्षेत्र | ८८.०० % | १२.०० % |
| कृषि | ६६.८० % | ८५.०० % |
| भूमिमाथिको स्वामित्व | ८९.१६ % | १०.८४ % |
| घरमाथिको स्वामित्व | ९४.४९ % | ५.५१ % |
| पशुधनमाथिको स्वामित्व | ९२.२६ % | ७.७४ % |
| घरमूलीको संख्या | ८५.०० % | १५.०० % |

*स्रोत: महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०, पेज १०/११ तथा संविधानसभा निर्वाचन परिणाम २०६४,[1] नेपाल जनसंख्या प्रतिवेदन २०६१, केन्द्रीय तथ्याङ्क विभाग*

## ३.३. सामाजिक लैङ्गिक अवस्था

प्रारभ्मदेखि समाजको स्थापना कार्य तथा समाजको सर्वाङ्गीण विकासलाई एकअर्काको परिपूरक तथा समान दायित्व निर्वाह गरी समाजलाई गतिशीलता प्रदान गर्न महिला र पुरुषको सृष्टि भएको देखिन्छ । नारी र पुरुष जीवनका धेरै आयाम तथा परिस्थितिहरूमा सहयोगात्मक साझेदारी गर्दछन् तथा प्रतिकूल वातावरणमा पनि जटिल र व्यापक तरिकाले एक अर्कामा सहयोग पुऱ्याउछन् । त्यसैले सहभागितात्मक विकास वा दिगो तथा न्यायोचित विकास हुनका लागि यी दुबैमा समान सहभागिता अपरिहार्य हुन गएको छ । तर व्यावहारिक रुपमा केलाएर हेर्दा समाजमा स्थापित धेरै कार्य र भूमिकाहरू अलग-अलग रुपमा रहेको छन् । हामीलाई झट्ट हेर्दा महिला र पुरुष जन्मजात अलग भूमिकाले आएका हुन् कि भन्ने भान हुन्छ । महिला र पुरुषले गर्ने काम, उनीहरूले गर्ने हाउभाउ, व्यवहार, पहिरन, आदी सबैजसो कुराहरू भिन्न रहेका हुन्छन् अर्थात् भिन्न राख्नका लागि समाजले ध्यान पुऱ्याइरहेको हुन्छ । तर गहिरिएर अध्ययन गर्ने हो भने समाजै पिच्छे महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा समानता पाइँदैन । महिला र पुरुषलाई हेर्ने दृष्टिकोण र उनीहरूप्रति गरिने व्यवहार फरक फरक समाजमा, जातमा, ठाँउमा, वर्गमा र संस्कृतिमा फरक फरक पाइन्छ । उदाहरणका लागि ब्राम्हण परिवारमा महिलाहरू सबैले खाएपछि खाने चलन छ भने तामाङ परिवारमा सबैसँगै खाने चलन छ । त्यस्तै शेर्पा जातिको केही निश्चित गाँउमा वहुपति प्रथा छ । अधिकांश जातिहरूमा विधवा विवाहलाई सामाजिक मान्यता प्राप्त छैन ।

तसर्थ समाजले सृजना गरेको महिला र पुरुषविचको सोचलाई नै सामाजिक लिङ्गभेद भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा सामाजिक मूल्य र मान्यताका आधारमा महिला र पुरुषले निर्वाह गर्ने बेग्लाबेग्लै भूमिकालाई सामाजिक लिङ्गभेद भनिन्छ । यो स्थान, समय, वर्ग र संस्कृति अनुसार फरक फरक हुन्छ । महिला र पुरुष जन्मदा प्राकृतिक रुपमा हुने शारीरिक भिन्नता

बाहेक तमाम भिन्नताहरू जस्तैः- आचरण, भूमिका, काम, लवाई, खुवाई, व्यवहार, गुण, दोष, जिम्मेवारी आदी आफ्नो अनुकूल समाजले निर्धारण गर्दछ । यिनै सामाजिक विभेदहरू महिला सहभागिताका बाधकको रुपमा छन् ।

## ३.४. निर्वाचन प्रक्रिया र महिला सहभागिताः

### ३.४.१ निर्वाचन प्रक्रियाः

निर्वाचन जनइच्छा प्रकट गर्ने एक सशक्त माध्यम हो । यसले आवश्यकता अनुसार शासनमा निरन्तरता र परिवर्तन ल्याउने काम गर्दछ । निर्वाचन भनेको कुनै पनि व्यवस्थामा राजनीतिक भर्ना गर्ने एक प्रक्रिया हो । बस्तुतः यसैका माध्यमबाट राजनीतिक समाजले प्रणाली सम्भार र अनुकूलन कार्य (System Maintenance and Adaptation Function) सम्पन्न गर्दछ । जनताले निर्वाचनकै हतियार प्रयोग गरेर शासनको सर्वोच्च तहमा पुगेकाहरूलाई सडकमा र सडकमा भएकाहरूलाई शासनको सर्वोच्च तहमा पुऱ्याउने काम गर्छन् ।

राजनीतिक प्रणालीपिच्छे निर्वाचनको अवधारणा पनि फरक हुन्छ तर जुन निर्वाचन प्रणालीमा मतदातालाई बीचार, कार्यक्रम, पार्टी या उम्मेदवारहरूमध्येबाट छनौटको सुविधा हुँदैन त्यो निर्वाचन प्रणाली प्रजातान्त्रिक कहलाउँदैन । विकल्पहरूमध्येबाट रोज्ने पूर्ण स्वतन्त्रता भएको निर्वाचन पद्धति प्रतिस्पर्धात्मक पद्धति कहलाउँछ भने छनौटको सीमित अवसर भएको निर्वाचन पद्धति अर्ध प्रतिस्पर्धात्मक र छनौटको अवसर नभएको तथा अप्रतिस्पर्धात्मक पद्धति कहलाउँछ ।

### ३.४.२ प्रमुख निर्वाचन प्रणालीहरूः

हरेक मुलकले आफूकहाँ विद्यमान राजनीतिक प्रणाली, सामाजिक-प्रजातान्त्रिक बनोट र समयको माग अनुसारको निर्वाचन प्रणाली अपनाउँछन र समाजमा अनेकौं स्वार्थहरू क्रियाशील हुन्छन् र समाज विविधरुपी छ भने त झन् स्वभावैले अनेकौं स्वार्थहरू देखा पर्छन र त्यसैले निर्वाचन प्रणाली अपनाउदा के कुरामा विचार पुऱ्याइन्छ भने त्यसले सकेसम्म समाजका अधिकाधिक हितहरूको प्रतिनिधित्व गर्न सकोस् । वास्तवमा आज विश्वमा प्रचलित निर्वाचन प्रक्रियाहरू एक दिनमा बनेका वा लागू भएका होइनन् । यी अनेकौं प्रयोग, अनुसन्धान र चिन्तनका उपज हुन् । विश्वमा बहुलता ⁄वहुमत प्रणाली र समानुपातिक प्रणाली नामका दुई प्रमुख निर्वाचन प्रणालीभित्र पनि निकै विविधता छ र मुलुकहरूले आफ्ना आवश्यकता अनुसारको सुधारसहित यिनै प्रणाली अपनाइएका छन् ।

## क) बहुलता /बहुमत प्रणाली

सामान्य बहुमत प्रणालीमा एक सदस्यीय निर्वाचन क्षेत्र (Single Member constituency) हुन्छ र उम्मेदवारले विजयी हुने दौडमा रहेका अन्य उम्मेदवारले भन्दा बढी मत ल्याए पुग्छ । अर्थात् जसले बढी मत ल्याउँछ उसले जित्छ । यो बढी भनेको पूर्ण बहुमत (Absolute Majority) होइन , सापेक्षिक बहुमत (Relative Majority) मात्रै हो । सामान्य बहुमत प्रणालीमा अधिकांश अवसरमा वहुमत मतदाताको प्रतिनिधिको प्रतिनिधित्व हुँदैन । एक निर्णय सिद्धान्तका रुपमा यस प्रणालीमा जसले धेरै मत ल्याउँछ उसले जित्छ । तसर्थ यस प्रणालीमा राजनीतिक दलहरूले पाएको मत प्रतिशत र सीट संरक्षणका बीच ठूलो अन्तर हुन्छ । राजनीतिक ढंगमा हेर्ने हो भने जित्नेको लागि प्रयोग गरिएका मतको मात्रै हिसाब हुन्छ । हार्ने उम्मेदवारका पक्षमा खसालेको मत हराउँछ अर्थात् मतको संख्यात्मक र विजयी मूल्यका बीच फरक हुन्छ । त्यति मात्रै होइन, कुनै पनि उम्मेदवारले जित्न पुग्नेभन्दा बढी मत ल्याएको रहेछ भने त्यो बढी मतको पनि कुनै महत्व हुँदैन ।

प्रतिनिधित्वको सिद्धान्तका रुपमा वहुमत प्रणाली कुनै एक पार्टी वा गठबन्धनलाई संसदीय वहुमत दिलाउने लक्ष्यतर्फ केन्द्रित हुन्छ । त्यसलै यस प्रणालीले ठूलो राजनीतिक पार्टीलाई झन् ठूलो बनाइदिन्छ र साना पार्टीहरूलाई तिनको वास्तविक स्वरुपभन्दा सानो बनाइदिन्छ । प्रकारान्तरमा भन्ने हो भने सामान्य वहुमत प्रणाली साना पार्टीहरूको मूल्यमा ठूला पार्टीतर्फ झुकेको हुन्छ । किनभने एकातिर यसले लोकपृय मतका हिसावले बहुमत नभएको पार्टीलाई संसदीय मोर्चामा पूर्ण बहुमत दिलाउँछ र साना पार्टी र अल्पसंख्यक हितहरूलाई संसदमा प्रतिनिधित्वविहीन बनाउछ । लोकप्रिय मतका दृष्टिले अल्पमतमा भए पनि बहुमत संसदीय सीटमा विजय दिलाउन सक्ने हुँदा आलोचकहरू यस प्रणालीलाई उत्पादित बहुमत सृजना गर्ने प्रणाली पनि भन्दछन् ।

## खः समानुपातिक प्रतिनिधित्वको प्रणाली

सामान्य बहुमत प्रणालीको सबैभन्दा ठूलो खराबी के हो भने यसले अल्पमतको प्रतिनिधित्व गराउन सक्दैन र अल्पमत दुई किसिमका हुन्छन् । जाति, धर्म वा आर्थिक आधारमा समाजका बहुमत जनताबाट भिन्न समूहहरू एक किसिमका अल्पमत वा अल्पसंख्यक हुन भने सामान्य बहुमत प्रणालीमा पराजित उम्मेदवारका पक्षधरहरू अर्को किसिमका अल्पमत हुन् । सामान्य बहुमत प्रणालीको यस कमीलाई निरुपण गर्न समानुपातिक प्रतिनिधित्वको राजनीतिक प्रणालीको प्रयोग गरिन्छ ।

समानुपातिक प्रतिनिधित्वको प्रणाली सामान्य बहुमत प्रणालीको कमीहरूलाई सच्याउन र अल्पमतको उचित प्रतिनिधित्व गराउने दिशातर्फ केन्द्रित छ । जे.एस. मिल यस प्रणालीका हिमायती हुन् । उनको स्पष्ट मत थियो - यदि बहुसंख्यक वर्गलाई शासनको अधिकार छ भने अल्पमत वर्गलाई उनीहरूको आवाजको कदर होस भन्ने समान अधिकार छ । मिलको बीचारमा -सच्चा प्रजातन्त्रमा सबै पक्षको असन्तुलित ढंगले होइन समानुपातिक ढंगले प्रतिनिधित्व हुन्छ । बहुमत निर्वाचनहरूका सदैव बहुमत प्रतिनिधि हुन्छन् भने अल्पमत निर्वाचकहरूका पनि सदैव अल्पमत प्रतिनिधि हुन्छन् ।

समानुपातिक प्रतिनिधित्वको प्रणालीमा राजनीतिक दलहरूको व्यवस्थापिकामा उनीहरूले प्राप्त गरेको लोकप्रिय मतकै अनुपातमा प्रतिनिधित्व हुन्छ । समाजमा जुन वर्ग वा हितको जति मत शक्ति (Voting Strength) छ त्यसको त्यसै अनुपातमा प्रतिनिधित्व हुनुपर्छ भन्ने

यसको मान्यता छ । समानुपातिक प्रतिनिधित्वको प्रणाली मत गन्ने होइन तौलने हो भन्ने सिद्धान्तमा आधारित छ । यसका तीन प्रमुख तत्त्व छन्, ती हुन् ।

- यस प्रणालीका लागि बहुसदस्यीय निर्वाचन क्षेत्र हुनुपर्छ ।
- उम्मेदवारले निर्वाचित हुन पूर्ण वा तुलनात्मक बहुमत होइन निर्धारित कोटा बमोजिमको मत ल्याउनु पर्दछ ।
- सम्भव भएसम्म संख्यात्मक शक्तिका अनुपातमा गणितीय ढंगमा सबैपक्षको प्रतिनिधित्व हुनुपर्छ ।

यस प्रणालीका अनेकौं रुप छन् । जर्मनी, रुस , दक्षिण अफ्रिका, श्रीलंका र कैंयौ स्क्याण्डेनेवियन मुलुकहरूले आ-आफ्नो आवश्यकता अनुसार अनेकौं स्वरुपमा यस प्रणालीलाई अपनाएका छन् । नेपालमा पनि विक्रम सम्वत २०४६ सालको जनआन्दोलनपछिको परिवर्तन पश्चात र २०६४ को संविधान सभाको निर्वाचनमा समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली प्रयोगमा ल्याइएको थियो । केही साधारण हेरफेरका कुरा आफ्नो ठाउँमा छँदै छन् तर आज प्रमुख रुपले यसका दुई रुप देखिन्छन।

१) हेयर प्रणाली
२) सूची प्रणाली

## हेयर प्रणाली

यस प्रणालीको नाम ब्रिटीश विद्वान् थोमस हेयरका नामबाट रहन गएको हो । उनले सन् १८५७ मा आफ्नो पुस्तक "The Machinary of Representation"मा यसको व्याख्या गरेका थिए । डेनमार्कका अर्थमन्त्री कार्ल एण्ड्रेले सर्वप्रथम यस प्रणालीको प्रयोग गरेकाले यसलाई एण्ड्रे प्रणाली पनि भनिन्छ । यसैलाई प्राथमिकतापूर्ण मत प्रणालीमा एकल सक्रमणीय मत पद्धति भन्दछन् । यो निर्वाचन प्रणालीका लागि बहुसदस्यीय निर्वाचन क्षेत्र चाहिन्छ । निर्वाचित हुनका लागि तोकिएको कोटा बराबरको मत ल्याउन जरुरी हुन्छ । यसलाई निर्वाचन कोटा वा अंक भन्दछन् । कोटाको निर्धारण यस प्रकार हुन्छ ।

$$\text{कोटा} = \frac{\text{कूल बैध मत}}{\text{कूल सीट संख्या} + 1}$$

हेयर प्रणाली अनुसार निर्वाचनमा मतदाताले आफ्नो मत प्राथमिकताका आधारमा दिन्छन् । पाँचवटा सीट भएको निर्वाचन क्षेत्र रहेछ र नौ जना उम्मेदवार खडा भएका रहेछन् भने मतदाताले आफूले मन पराएका आधारमा बढीमा पाचँ जना उम्मेदवारका नामका अगाडि १,२,३,४,५ गरी मत व्यक्त गर्छ । उसले पाँचभन्दा थोरै उम्मेदवारलाई पनि प्राथमिकता जनाउन पाउँछ । मत गणना गर्दा प्रथम प्राथमिकताको मात्र गणना गरिन्छ । त्यसैले यसलाई प्राथमिकतापूर्ण प्रणाली भनिएको हो । पहिलो पटकको मत गणनामा कसैले पनि निर्धारित कोटा पुर्‍याउन सकेन भने सबैभन्दा कम मत ल्याउने उम्मेदवारको नाम मत गणनाबाट हटाइन्छ र उसले प्राप्त गरेको मत प्रत्येक मतपत्रमा जसलाई दोस्रो प्राथमिकता दिइएको छ त्यो मत उसैको नाममा पर्छ । त्यस्तै कुनै उम्मेदवारले कोटाभन्दा बढी मत पाएको रहेछ भने यसले विजयी हुनका लागि चाहिने मत उसैको भागमा राखेर उसलाई विजयी घोषित गरिन्छ र बढी मत दौडमा बाँकी रहेका उम्मेदवारहरूमा बाँडिन्छ । यौटै मत

निर्धारित कोटा नपुगुन्जेल सर्ने हुनाले यसलाई एकल संक्रमणीय मत पद्धति भनिएको हो । यो मत सार्ने  र गणना गर्ने काम त्यसबेलासम्म गरिन्छ जबसम्म चाहिए जति उम्मेदवार चुनिदैनन् । हेयर प्रणालीको प्रयोग भारतमा माथिल्लो सदन राज्य सभा र राज्य विधान सभाको निर्वाचनमा गरिन्छ । नेपालमा राष्ट्रिय सभाको निर्वाचनमा प्रयोग गरिन्थ्यो ।

## सूची प्रणाली

सूची प्रणाली पनि समानुपातिक प्रणालीको एक अर्को रुप हो । यसमा पनि बहुसदस्यीय निर्वाचन क्षेत्र चाहिन्छ । यसमा या त सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मान्न सकिन्छ या प्रदेशहरू एक निर्वाचन क्षेत्र मानिन्छ । चुनाव व्यक्तिगत नभै पार्टीगत वा समूहगत आधारमा हुन्छ । यदि मुलुकलाई विभिन्न प्रदेश वा क्षेत्रमा बाँडिएको छ भने पार्टीहरू प्रदेश वा क्षेत्रपिच्छे आफ्ना उम्मेदवारको सूची प्रकाशित गर्छन र मत माग्छन । सूचीमा प्राथमिकता तोकिने  परिपाटी पनि हुन्छ । कहीकही सूचीमध्येबाट मतदाता आफैले प्राथमिकता तोक्न पाउने परिपाटी पनि अपनाइन्छ । अरु कही त सूचीभित्रबाट पार्टीले आफूखुसी प्रतिनिधि तोक्न पाउने व्यवस्था मिलाइएको हुन्छ । निर्वाचनमा मतदाताले पार्टी वा स्वतन्त्र समूहलाई मत दिन्छन । विभिन्न पार्टी वा स्वतन्त्र समूहले प्राप्त गरेको मत जोडिन्छ । तिनले प्राप्त गरेको मत प्रतिशतका आधारमा व्यवस्थापिका प्रतिनिधि पठाउँछन । कुनै कारणले पदावधि समाप्त हुनु अगावै पद रिक्त भएमा जुन पार्टीको प्रतिनिधिको पद रिक्त भएको हो उसैको बाँकी अवधिका लागि प्रतिनिधि पठाउँछ । प्राथमिकता तोकिएको सूची भएको अवस्थामा पहिलो सूचीका जति क्रमाङ्कसम्मका प्रतिनिधि छानिएका छन् त्यसपछि सूचीकृत उम्मेदवारको पालो आउँछ । यदि प्राथमिकता नतोकिएको सूचीको प्रथा छ भने पार्टीले आफूखुसी प्रतिनिधि तोक्न पाउँछन् ।

सूची प्रणालीमा केही हदसम्म सामान्य वहुमत प्रणालीलाई मिसाउने निर्वाचन प्रणाली पनि पाइन्छ । यस्तो प्रणालीमा निर्वाचक एउटा मतदाताले दुई वटा मत प्रयोग गर्छ यौटा आफ्नो निर्वाचन क्षेत्रको उम्मेदवारका लागि र अर्को पार्टी वा समूहको राष्ट्रिय सूचीका लागि । निर्वाचन क्षेत्रबाट चुनिने सदस्य संख्या र राष्ट्रिय सूचीबाट चुनिने सदस्य संख्याबाट साधारण बहुमतका आधारमा जय पराजय छुट्टाइन्छ र राष्ट्रिय सूचीमा चाँहि पार्टीहरूले प्राप्त गरेको मत प्रतिशतका आधारमा कुन पार्टीले कति प्रतिनिधि पठाउन पाउने भन्ने कुराको निर्णय गरिन्छ । जर्मनीमा यही किसिमको समानुपातिक प्रतिनिधित्वको प्रणाली प्रचलनमा छ भने नेपालमा पनि भर्खरै सम्पन्न संविधान सभाको निर्वाचनमा यही प्रणालीको प्रयोग गरिएको थियो ।

हेयर प्रणाली र सूची प्रणाली दुवै नै समानुपातिक प्रतिनिधित्वका प्रणाली हुन । यस प्रणालीको सबैभन्दा ठूलो विशेषता के हो भने यसमा पार्टीहरूले प्राप्त गर्ने लोकप्रिय मत र तिनले जित्ने संसदीय सीटका बीच सापेक्षिक समानता हुन्छ । यसमा निर्णयको आधारमा बहुमत अल्पमत होइन अनुपातको सिद्धान्त हुन्छ ।

बहुमत प्रणाली भन्दा फरक समानुपातिक प्रणालीमा पराजित दलहरूले पनि संसदीय सीट प्राप्त गर्छन। यसमा दलले पाएको मतको सांख्यिक स्थिति र बिजयको स्थितिमा समानता हुन्छ । सबै मतदाताको मत निर्णायक हुन्छ र त्यसले प्रतिनिधि छनौटमा भूमिका खेल्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रमुख राजनीतिक लक्ष्य नै कुनै मुलुकमा विद्यमान सामाजिक शक्ति र राजनीतिक समूहहरूको वास्तविक स्थितिको प्रतिविम्ब प्रस्तुत गर्नु हो ।

यस प्रणालीको अवलम्बन गरेर सम्पन्न हुने निर्वाचनमा राष्ट्रिय व्यवस्थापिकामा मुलुकका सामाजिक तथा राजनीतिक शक्तिहरूको वास्तविक झलक पाइन्छ ।

## ३.५. नेपालमा निर्वाचन र महिला सहभागिताः

नेपालमा प्रतिस्पर्धात्मक स्वतन्त्र निर्वाचनको लामो इतिहास छैन । सन् १९४८ मा नगरपालिकाका लागि प्रथम पटक नेपालमा यस्तो निर्वाचन सम्पन्न भएको थियो भने सन् १९५१-६० का अवधिमा गाउँ पञ्चायतका लागि पनि स्वतन्त्र र प्रतिस्पर्धात्मक बहुदलीय निर्वाचन भएको थियो ।

## ३.५.१ प्रथम आम निर्वाचन २०१५

नेपाल अधिराज्यको संविधान २०१५ अन्तर्गत २०१५ सालमा संसदको तल्लो सदन प्रतिनिधिसभाका १०९ स्थानका लागि प्रथम बहुदलीय आमनिर्वाचन सम्पन्न भएको थियो ।सामान्य वहुमत प्रणालीमा आधारित यस निर्वाचनमा जनप्रतिनिधित्व ऐन २०१५ ले निर्वाचनका प्रक्रिया, शर्त, उम्मेदवारको योग्यता, बालिग मताधिकारका विभिन्न क्षेत्रबारे प्रकाश पारेको थियो । मतदाता सूची, निर्वाचन क्षेत्र निर्धारण, निर्वाचन सम्बन्धी मुद्दाका किनारा जस्ता अनेक विषयमा ऐनले व्याख्या गरेको थियो । प्रत्येक २१ वर्ष उमेर र निर्वाचन सम्बन्धी ऐन र नियमले योग्य मानिएको नेपाली नागरिकलाई मतदान गर्ने अधिकार प्राप्त थियो । २०१५ साल बैशाख १ गतेसम्म २१ वर्ष उमेर पुगेको मतदाताको संख्या ४२,४६,४६८ थियो । प्रत्येक निर्वाचन क्षेत्रमा बढीमा ५४ र घटीमा ११ मतदान केन्द्र थिए भने एक निर्वाचन क्षेत्रमा बढीमा ५२,०३७ र घटीमा २३,४६७ मतदाता थिए ।

२६८ स्वतन्त्र लगायत नौ राजनैतिक दलका गरी जम्मा ७८६ उम्मेदवार यस चुनावी मैदानमा रहेका थिए । नेपालको प्रथम संसदीय निर्वाचन २०१५ मा एक मात्र महिला श्री द्वारिकादेवी ठकुरानी डँडेल्धुरा निर्वाचन क्षेत्रबाट विजयी भएकी थिइन् साथै यस निर्वाचन सम्बन्धी अन्य जानकारी निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।


**तालिका नं. ३.३**

**संसदीय निर्वाचन २०१५का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण**


| क्र.स. | विवरण | प्रतिशत% | संख्या |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | | १०९ |
| २ | कूल उम्मेदवार | | ७८६ |
| ३ | पुरुष उम्मेदवार | ९८.७% | ७७६ |
| ४ | महिला उम्मेदवार | १.३ % | १० |
| ५ | निर्वाचित पुरुष | ९९.०% | १०८ |
| ६ | निर्वाचित महिला | १.० % | १ |
| ७ | कूल मतदाता | | ४२,४६,४६८ |

*स्रोतः नेपालका निर्वाचनहरू पृष्ठ ६,१४, नयाँ कोतपर्व*

चित्र नं. १




चित्र नं. २




## निर्वाचित महिलाः

| | | | |
|---|---|---|---|
| १ | द्वारिकादेवी ठकुरानी | डडेल्धुरा | नेपाली कांग्रेस |

### ३.५.२ दोस्रो आम निर्वाचन २०३८

वि.सं. २०३७ साल बैशाख २० गते राष्ट्रिय जनमत सँग्रह गरेपछि सुधारिएको पञ्चायतको पक्षमा वहुमत प्राप्त भएकाले सोहीअनुरुप श्री ५ बाट २०३७ साल पुस १ गते संविधानको तेश्रो संशोधनको घोषणा भयो । सोही संशोधित संविधानका आधारमा २०३८ साल बैशाख २७ गते विहान ८ बजेदेखि अपरान्ह ५ बजेसम्म एकैदिन बालिगमताधिकारका आधारमा राष्ट्रिय पञ्चायतका ११२ जना सदस्यको निर्वाचन सम्पन्न भयो ।

वि.सं. २०३७ साल चैत्र मसान्तसम्म २५ वर्ष उमेर पुगेका व्यक्ति उम्मेदवार बन्न पाउने व्यवस्था गरियो । विक्रम सम्वत् २०३७ साल चैत्र मसान्तसम्म २१ वर्ष पुगेको बालिग नेपालीले मत दिन पाएका थिए । वि.सं. २०३८ सालको आमनिर्वाचनमा तत्कालीन अवस्थामा प्रतिबन्धित नेपाली काँग्रेस र नेकपा मसाल लगायतका पार्टीका नेता र कार्यकर्ताले बहिष्कार गरेका थिए । यस आम निर्वाचनमा कूल १०९४ उम्मेदवारमध्ये जम्मा २९ जना महिला उम्मेदवार थिए भने केवल २ जना महिला मात्र निर्वाचित भएका थिए ।


**तालिका नं. ३.४**

**संसदीय निर्वाचन २०३८ का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण**


| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | ११२ | |
| २ | कूल उम्मेदवार | १,०९४ | |
| ३ | पुरुष उम्मेदवार | १,०६५ | ९७.३% |
| ४ | महिला उम्मेदवार | २९ | २.७ % |
| ५ | निर्वाचित पुरुष | ११० | ९८.२ % |
| ६ | निर्वाचित महिला | २ | १.८ % |
| ७ | कूल मतदाता | ७५,५३,११५ | |

*स्रोत: नेपालका निर्वाचनहरू, नयाँ कोतपर्व*

चित्र नं. ३




चित्र नं. ४




## निर्वाचित महिला उम्मेदवारहरू

| | | |
|---|---|---|
| १) | सुश्री भद्राकुमारी घले | सिन्धुली |
| २) | श्रीमती नानीमैयाँ दाहाल | काठमाडौं |

## ३.५.३ तेस्रो आमनिर्वाचन २०४३

दलविहिन पञ्चायती व्यवस्था अन्तर्गत सामान्य बहुमत प्रणालीको आधारमा नेपालको सबैभन्दा माथिल्लो जनप्रतिनिधिमुलक संस्था राष्ट्रिय पञ्चायतको आमनिर्वाचन तीन चरणमा सम्पन्न भएको थियो । वि.सं. २०४३ बैशाख २९ गते, जेठ ५ गते र १२ गते भएको उक्त निर्वाचनले ७५ जिल्लाबाट कूल ११२ जना सदस्यहरूको निर्वाचन गरेको थियो । जसमा बामपन्थी १४, प्रजातन्त्रवादी ९ जना, जनपक्षीय १८ जना गरी ४१ जना तत्कालीन सत्ताधारी दलभन्दा भिन्न विचार भएका राष्ट्रिय पञ्चायत सदस्यहरू चुनिएका थिए । कूल मतदाता ९०,३४,५८३ थिए भने जम्मा १,५४८ जना उम्मेदवारहरूमध्ये ७३ जना महिला उम्मेदवार थिए । जसमध्ये केवल ३ जना महिलाहरू मात्र निर्वाचित हुन सफल भएका थिए ।


**तालिका नं. ३.५**

**संसदीय निर्वाचन २०४३ का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण**


| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | ११२ | |
| २ | कूल उम्मेदवार | १,५४८ | |
| ३ | पुरुष उम्मेदवार | १,४७४ | ९५.३% |
| ४ | महिला उम्मेदवार | ७३ | ४.७ % |
| ५ | निर्वाचित पुरुष | १०९ | ९७.३ % |
| ६ | निर्वाचित महिला | ३ | २.७ % |
| ७ | कूल मतदाता | ९०,३४,५८३ | |

*स्रोतः नेपालका निर्वाचनहरू, नयाँ कोतपर्व*

**चित्र नं. ५**



चित्र नं. ६




*निर्वाचित उम्मेदवार (प्रतिनिधि)*

**निर्वाचित महिला उम्मेदवारहरू :**

| | | |
|---|---|---|
| १ | श्रीमती शारदा मल्ल | धनुषा |
| २ | श्रीमती लक्ष्मी सिंह | सर्लाही |
| ३ | श्री चन्दा साह | बारा |

## ३.५.४ आम निर्वाचन २०४८

ऐतिहासिक जनआन्दोलन २०४६ को उपलब्धि स्वरुप विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसमेत समावेश भई तयार गरिएको नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली जनतालाई राज्य शक्तिको जमीनको रुपमा स्वीकारेको थियो । उक्त संविधानको प्रस्तावनामा निम्न कुराहरू उल्लेख गरिएको थियो ।

१) नेपाली जनतामा सार्वभौमसत्ता निहित रहेको
२) संसदीय प्रणाली
३) संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने ।
४) बालिग मताधिकारको आधारमा निर्वाचन हुने ।

उक्त संविधानमा व्यवस्था भएबमोजिम दुई सदनात्मक व्यवस्थापिका भएको नेपाली संसदको तल्लो सदन प्रतिनिधि सभाको आम निर्वाचन २०४८ साल बैशाख २९ गते सम्पन्न भएको थियो । प्रतिनिधि सभाका लागि जम्मा २०५ जना सदस्यहरू प्रत्येक निर्वाचन क्षेत्रबाट १/१ जनाका दरले बालिग मताधिकारका आधारमा (१८ वर्ष उमेर पुगेका) एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा ५ वर्षका लागि निर्वाचित भएका थिए । कूल १,११,९१,७७७ मतदातामध्येबाट २५ वर्ष उमेर पुगेका नेपाली नागरिक उम्मेदवार हुन पाउने व्यवस्था भएबमोजिम वि.सं. २०४८ को आमनिर्वाचनमा जम्मा १३४५ जना उम्मेदवारहरू प्रतिस्पर्धामा उत्रिएका थिए । जसमध्ये महिला उम्मेदवार ८० जना थिए । सामान्य बहुमत

प्रणालीमा आधारित उक्त आमनिर्वाचनमा प्रमुख दलहरूले प्राप्त गरेको स्थान मतसंख्या र प्रतिशत निम्नानुसार छ ।

## तालिका नं. ३.६


**संसदीय निर्वाचन २०४८ मा प्रमुख राजनीतिक दलले जितेका स्थान, प्राप्त गरेको मतसंख्या र प्रतिशत**

| क.स. | राजनीतिक दल | जितेको स्थान | प्राप्त मतसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाली काँग्रेस | ११० | २७,५२,४५२ | ३७.७५ |
| २ | नेकपा एमाले | ६९ | २०,४०,१०२ | २७.९८ |
| ३ | संयुक्त जनमोर्चा | ९ | ३,११,९०४ | ४.८३ |
| ४ | नेपाल सदभावना पार्टी | ६ | २,९८,६१० | ४.१० |
| ५ | राप्रपा (चन्द) | ३ | ४,७८,६०४ | ६.५६ |
| ६ | नेमकिपा | २ | ९१,३३५ | १.२५ |
| ७ | नेकपा (प्रजातन्त्रवादी) | २ | १,७७,३२३ | २.४३ |
| ८ | राप्रपा (थापा) | १ | ३,९२,४९९ | ५.३८ |
| ९ | स्वतन्त्र | ३ | ३,०३,७२३ | ४.१७ |

*स्रोतः नेपालका आमनिर्वाचनहरू, पृष्ठ १९, नयाँ कोतपर्व*

## चित्र नं. ७

## संसदीय निर्वाचन २०४८मा विभिन्न राजनीतिक दलले जितेका स्थान





## तालिका नं. ३.७

## संसदीय निर्वाचन २०४८ का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण


| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | २०५ | |
| २ | कूल उम्मेदवार | १,३४५ | |
| ३ | पुरुष उम्मेदवार | १,२६५ | ९४.०० |
| ४ | महिला उम्मेदवार | ८० | ६.०० |
| ५ | निर्वाचित पुरुष | १९८ | ९६.६ |
| ६ | निर्वाचित महिला | ७ | ३.४ |
| ७ | कूल मतदाता | १,११,९१,७७७ | |

*स्रोतः प्रा. डा. रामकुमार दाहाल, नेपालको राजनीति, संविधान र सरकार, पृष्ठ ३४४-३४६, न्यू हिराबुक्स इन्टरप्राइजेज, कीर्तिपुर, २०५९*

चित्र नं. ८


जम्मा महिला तथा पुरुष उम्मेदवारहरु २०४८
८०
१२६५
महिला उम्मेदवार
पुरुष उम्मेदवार

चित्र नं. ९


निर्वाचित महिला तथा पुरुष उम्मेदवारहरु २०४८
निर्वाचित महिला उम्मेदवार, ७
निर्वाचित पुरुष उम्मेदवार, १९८

**तालिका नं. ३.८**

**आम निर्वाचन २०४८ मा विजयी विभिन्न राजनीतिक दलका महिलाहरू तथा निर्वाचन क्षेत्र ।**

| क्र.स. | विजयी महिलाहरू | राजनीतिक दल | निर्वाचन क्षेत्र |
|---|---|---|---|
| १ | श्री शैलजा आचार्य | नेपाली काँग्रेस | मोरङ |
| २ | श्री लीला कोइराला | नेपाली काँग्रेस | धनुषा |
| ३ | श्री साहना प्रधान | नेकपा एमाले | काठमाडौं |
| ४ | श्री मैयादेवी श्रेष्ठ | नेपाली काँग्रेस | गोरखा |
| ५ | श्री थममाया थापा | नेकपा एमाले | म्याग्दी |
| ६ | श्री उमा अधिकारी | नेपाली काँग्रेस | पर्वत |
| ७ | श्री विद्यादेवी भण्डारी | नेकपा एमाले | काठमाडौं |

## ३.५.५ आमनिर्वाचन २०५१

देशमा बहुदलीय संसदीय प्रणाली पुनर्स्थापित भएपछि सम्पन्न पहिलो आमनिर्वाचन २०४८ मा वहुमत प्राप्त नेपाली काँग्रेसको सरकारले वि.सं. २०५१ साल असार २७ गते मध्यावधि निर्वाचन गर्ने घोषणा गरेपछि वि.सं. २०५१ साल कार्तिक २९ गते मध्यावधि निर्वाचन भएको थियो । यस आमनिर्वाचनमा भागलिन कूल ६५ वटा राजनीतिक दलले निर्वाचन आयोगमा नाम दर्ता गराएका थिए । तीमध्ये २४ वटा दलले मात्र निर्वाचनमा भाग लिएका थिए ।

कूल मतदाता १,२२,९६,२१९ भएको उक्त आम निर्वाचनमा देशभर विभिन्न राजनीतिक पार्टीका गरी १४४२ जना उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएका थिए । जसमध्ये एमाले र नेपाली काँग्रेसका गरी २२, राप्रपाका १३, सद्भावनाका ९, राजपा र संजमो ६/६, नेपकिपा र राष्ट्रिय जनता परिषदका ४/४ ने.क.पा. मार्क्सवादी र संयुक्तका ३/३, जनवादी मोर्चाका २, युनाइटेड पिपुल्स पार्टी र राष्ट्रिय जनता पार्टीका १/१ र स्वतन्त्र १२ जना गरी जम्मा ८६ जना महिलाहरूले निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए । जसमध्ये एमालेका ३ र नेपाली काँग्रेसका ४ जना गरी ७ जना महिलाहरूले प्रतिनिधिसभामा आफ्नो प्रतिनिधित्व गर्न सफल भएका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचन २०५१ मा प्रमुख राजनीतिक दलले प्राप्त गरेको स्थान र मतसंख्या यस प्रकारको छ ।

**तालिका नं.३.९**

**मध्यावधि निर्वाचन २०५१ मा प्रमुख राजनीतिक दलले जितेका स्थान र प्राप्त गरेको मतसंख्या**

| क्र.स. | राजनीतिक दल | जितेको स्थान | प्राप्त मत |
|---|---|---|---|
| १ | नेकमा एमाले | ८८ | २३,५२,६०१ |
| २ | नेपाली काँग्रेस | ८३ | २४,४५,२८७ |
| ३ | राप्रपा | २० | १३,६७,१४८ |
| ४ | ने.स.पा | ३ | २,६५,८४७ |
| ५ | नेमकिपा | ४ | ७५,०७२ |
| ६ | स्वतन्त्र | ७ | ४,७१,३२४ |

*स्रोतः निर्वाचन आयोग, प्रतिनिधिसधा सदस्य निर्वाचन-२०५१ निर्वाचन आयोग परिणाम विवरण*


## तालिका नं. ४

## मध्यावधि  निर्वाचन २०५१ का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण


| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | २०५ | |
| २ | कूल उम्मेदवार | १४४२ | |
| ३ | पुरुष उम्मेदवार | १३५६ | ९४.०० |
| ४ | महिला उम्मेदवार | ८६ | ६.०० |
| ५ | निर्वाचित पुरुष | १९८ | ९६.६ |
| ६ | निर्वाचित महिला | ७ | ३.४ |
| ७ | कूल मतदाता | १,२२,९६,२१९ | |

*स्रोत: निर्वाचन आयोग, प्रतिनिधिसधा सदस्य निर्वाचन-२०५१ निर्वाचन आयोग परिणाम विवरण*

**चित्र नं. १०**



**चित्र नं. ११**




**तालिका नं ४.१**

**मध्यावधि निर्वाचन २०५१ मा विजयी विभिन्न राजनीतिक दलका महिलाहरू तथा जिल्लाहरू**

| क्र.स. | विजयी महिलाहरू | राजनीतिक दल | जिल्ला |
|---|---|---|---|
| ०१ | शैलजा आचार्य | नेपाली काँग्रेस | मोरङ्ग |
| ०२ | लीला श्रेष्ठ | नेकपा एमाले | सुनसरी |
| ०३ | लीला कोइराला | नेपाली काँग्रेस | धनुषा |
| ०४ | विद्यादेवी भण्डारी | नेकपा एमाले | काठमाडौं |
| ०५ | साहाना प्रधान | नेकपा एमाले | काठमाडौं |
| ०६ | कमलादेवी पन्त | नेपाली काँग्रेस | गोरखा |
| ०७ | मीना पाण्डे | नेपाली काँग्रेस | सर्लाही |

*स्रोतः निर्वाचन आयोग, प्रतिनिधि सभा निर्वाचन २०५१, निर्वाचन परिणाम विवरण, पृष्ठ १८६-१८९*

## ३.५.६ आम निर्वाचन २०५६

२०५६ सालको आम निर्वाचन संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्र अँगालेको नेपालको संविधान २०४७ लागू भएपछिको तेस्रो आम निर्वाचन हो र विगतका आम निर्वाचनहरूभन्दा यो आम निर्वाचन विशेष पृष्ठभूमिमा सम्पन्न भएको थियो । तत्कालीन अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले सञ्चालन गरेको सशस्त्र विद्रोह उत्कर्षमा पुगेको थियो । यसका गतिविधिलाई सरकारले आतङ्ककारी भनी घोषणा गरेको थियो जसका कारण देशका विभिन्न भागमा शान्ति सुरक्षाको स्थिति नाजुक थियो ।

दुई चरणमा सम्पन्न यस आम निर्वाचनमा कूल मतदाता संख्या १,३५,१८,८३९ थियो । विभिन्न राजनीतिक दलका गरी देशभरि २२३८ उम्मेदवार चुनावी मैदानमा उत्रिएका थिए । जसमध्ये महिला उम्मेदवारको संख्या १४३ थियो र १२ जना विभिन्न राजनीतिक दलका महिलाहरू निर्वाचित भएका थिए । प्रतिनिधिसभा निर्वाचन २०५६मा प्रमुख राजनीतिक दलहरूले प्राप्त गरेको स्थान र मतसंख्या निम्नानुसार छ ।

## तालिका नं. ४.२

### आम निर्वाचन २०५६ मा प्रमुख राजनीतिक दलले जितेका स्थान र प्राप्त गरेको मतसंख्या

| क्र.स. | राजनीतिक दल | जितेको स्थान | प्राप्त मत |
|---|---|---|---|
| १ | नेपाली काँग्रेस | १११ | ३२,१४,७८६ |
| २ | नेकपा एमाले | ७१ | २७,३४,५६८ |
| ३ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ११ | ९,०२,३२८ |
| ४ | नेपाल सद्भावना पार्टी | ५ | २७८,४३५ |
| ५ | राष्ट्रिय जनमोर्चा | ५ | १२१,४२६ |
| ६ | सं. जनमोर्चा नेपाल | १ | ७४,६६९ |
| ७ | नेपाल मजदुर किसान पार्टी | १ | ४८,६८५ |

*स्रोतः निर्वाचन आयोग, प्रतिनिधि सभा सदस्य निर्वाचन २०५६ निर्वाचन परिणाम*


## तालिका नं.४.३

### आम निर्वाचन २०५६ का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण


| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | २०५ | |
| २ | कूल उम्मेदवार | २,२३८ | |
| ३ | जम्मा पुरुष उम्मेदवार | २,०९५ | ९३.६% |
| ४ | जम्मा महिला उम्मेदवार | १४३ | ६.४% |
| ५ | निर्वाचित पुरुष | १९३ | ९४.२% |
| ६ | निर्वाचित महिला | १२ | ५.८% |
| ७ | कूल मतदाता | १,३५,१८,८३९ | |

*स्रोतः निर्वाचन आयोग, प्रतिनिधि सभा सदस्य निर्वाचन २०५६ निर्वाचन परिणाम*

<u>चित्र नं. १२</u>




<u>चित्र नं. १३</u>



## तालिका नं.४.४

**आम निर्वाचन २०५६मा विजयी विभिन्न राजनीतिक दलका महिलाहरू तथा जिल्लाहरू:**

| क्र.स. | विजयी महिला | राजनीतिक दल | जिल्ला |
|---|---|---|---|
| १ | कुन्ता शर्मा | नेकपा एमाले | सुनसरी |
| २ | रेणु कुमारी यादव | राष्ट्रिय प्रजातन्त्र पार्टी | सप्तरी |
| ३ | चित्रलेखा यादव | नेपाली कांग्रेस | सिरहा |
| ४ | विद्यादेवी भण्डारी | नेकपा एमाले | काठमाडौं |
| ५ | अष्टलक्ष्मी शाक्य | नेकपा एमाले | ललितपूर |
| ६ | सुशीला नेपाल | नेकपा एमाले | ललितपूर |
| ७ | उर्मिला अर्याल | नेकपा एमाले | पर्सा |
| ८ | सावित्री बोगटी | नेपाली काँग्रेस | चितवन |
| ९ | कमला पन्त | नेपाली कांग्रस | गोरखा |
| १० | पुष्पादेवी भुषाल | नेपाली काँग्रेस | अर्घाखाँची |
| ११ | काँशी पौडेल | नेपाली काँग्रेस | बर्दिया |
| १२ | सुशीला स्वाँर | नेपाली काँग्रेस | कैलाली |

*स्रोत: निर्वाचन आयोग, प्रतिनिधि सभा सदस्य निर्वाचन २०५६ निर्वाचन परिणाम*

## ३.५.७ संविधान सभा सदस्य निर्वाचन २०६४

वि.सं. २०६२/६३ सालमा भएको ऐतिहासिक जनआन्दोलन-२ को उपलब्धि स्वरुप विकसित राजनैतिक परिस्थितिमा आफ्ना लागि आफै संविधान बनाउन पाउने नेपाली जनताको अधिकारलाई प्रत्याभूत गर्न सात राजनैतिक दलको गठबन्धन र नेपाल कम्युनिष्ट पार्टी ( माओवादी)का शीर्ष नेताहरूको २०६३ कार्तिक २२ गते भएको निर्णय तथा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताका आधारमा २०६४ जेठ मसान्तभित्र संविधान सभाको निर्वाचन गर्ने नेपालको अन्तरिम संविधान २०६३मा उल्लेख भए अनुसार सो निर्वाचन सम्पन्न गर्न विभिन्न चरणमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको नियुक्ति भयो । विविध कारणले दुई पटकसम्म निर्वाचनको मिति संशोधन भई अन्ततः २०६४ चैत्र २८ गते संविधानसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो ।

नेपालको इतिहासमा पहिलोपटक सम्पन्न भएको यस ऐतिहासिक संविधान सभा सदस्य निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अंगीकार गरिएको थियो । वि.सं. २०६३ साल माघ १ गते जारी गरिएको नेपालको अन्तरिम संविधान २०६३ को धारा ६३ को उपधारा (३)मा ४२५ सदस्यीय संविधान सभाको गठन हुने, तीमध्ये २०५ जना पहिलो हुने निर्वाचित हुने निवार्चनबाट र २०४ जना सदस्य समानुपातिक निर्वाचनबाट निर्वाचित हुने प्रावधान थियो । प्रत्यक्ष निर्वाचनतर्फको प्रतिनिधित्व बढाउने उद्देश्यले तत्काल कायम रहेको २०५ वटा निर्वाचन क्षेत्रको पुनरावलोकन गर्न निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन भयो । सो आयोगले पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत देशलाई २४० निर्वाचन क्षेत्रमा विभाजित गरेकोले समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि सो संख्या २०४ वाट २४० पुऱ्याइयो । मनोनयन गरिने सदस्य संख्या १७ पुऱ्याई ४९७ सदस्यीय संविधान सभा गठन गर्ने व्यवस्था भयो । २०६४ साल जेठ महिनामा हुने भनिएको निर्वाचन २०६४ मंसिर ६ गते गर्ने मिति तोकिएपनि सो निर्वाचन स्थगित भएपछि पुनः राजनैतिक सहमति जुटाई व्यवस्थापिका संसदबाट अन्तरिम संविधान तेस्रो संशोधन गरी पहिलो हुने निर्वाचित हुने

प्रणालीतर्फ २४० र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३३५ गरी जम्मा ५७५ र मनोनित गरी जम्मा ६०१ सदस्य रहेको संविधान सभा गठन गर्ने व्यवस्था गरियो । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम मिश्रित निर्वाचन प्रणाली अंगिकार गरी २०६४ चैत्र २८ गते संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भयो ।

मिश्रित निर्वाचन प्रणाली अंगीकार गरी सम्पन्न गरिएको यस ऐतिहासिक संविधान सभा सदस्य निर्वाचनमा तुलनात्मक रुपमा अघिल्ला आमनिर्वाचनहरूभन्दा महिला सहभागितामा वृद्धि भएको देखिन्छ । पहिला हुने निर्वाचित हुने प्रणालीअन्तर्गत कूल ३९४६ उम्मेदवारहरू मध्ये ३६८ जना महिला उम्मेदवार थिए । संविधान सभा सदस्यको लागि भएको २४० जनाको सीटमा ३० जना महिला विजयी भएका थिए । यिनीहरूको विजयपश्चात भौगोलिक क्षेत्रबाट संविधान सभा सदस्यको निर्वाचनबाट प्रतिनिधित्व गर्ने महिलाहरूको प्रतिशत १२.५ पुगेको छ । त्यस्तै समानुपातिक तर्फ ३३५ सीट मध्ये विभिन्न १९ राजनैतिक दलहरूबाट १६१ जना महिला सभासद विजयी भएका छन् । यसरी हेर्दा इतिहासमा नै सबैभन्दा धेरै महिलाहरूको सहभागिता यसपटक देखिएको छ । मनोनित भएका २६ जनामा महिलाको सहभागिता ५ छ। यसलाई जोड्दा १९६ अर्थात् ३१.६१% महिलाहरू हाल सभासद् भएका छन् ।


## तालिका नं.४.५

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली २०६४ का महिला तथा पुरुष उम्मेदवारहरूको विवरण**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कूल संसदीय सीट | २४० | १०० |
| २ | कूल उम्मेदवार | ३,९४६ | १०० |
| ३ | जम्मा महिला उम्मेदवार | ३६८ | ९.३ |
| ४ | जम्मा पुरुष उम्मेदवार | ३,५७८ | ९०.७ |
| ५ | विजयी महिला | ३० | १२.५ |
| ६ | विजयी पुरुष | २१० | ८७.५ |
| ७ | कूल मतदाता | १,७६,११,८३२ | १०० |
| ८ | महिला मतदाता | ८७,३०,४७३ | ४९.६ |
| ९ | पुरुष मतदाता | ८८,८१,३५९ | ५०.४ |


*स्रोत: निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

## चित्र नं. १४





*स्रोत: निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

## चित्र नं. १५




*स्रोत: निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

## चित्र नं. १६




*स्रोत: निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

## तालिका नं.४.६


**संविधान सभा सदस्य निर्वाचन २०६४मा प्रथम हुने निर्वाचन प्रणालीअन्तर्गत निर्वाचित विभिन्न राजनीतिक दलका महिला तथा पुरुष उम्मेदवारहरूको संख्या र महिलाहरूको प्रतिशत**

| क.स. | राजनीतिक दल | महिला | पुरुष | महिला प्रतिशत |
|---|---|---|---|---|
| १ | नेकपा (माओवादी) | २४ | ९६ | २० |
| २ | नेपाली काँग्रेस | २ | ३५ | ५.४ |
| ३ | नेकपा एमाले | १ | ३२ | ३ |
| ४ | मजअ फोरम नेपाल | २ | २८ | ६.६ |
| ५ | तमलोपा | १ | ८ | ११ |
| ६ | सदभावना पार्टी | ० | ४ | ० |
| ७ | नेमकिपा | ० | २ | ० |
| ८ | जनमोर्चा नेपाल | ० | २ | ० |
| ९ | राष्ट्रिय जनमोर्चा | ० | १ | ० |

*स्रोत: निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

## चित्र नं. १७

विभिन्न राजनीतिक दलका प्रथम हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत विजयी महिलाहरू




*स्रोत: निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

## तालिका नं.४.७

**प्रत्यक्ष निर्वाचनबाट निर्वाचित महिलाहरू, राजनीतिक दल र निर्वाचित जिल्ला**

| क्र.स. | विजयी महिलाहरू | राजनीतिक दल | जिल्ला |
|---|---|---|---|
| १ | धर्मशिला चपाई | नेकपा माओवादी | झापा |
| २ | समिता कार्की | नेकपा माओवादी | खोटाङ्ग |
| ३ | मणि(खुम्बु) किराँती | नेकपा माओवादी | उदयपुर |
| ४ | रेणुकुमारी यादव | मजअ फोरम नेपाल | सप्तरी |
| ५ | देवी खड्का | नेकपा माओवादी | दोलखा |
| ६ | नीरकुमारी कुवँर | नेकपा माओवादी | सिन्धुली |
| ७ | रामकुमारी देवी यादव | नेकपा माओवादी | धनुषा |
| ८ | सुमित्रा देवी राय यादव | तमलोपा | सर्लाही |
| ९ | कल्पना धमला | नेकपा माओवादी | धादिङ्ग |
| १० | विमला सुवेदी | नेकपा माओवादी | नुवाकोट |
| ११ | सुप्रभा घिमिरे | नेपाली काँग्रेस | काठमाडौं |
| १२ | हिसिला यमी | नेकपा माओवादी | काठमाडौ |
| १३ | पम्फा भुसाल | नेकपा माओवादी | ललितपूर |

| | | | |
|---|---|---|---|
| १४ | कुमारी मुक्तान | नेकपा माओवादी | मकवानपुर |
| १५ | करिना बेगम | मजअ फोरम नेपाल | पर्सा |
| १६ | पार्वती (थापा) श्रेष्ठ | नेकपा माओवादी | गोरखा |
| १७ | दुर्गाकुमारी वि.क. | नेकपा माओवादी | कास्की |
| १८ | लीला कुमारी बगाले | नेकपा माओवादी | पाल्पा |
| १९ | पुष्पा भुसाल | नेपाली काँग्रेस | अर्घाखाँची |
| २० | सीतादेवी पौडेल | नेकपा माओवादी | नवलपरासी |
| २१ | जुनकुमारी रोका | नेकपा माओवादी | रुकुम |
| २२ | जयपुरी घर्ती | नेकपा माओवादी | रोल्पा |
| २३ | दामाकुमारी शर्मा | नेकपा माओवादी | दाङ्ग |
| २४ | सुषमा शर्मा घिमिरे | नेकपा माओवादी | दाङ्ग |
| २५ | कमला शर्मा | नेकपा एमाले | सुर्खेत |
| २६ | पूर्णाकुमारी सुवेदी | नेकपा माओवादी | बाँके |
| २७ | सरला रेग्मी | नेकपा माओवादी | बर्दिया |
| २८ | रुपा सि.सि. चौधरी | नेकपा माओवादी | कैलाली |
| २९ | लीलाकुमारी भण्डारी | नेकपा माओवादी | कैलाली |
| ३० | रेणु चन्द (भट्ट) | नेकपा माओवादी | बैतडी |

*स्रोतः निर्वाचन आयोग संविधानसभा सदस्य निर्वाचन २०६४, परिणाम पुस्तिका*

विगतका संसदीय निर्वाचनको तुलनामा २०६४ मा भएको संविधानसभाको निर्वाचनमा महिलाहरुको उल्लेखनिय प्रतिनिधित्व भएको छ । प्रत्यक्ष निर्वाचन तर्फ ३० जना महिला विजयी भएका छन् । निर्वाचनमा पराजित भएका तर दोस्रो स्थान प्राप्त गर्न सफल महिला उम्मेदवार हरुको संख्या १४ रहेको छ । तिनीहरु मध्य नेकपा एमालेवाट गंगादेवी डांगी मोरङ्ग, विद्यादेवी भण्डारी र अष्ठलक्ष्मी शाक्य काठमाडौं, सीता गिरी वली कास्की, नरदेवी पुन म्याग्दी र रीता रावल जाजरकोट गरी ६ जना, नेपाली कांग्रेसबाट सीतादेवी यादव सिराहा, दीगशिखा शर्मा ढकाल सिन्धुली, सारदादेवी पौडेल कास्की, अनिता देवकोटा दाङ्ग, सुवर्ण ज्वारचन गुल्मी र मैयादेवी श्रेष्ठ चितवन गरी ६ जना र नेकपा माओवादीबाट शोभा कट्टेल चितवन, मनरुपा शर्मा सुवेदी पर्वतगरी २ जना रहेका छन्।
त्यसैगरी पराजित तर तेस्रो स्थान प्राप्त गर्न सफल महिला उम्मेदवारहरुमा नेकपा एमालेवाट १६ जना, नेपाली कांग्रेसवाट १५ जना र नेकपा माओवादीवाट १२ जना गरी जम्मा ४३ जना रहेका छन् ।

यद्यपि निर्वाचनमा विजय प्राप्त गर्ने महिलाहरुको संख्या न्यून देखिन्छ तरपनि दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने महिलाहरुले पनि सफलता प्राप्त गर्न सकेको भए आधा जनसंख्या भएका महिलाहरुको सही प्रतिनिधित्व हुने थियो ।[२८]

---

[२८] पीताम्वर ढकाल, ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४, काठमाडौं २०६५, पेज नं. ११० देखि १११


## तालिका नं. ४.८

संविधान सभा सदस्य निर्वाचन २०६४मा समानुपातिक निर्वाचन प्रणाली मार्फत् सभासद् हुन सफल विभिन्न राजनीतिक दलका महिला सभासदहरू:


| क्रस | राजनीतिक दल | दलित | जनजाति | मधेसी | पिछडिएको | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | नेकपा माओवादी | ६ | १८ | १० | २ | १४ | ५० |
| २ | नेपाली काँग्रेस | ५ | १३ | ६ | १ | ११ | ३६ |
| ३ | नेकपा एमाले | ४ | ११ | ८ | १ | ११ | ३५ |
| ४ | मधेसी जनअधिकार फोरम | ३ | २ | ६ | - | - | ११ |
| ५ | तमलोपा | १ | | ४ | | | ५ |
| ६ | राप्रपा | १ | २ | | | १ | ४ |
| ७ | नेकपा माले | १ | १ | | | २ | ४ |
| ८ | नेपाली जनता दल | | | १ | | | १ |
| ९ | जनमोर्चा नेपाल | | १ | | | १ | २ |
| १० | सदभावना पार्टी | | १ | १ | | | २ |
| ११ | राप्रपा नेपाल | | १ | | | १ | २ |
| १२ | राष्ट्रिय जनशक्ति पार्टी | | १ | | | | १ |
| १३ | राष्ट्रिय जनमोर्चा | | १ | | | | १ |
| १४ | नेमकिपा | | १ | | | | १ |
| १५ | राष्ट्रिय जनमुक्ति पार्टी | | १ | | | | १ |
| १६ | संघीय लोकतान्त्रिक मञ्च | | १ | | | | १ |
| १७ | सदभावना (आनन्ददेवी) | | | १ | | | १ |
| १८ | नेकपा एकीकृत | | | | | १ | १ |
| १९ | नेकपा संयुक्त | | | | | २ | २ |
| | जम्मा | २१ | ५५ | ३७ | ४ | ४४ | १६१ |

*स्रोत: जागरण नेपाल, जागरण अभियान अङ्क १०, २०६५ पृष्ठ ५*

## चित्र नं. १८



## चित्र नं. १९




तालिका नं. ४.९

**समानुपातिक निर्वाचन प्रणालीबाट सभासद हुन सफल महिला सभासदहरू, तिनीहरूको उमेर र आवद्ध राजनीतिक दलः**

| क्र.स. | उम्मेदवारको नाम | उमेर | राजनैतिक दल |
|---|---|---|---|
| १ | लीला देवी मेहता | ३१ | नेकपा माओवादी |
| २ | जुब्बा सोरेन | ३१ | नेकपा माओवादी |
| ३ | ललिता कुमारी साह | २८ | नेकपा माओवादी |
| ४ | सुनीताकुमारी महतो | ३१ | नेकपा माओवादी |
| ५ | प्रमिलादेवी महतो | ३८ | नेकपा माओवादी |
| ६ | बुधनीदेवी महतो | ३५ | नेकपा माओवादी |
| ७ | ज्वालाकुमारी साह | २६ | नेकपा माओवादी |
| ८ | इन्द्रमती यादव | २८ | नेकपा माओवादी |
| ९ | लक्ष्मीकुमारी चौधरी | ३६ | नेकपा माओवादी |
| १० | सुकदैया चौधरी थारु | २९ | नेकपा माओवादी |
| ११ | शान्तिदेवी राजवंशी | ४७ | नेकपा माओवादी |
| १२ | हलिना खातुन सोखिन | ५० | नेकपा माओवादी |
| १३ | दुर्गीदेवी पासवान | ३५ | नेकपा माओवादी |
| १४ | चन्दा देवी | २८ | नेकपा माओवादी |
| १५ | अमृता थापा मगर | ३५ | नेकपा माओवादी |
| १६ | तारा घर्तीमगर | ३२ | नेकपा माओवादी |
| १७ | ओनसरी घर्तीमगर | ३० | नेकपा माओवादी |
| १८ | कमला रोक्का | ३२ | नेकपा माओवादी |
| १९ | सन्तमाया तामाङ्ग | ३१ | नेकपा माओवादी |
| २० | इन्द्रावती अधिकारी (दनुवार) | ४० | नेकपा माओवादी |
| २१ | सावित्री गुरुङ्ग दुरा | ३० | नेकपा माओवादी |
| २२ | लक्ष्मी गुरुङ्ग | २८ | नेकपा माओवादी |
| २३ | विष्णुकुमारी राई | ३३ | नेकपा माओवादी |
| २४ | सुशीला कन्दङवा | २६ | नेकपा माओवादी |

| | | | |
|---|---|---|---|
| २५ | आङ्दावा शेर्पा | ३८ | नेकपा माओवादी |
| २६ | माया चेपाङ्ग | ३५ | नेकपा माओवादी |
| २७ | उमा भुजेल | ३० | नेकपा माओवादी |
| २८ | महालक्ष्मी श्रेष्ठ | ६३ | नेकपा माओवादी |
| २९ | उमा गोठे (कपाली) | २६ | नेकपा माओवादी |
| ३० | बिमला मिजार | ५४ | नेकपा माओवादी |
| ३१ | रुपा वि.क. | २७ | नेकपा माओवादी |
| ३२ | सन्तोषी वि.क. | ४१ | नेकपा माओवादी |
| ३३ | पार्वती रसाइली | ३३ | नेकपा माओवादी |
| ३४ | हिमकुमारी सुनार | ४६ | नेकपा माओवादी |
| ३५ | सत्य पहाडी | ३० | नेकपा माओवादी |
| ३६ | धीरेन्द्रा कुमारी उपाध्याय | २८ | नेकपा माओवादी |
| ३७ | रेणु दाहाल | ३१ | नेकपा माओवादी |
| ३८ | यशोदा गुरुङ्ग सुवेदी | ३९ | नेकपा माओवादी |
| ३९ | खुमा सुवेदी | ३५ | नेकपा माओवादी |
| ४० | गीता ठगुन्ना | २५ | नेकपा माओवादी |
| ४१ | रेणुका चौलागाईं | २९ | नेकपा माओवादी |
| ४२ | गङ्गा पराजुली | ३२ | नेकपा माओवादी |
| ४३ | शान्ता न्यौपाने | ५० | नेकपा माओवादी |
| ४४ | उमा कार्की विष्ट | २८ | नेकपा माओवादी |
| ४५ | पूजा खनाल | ३२ | नेकपा माओवादी |
| ४६ | विमला के.सी. | २९ | नेकपा माओवादी |
| ४७ | शारदा घिमिरे | २९ | नेकपा माओवादी |
| ४८ | कल्पनादेवी सुवेदी | ४८ | नेकपा माओवादी |
| ४९ | भरतकुमारी रेग्मी शर्मा | ३३ | नेकपा माओवादी |
| ५० | गोमा पाठक | २५ | नेकपा माओवादी |
| ५१ | उमा अधिकारी रेग्मी | ५३ | नेपाली काँग्रेस |
| ५२ | मीना पाण्डे | ५५ | नेपाली काँग्रेस |
| ५३ | महालक्ष्मी अर्याल उपाध्याय | ४२ | नेपाली काँग्रेस |
| ५४ | अम्बिका बस्नेत | ५८ | नेपाली काँग्रेस |
| ५५ | आरजु राणा देउवा | ४५ | नेपाली काँग्रेस |
| ५६ | निर्मला प्रसाई अधिकारी | ५९ | नेपाली काँग्रेस |
| ५७ | उषा गुरुङ्ग | ३८ | नेपाली काँग्रेस |
| ५८ | भुटिनी देवी खवास | ४० | नेपाली काँग्रेस |
| ५९ | कविताकुमारी सर्दार | ४३ | नेपाली काँग्रेस |
| ६० | रामावती चौधरी | ५७ | नेपाली काँग्रेस |
| ६१ | लीला सुब्बा | ५५ | नेपाली काँग्रेस |
| ६२ | सीता गुरुङ्ग | ३२ | नेपाली काँग्रेस |
| ६३ | बीना पौडेल | ४८ | नेपाली काँग्रेस |
| ६४ | हीरा गुरुङ्ग | ३९ | नेपाली काँग्रेस |
| ६५ | प्रमिला राई | ४४ | नेपाली काँग्रेस |
| ६६ | लक्ष्मी परियार | ३० | नेपाली काँग्रेस |
| ६७ | मुन्नी कुमारी गुप्ता | २९ | नेपाली काँग्रेस |
| ६८ | सरस्वती चौधरी | ४८ | नेपाली काँग्रेस |

| | | | |
|---|---|---|---|
| ६९ | कृष्णा ठाकुर | ५४ | नेपाली काँग्रेस |
| ७० | मीनाक्षी झा | ४२ | नेपाली काँग्रेस |
| ७१ | किरण यादव | ४० | नेपाली काँग्रेस |
| ७२ | कल्याणी रिजाल | ४६ | नेपाली काँग्रेस |
| ७३ | रमा गुरागाई | ४३ | नेपाली काँग्रेस |
| ७४ | कृष्णा अमात्य | ४२ | नेपाली काँग्रेस |
| ७५ | कमला थापा | ४९ | नेपाली काँग्रेस |
| ७६ | ललिता किडंरिङ मगर | ४६ | नेपाली काँग्रेस |
| ७७ | सुनदेवी जोशी | ५७ | नेपाली काँग्रेस |
| ७८ | कृष्णा कुमारी परियार | ४१ | नेपाली काँग्रेस |
| ७९ | उर्मिला थापा | ४२ | नेपाली काँग्रेस |
| ८० | सावित्री सिंह | ४३ | नेपाली काँग्रेस |
| ८१ | रत्ना शेरचन | ५१ | नेपाली काँग्रेस |
| ८२ | बिमला नेपाली | २९ | नेपाली काँग्रेस |
| ८३ | दूधकुमारी हमाल | ४५ | नेपाली काँग्रेस |
| ८४ | मोहमद्दी सिद्दिकी | ४९ | नेपाली काँग्रेस |
| ८५ | कल्पना सोप दमाई | ३५ | नेपाली काँग्रेस |
| ८६ | इश्वरी न्यौपाने | ४८ | नेपाली काँग्रेस |
| ८७ | राधा ज्ञवाली | ५३ | नेकपा एमाले |
| ८८ | विष्णुमाया विश्वकर्मा | ३४ | नेकपा एमाले |
| ८९ | विभाकुमारी कार्की | ४० | नेकपा एमाले |
| ९० | बीना ज्ञवाली | ४८ | नेकपा एमाले |
| ९१ | बिन्दा पाण्डे | ४१ | नेकपा एमाले |
| ९२ | दुर्गा परियार | ३० | नेकपा एमाले |
| ९३ | डोल्मा तामाङ्ग | ३५ | नेकपा एमाले |
| ९४ | हसिना मियाँ | ५७ | नेकपा एमाले |
| ९५ | जया घिमिरे | ४९ | नेकपा एमाले |
| ९६ | जुलीकुमारी महतो | २७ | नेकपा एमाले |
| ९७ | किरण कुमारी राय | ४० | नेकपा एमाले |
| ९८ | नारायणीदेवी घिमिरे अर्याल | ४१ | नेकपा एमाले |
| ९९ | पद्माकुमारी अर्याल | ४० | नेकपा एमाले |
| १०० | रामरती राम | ४१ | नेकपा एमाले |
| १०१ | रत्ना गुरुङ्ग | ४४ | नेकपा एमाले |
| १०२ | रिमाकुमारी नेपाली | ४० | नेकपा एमाले |
| १०३ | शकुन्तला लेप्चा | ३० | नेकपा एमाले |
| १०४ | लक्की शेर्पा | ३३ | नेकपा एमाले |
| १०५ | सीताकुमारी पौडेल | ५० | नेकपा एमाले |
| १०६ | सावित्रा भुसाल | ५० | नेकपा एमाले |
| १०७ | सोनाम छुदेङ्ग लामा | ५२ | नेकपा एमाले |
| १०८ | सरला यादव | ४२ | नेकपा एमाले |
| १०९ | शारदा झा | ४१ | नेकपा एमाले |
| ११० | शारदादेवी कुमाल | ४१ | नेकपा एमाले |
| १११ | शान्तिमाया तामाङ्ग | २९ | नेकपा एमाले |
| ११२ | शान्तिदेवी चमार | ३४ | नेकपा एमाले |

| | | | |
|---|---|---|---|
| ११३ | शान्ति जिरेल | ३४ | नेकपा एमाले |
| ११४ | सपना प्रधान मल्ल | ४३ | नेकपा एमाले |
| ११५ | शान्ति बस्नेत (अधिकारी) | ४७ | नेकपा एमाले |
| ११६ | शान्ता चौधरी | २८ | नेकपा एमाले |
| ११७ | थममाया थापा मगर | ५० | नेकपा एमाले |
| ११८ | टासी स्याङ्बो गुरुङ्गसेनी | ४२ | नेकपा एमाले |
| ११९ | उषाकला राइ | ३८ | नेकपा एमाले |
| १२० | उर्मिलादेवी शाह | ३९ | नेकपा एमाले |
| १२१ | यशोदादेवी अधिकारी | ४७ | नेकपा एमाले |
| १२२ | सन्ध्या देवी | ४२ | मधेसी जनअधिकार फोरम नेपाल |
| १२३ | निलम बर्मा | ४८ | मधेसी जनअधिकार फोरम नेपाल |
| १२४ | ललिता साह | २९ | मधेसी जनअधिकार फोरम नेपाल |
| १२५ | कलावतीदेवी दुसाध | ४६ | मधेसी जनअधिकार फोरम नेपाल |
| १२६ | रम्भादेवी | ५० | मधेसी जनअधिकार फोरम नेपाल |
| १२७ | सरिताकुमारी साह | ४२ | मधेसी जनअधिकार फोरम नेपाल |
| १२८ | आशाकुमारी सरदार | ३० | मधेसी जनअधिकार फोरम नेपाल |
| १२९ | सलमा खातुन | ३७ | मधेसी जनअधिकार फोरम नेपाल |
| १३० | दुर्गादेवी महतो | ३२ | मधेसी जनअधिकार फोरम नेपाल |
| १३१ | सेवकीदेवी दास तत्मा | ३६ | मधेसी जनअधिकार फोरम नेपाल |
| १३२ | सबितादेवी यादव | ३३ | मधेसी जनअधिकार फोरम नेपाल |
| १३३ | काशीदेवी झा | ६२ | तमलोपा |
| १३४ | उर्मिला महतो कोइरी | ४४ | तमलोपा |
| १३५ | चन्दन साह | ३३ | तमलोपा |
| १३६ | वसन्ती झा | ५२ | तमलोपा |
| १३७ | रमणी राम | ४० | तमलोपा |
| १३८ | प्रतिभा राणा | ६० | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १३९ | नवोदिता चौधरी | ३० | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १४० | दालकुमारी सुनुवार | ६५ | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १४१ | बबिता देवी धोबी | ३४ | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १४२ | नीलम केसी खड्का | ४४ | नेकपा माले |
| १४३ | जनककुमारी चालिसे | ४७ | नेकपा माले |
| १४४ | शारदा नेपाली | ४२ | नेकपा माले |
| १४५ | पार्वती महतो कुमाल | २९ | नेकपा माले |
| १४६ | गौरी महतो कोइरी | ४८ | सदभावना पार्टी |
| १४७ | मालामती देवी राना | ४७ | सदभावना पार्टी |
| १४८ | दुर्गाजयन्ती राइ | ३२ | जनमोर्चा नेपाल |
| १४९ | सीता पोखरेल | ३२ | जनमोर्चा नेपाल |
| १५० | कल्पना राणा | ४८ | नेकपा (संयुक्त) |
| १५१ | रामशिला ठाकुर | ३० | नेकपा (संयुक्त) |
| १५२ | कुन्ती शाही | ३० | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| १५३ | बबिना मोक्तान तामाङ्ग | ३४ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल |
| १५४ | मिना पुन | ३५ | राष्ट्रिय जनमोर्चा |
| १५५ | फुलमतीदेवी चौधरी | ४६ | राष्ट्रिय जनमोर्चा पार्टी |
| १५६ | लिला न्याइच्याइ | २७ | नेमकिपा |

| | | | |
|---|---|---|---|
| १५७ | रुक्मनी चौधरी | ३० | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| १५८ | सरिता गिरी | ४६ | नेपाल सदभावना पार्टी आनन्दीदेवी |
| १५९ | छियामा राई | ६४ | राष्ट्रिय जनमुक्ति पार्टी |
| १६० | गायत्री साह | २६ | नेपाली जनता दल |
| १६१ | राधादेवी तिमिल्सेना | ४७ | नेपाल कम्युनिष्ट पार्टी एकीकृत |

*स्रोत: निर्वाचन आयोग, संविधानसभा सदस्य निर्वाचन-२०६४, परिणाम पुस्तिका*

समानुपातीक निर्वाचन मार्फत विभिन्न राजनीतिक दलहरुवाट कूल १६१ जना महिलाहरुले प्रतिनिधित्व गरेका छन् । उनिहरुको उमेरगत विश्लेषण गर्ने हो भने २५- ३५ वर्ष उमेर समूहका ६१ जना, ३५- ४५ वर्ष उमेर समूहका ५० जना, ४५-५५ वर्ष उमेर समूहका ३८ जना र ५५ वा सो भन्दा वढी उमेर समुहका १२ जना महिलाहरुको संविधान सभामा प्रतिनिधित्व रहेको छ । जस मध्ये सवैभन्दा कम उमेरकी महिला सभासद्हरु क्रमश गीता ठगुन्ना र गोमा पाठकको उमेर २५ बर्ष मात्र छ भने ६५ बर्षिय दालकुमारी सुनुवार सवैभन्दा वढी उमेर भएकी महिला सभासद् हुन् ।

## ३.६ नेपालका राजनीतिक दल तथा केन्द्रीय कार्यसमितिमा रहेका महिलाहरू:

वहुदलीय प्रजातन्त्रमा दलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । राजनीतिक दलहरूमा सक्षम र सशक्त नेतृत्व भएपछि मात्र राज्यका हरेक अङ्गमा सक्षम र सशक्त नेतृत्व पुग्छ । दलीय पद्धतिमा शासन् व्यवस्थामा जाने पहिलो खुड्किलो नै राजनीतिक दलहरू हुन । राजनीतिक दलहरूले जनतामा व्यापक जनचेतना जगाई राजनीतिक रुपमा सक्रिय बनाउन अहम् भूमिका खेलेका हुन्छन् । जति धेरै मात्रामा जनताहरू राजनीतिक सहभागितामा सहभागी हुन्छन् त्यति नै दलीय व्यवस्था मजबुत बन्दै जान्छ । राज्यको निर्णय निर्माण गर्ने ठाउँमा पुग्नका लागि पनि राजनीतिक दल नै पहिलो खुड्किलो हो भन्ने कुरामा दुईमत छैन । तसर्थ महिलाको राजनीतिक सहभागीत बारे अझ बढी जानकारी हासिल गर्नका लागि विभिन्न राजनीतिक दलका बारेमा सामान्य जानकारी राख्न र तिनका केन्द्रीय कार्य समितिमा महिला सहभागिता थाहा पाउन सान्दर्भिक भएकाले प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### (क) <u>नेपाली काँग्रेस</u>

नेपाली काँग्रेस पार्टीको स्थापना वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय काँग्रेस र नेपाल प्रजातन्त्र काँग्रेसबीच एकीकरण पश्चात् भएको हो । नेपाली काँग्रेस राष्ट्रियता, प्रजातन्त्र र समाजवादमा विश्वास गर्ने राजनीतिक दल हो । यो प्रजातन्त्रका लागि निरन्तर संर्घषरत नेपालको सबैभन्दा पूरानो राजनीतिक दल हो । नेपाली काँग्रेसले आफ्नो स्थापना कालदेखि नै प्रतिपादन गरेको राष्ट्रियता, प्रजातन्त्र र समाजवादका आर्दश मूल्य मान्यताका आधारमा न्यायपूर्ण, गतिशील स्वतन्त्र र समतामूलक समाज स्थापना गर्ने लक्ष्य लिएको छ । नेपालको विशिष्टतालाई बुझ्दै यस पार्टीले सबै पेशा, पिछडिएको वर्ग तथा समुदायमा आफ्नो सँगठन विस्तार गरेको छ । यस पार्टीको चुनाव चिन्ह 'रुख' हो । हाल नेपाली काँग्रेसको ६५ सदस्यीय केन्द्रीय कार्य समितिमा निम्नलिखित ८ जना महिलाहरू रहेका छन् ।[37]

[37] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

१) शैलजा आचार्य
२) मीना पाण्डे
३) सुप्रभा घिमिरे
४) उमा अधिकारी
५) सुजाता कोइराला
६) लीला कोइराला
७) चित्रलेखा यादव
८) डीना उपाध्याय

## ख) नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी र लेनिनवादी

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ सालमा भएको हो । नेपाली जनताको सामन्तवाद, साम्राज्यवाद विरोधी संघर्षको नेतृत्व गर्दै अघि बढ्ने क्रममा गठन, पुनर्गठन र एकीकरणको प्रक्रिया पार गर्दै अहिले नेपाल कम्युनिष्ट पार्टी (एमाले) सँगठित रुपमा अघि बढिरहेको छ । यस पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद, लेनिनवाद हो । यसको न्यूनतम लक्ष्य जनताको वहुदलीय जनवाद हो भने अधिकतम लक्ष्य साम्यवाद हो । यसको सांगठनिक सिद्धान्त जनवादी केन्द्रीयता हो । गठन, पुनर्गठन र एकीकरण प्रक्रियामा विभिन्न नाममा पार्टीले काम गरे पनि तत्कालीन नेकपा माले र नेकपा मार्क्सवादी एकीकरण भई नेकपा एमालेको रुपमा २०४७ साल देखि यो पार्टी कार्यरत छ ।

वर्ग संघर्षलाई मूल कडीका रुपमा अँगाल्दै वहुदलीय प्रतिस्पर्धा, संविधानको सर्वोच्चता, मानवअधिकार, शान्ति अग्रगमनजस्ता लोकतन्त्रका महत्वपूर्ण कुरालाई यस पार्टीले आत्मसात गरेको छ । यस पार्टीको चुनाव चिन्ह ‘सूर्य’ हो र आठौ महाधिवेशनबाट निर्वाचित ११५ सदस्यीय केन्द्रीय कार्यसमितिमा निम्न लिखित २२ जना महिलाहरू रहेका छन् ।[२८]

१) विद्यादेवी भण्डारी
२) अष्टलक्ष्मी शाक्य
३) उर्मिला अर्याल
४) साहना प्रधान
५) विन्दा पाण्डे
६) श्रीमाया थकाली
७) थममाया थापा मगर
८) राधा ज्ञवाली
९) जयन्ती राई
१०) गौरा कोइराला
११) कल्याणी खड्का
१२) टुका हमाल
१३) कमलादेवी महतो
१४) महिन लिम्बु
१५) शुशिला नेपाल

[२८] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

१६) गरिमा साह
१७) ममता गिरी
१८) गौरी वली
१९) कमला सुवेदी
२०) कल्पना चापागाई
२१) गङ्गादेवी डाँगी
२२) शान्तिदेवी खनाल

**ग) एकीकृत नेकपा माओवादी**

नेकपा माओवादी पार्टीको स्थापना नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएको वर्ष २००६ साललाई नै मान्न सकिन्छ । कम्युनिष्ट पार्टीको विभिन्न टुटफुट र विभाजनको प्रक्रियाभित्र २०४८ सालको एकता राष्ट्रिय महाधिवेशनमा विभिन्न साना वामदलहरूसँग एकता कायम गरी सुरुमा नेकपा एकता केन्द्र र २०५१ सालको प्रथम राष्ट्रिय सम्मेलनबाट वर्ग संघर्षको कार्यदिशा पारित गर्दै नेकपा माओवादीको गठन भएको हो । नेपाली कम्युनिष्ट आन्दोलनमा देखा परेको दक्षिणपन्थी संशोधनवाद, पलायनवाद र व्यक्तिवादको विरुद्ध संघर्ष गर्ने भन्दै २०५२ साल फाल्गुण १ गते प्रतिक्रियावादी सत्तालाई ध्वस्त पार्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं भन्ने नाराका साथ यस पार्टीले हिंसात्मक जनयुद्ध शुरु गरेको हो । २०५७ सालमा दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरी नेपालको विशेषता अनुरुप आफ्नै मौलिक विचार प्रचण्डपथको निर्माण गऱ्यो । मार्क्सवाद, लेनिनवाद, माओवाद र प्रचण्डपथको उद्देश्य यस पार्टीले बोकेको छ । यो पार्टी ग्रामीण स्तरको वर्गसंघर्ष र थुप्रै जनसंघर्षहरूको उत्कर्षमा सबैभन्दा लामो समयसम्म जनयुद्ध लड्ने पार्टी हो ।

सामन्ती राजतन्त्रविरुद्ध सात राजनीतिक दलसँग छलफल र सहकार्य गर्दै २०६२ मंसिर ७ गते १२ बुँदे सहमति निर्माण गरी यो पार्टी २०६३ सालको जनआन्दोलनपश्चात् मात्र शान्तिपूर्ण राजनीतिक मूलधारमा आएको हो । यस पार्टीको ३३ सदस्यीय केन्द्रीय कमिटी भएकोमा वि.सं. २०६४ मा एकता केन्द्रसँग एकीकरण भएपछि हाल केन्द्रीय कमिटीमा १३७ जना पदाधिकारीहरू छन् । जसमध्ये १२ जना महिलाहरू रहेको छन् । यस पार्टीको नाम एकीकरण पछि एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी रहन गएको छ र यसको चुनाव चिन्ह 'गोलाकार भित्र हँसिया हतौडा' हो ।[१७]

**घ) जनमोर्चा नेपाल**

जनमोर्चा नेपाल राष्ट्रियता, जनअधिकार र जनजीविकाको सुनिश्चितताको निम्ति क्रियाशिल तथा सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद र दलाल एवं नोकरशाही पुँजीवादका विरुद्ध संघर्षरत राजनीतिक पार्टी हो । यसको स्थापना २०४७ सालमा संयुक्त जनमोर्चा नेपालको नाममा भएको थियो । २०४६ सालको जनआन्दोलनपश्चात् बदलिएको परिस्थितिमा तत्कालीन नेकपा चौम, नेकपा मशाल, सर्वहारावादी श्रमिक सँगठन नेपाल, विद्रोही नेकपा मशाल र नेकपा जनमुखी सम्वद्ध एवं स्वतन्त्र बाम राजनीतिक व्यक्तित्वहरूले यसको गठन गरेका थिए । २०५४ सालमा राष्ट्रिय जनमोर्चाको नाममा त्यस्तै पार्टीको स्थापना भएको

[१७] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

थियो । बामपन्थी विचारधारालाई आत्मसात गर्ने समान राजनीतिक दृष्टिकोण भएका यी दुई पार्टीबीच २०५९ सालमा एकीकरण भयो र एकीकृत पार्टीको नाम जनमोर्चा नेपाल राखियो । यसले मार्क्सवाद, लेनिनवाद र माओवादलाई आफ्नो मार्गदर्शक सिद्धान्तका रुपमा स्वीकार गरेको छ ।

२०५९ सालमा एकता महाधिवेशन र २०६३ मंसिरमा राष्ट्रिय भेला सम्पन्न गरेको जनमोर्चा नेपालको विधानमा ५१ सदस्यीय केन्द्रीय कमिटी रहने व्यवस्था भएपनि हाल ४७ सदस्यीय कार्यसमिति रहेको छ । यसको कूल साधारण सदस्य संख्याको ४०% महिलाहरू छन् । यसको केन्द्रीय कार्य समितिमा १० जना महिलाहरू छन् भने चुनाव चिन्ह 'तारा' हो । केन्द्रीय कार्यसमितिमा भएका महिलाहरू यस प्रकार छन् ।[30]

१) शशी श्रेष्ठ
२) अञ्जना विसन्खे
३) गङगा बेलबासे
४) पद्मा राई
५) दुर्गा जयन्ती राई
६) लक्ष्मी लामा
७) रीता मानुषी
८) हेमकला गैरे
९) सतीा दाहाल
१०) ओमकला काफ्ले

## ङ) राष्ट्रिय जनमोर्चा

राष्ट्रिय जनमोर्चाको स्थापना २०५२ सालमा भएको हो । यसको लक्ष्य सबै शोषित, उत्पीडित, देशभक्त, जनतान्त्रिक र बामपन्थी शक्तिहरूलाई सँगठित, एकतावद्ध र सक्रिय पारेर देशमा विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थालाई समाप्त पारेर नयाँ जनवादी व्यवस्था स्थापना गर्नु हो ।

राष्ट्रिय जनमोर्चाको तत्कालीन कार्यक्रम संविधानसभाको चुनाव, राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, अधिकतम राजनैतिक स्वतन्त्रता र जनताको अधिकारहरू सुनिश्चित गर्न जनतालाई व्यापक रुपमा परिचालन गरी संघर्षमा सँगठित गर्नु हो ।
हालसम्म यस पार्टीको प्रथम सम्मेलन भैसकेको छ । यसको केन्द्रीय कार्य समितिमा ३ जना महिला छन् भने यसको चुनाव चिन्ह 'गिलास' हो ।[31]

१) धनरुपा वि.क.
२) मीना पुन
३) दुर्गा पौडेल

[30] जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु
[31] जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु

च) <u>नेकपा (माले)</u>

विभाजित कम्युनिष्ट आन्दोलनलाई सिद्धान्तनिष्ठ एकताको लागि पहल गर्ने उद्देश्यका साथ र नेपाली सर्वहारा श्रमजीवी वर्गको मुक्तिका लागि वर्ग शत्रु खत्तम गर्ने उद्देश्य लिएर २०२७ को अन्त्यतिर पूर्वी कोशी प्रान्तीय कमिटीका केही युवा कम्युनिष्टहरूले विद्रोह गरे जसलाई झापा आन्दोलनले सम्वोधन गरिन्छ । त्यही विद्रोही समूहले २०३२ सालमा "अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेसन् केन्द्र" गठन गऱ्यो । त्यही सँगठनको गर्भबाट २०३५ पौष ११ गते नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) को गठन भयो ।

आन्दोलनको विकास गर्ने क्रममा २०४६ सालमा बाममोर्चा बनाएर नेपाली काँग्रेससँग मिली जनआन्दोलन गऱ्यो । २०४७ माघ १० गते नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)सँग एकीकरण गरेपछि यो पार्टीको नाम नेकपा (एमाले) बन्यो ।

विभिन्न सवालमा एमाले पार्टीभित्रै छैटौं महाधिवेशन २०५४पछि मतभेद भयो । २०५४ फागुन २१ मा नेकपा एमालेबाट विभाजित भई पुनः नेकपा माले भयो । यसको नेतृत्वमा रहेको एउटा हिस्सा फेरि एमालेमै विलय भएपछि सी.पी. मैनालीको नेतृत्वमा नेकपा मालेको संयोजन समिति २०५८ फागुन ५ गते निर्माण गरियो र २०६० बैशाखमा दोस्रो राष्ट्रिय सम्मेलन गरेर नेकपा मालेलाई निरन्तरता दिइयो ।

सँगठन निर्माण र विस्तारको क्रमसँगै २०६३ चैत्र १८-२१मा तेश्रो राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको नेकपा मालेको हाल केन्द्रीय कमिटीमा भएका ४१ जना सदस्यहरूमध्ये निम्न लिखित ६ जना महिला सदस्यहरु छन् भने यसको चुनाव चिन्ह 'हँसिया र तारा हो' ।[३२]

१) सीता खड्का
२) भगवती घिमिरे
३) जनक चालिसे
४) होमकुमारी खापुङ्ग
५) लली रावत
६) तीर्थादेवी सिलवाल

छ) <u>नेपाल मजदुर किसान पार्टी</u>

नेपाल मजदुर किसान पार्टीको स्थापना २०३१ साल माघ १० गते विधिवत् रुपमा भएको हो । यस पार्टीले मार्क्सवाद लेनिनवादलाई मूलभूत सिद्धान्त तथा माओत्सेतुङ्ग विचारधारालाई अवलम्बन गरेको छ । यस पार्टीले नेपालको वहुदलीय संसदीय प्रणालीलाई स्वीकार्दै समाजवाद स्थापना गर्ने लक्ष्य लिएको छ। चुनाव चिन्ह 'मादल' भएको यस पार्टीको केन्द्रीय कार्य समितिमा निम्न लिखित १ जना मात्र महिला सदस्य रहनु भएको छ ।[३३]

१) अम्बिका न्याइच्याई

ज) <u>नेपाल सदभावना पार्टी (आनन्दीदेवी)</u>

पञ्चायत कालदेखि नै काम गर्दै आएको नेपाल सदभावना परिषद्लाई २०४७ साल बैशाख २३ गते नेपाल सदभावना पार्टीमा रुपातन्तरण गरियो । विभिन्न उतारचढाव, गठन,

[३२] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*
[३३] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

पुनर्गठनको प्रक्रिया पार गर्दै हाल यो पार्टी सम्पूर्ण मधेसी जनतालाई एकताको सुत्रमा बाँध्ने उद्देश्यले नेपाल सदभावना पार्टी (आनन्दीदेवी) का नामले क्रियाशील रहेको छ । वहुदलीय प्रतिस्पर्धा, कानुनको शासन्जस्ता कुरालाई पार्टीले अङ्गीकार गरेको छ ।

हालसम्म ३ वटा महाधिवेशनहरु सम्पन्न गरिसकेको यस पार्टीको चुनाव चिन्ह 'हात' हो र यसको केन्द्रीय कार्य समितिमा निम्नलिखित ६ जना महिलाहरु छन् ।[34]

१) आनन्दी देवी सिंह
२) सरिता गिरी
३) रेणु यादव
४) उर्मिला पाण्डे
५) चन्द्रकला कुशवाहा
६) अमृता अग्रहरी

**झ) <u>नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)</u>**

नेकपा एकता केन्द्र मसाल तदर्थ समिति, नेकपा माले, नेकपा मालेमा केन्द्रका केही सदस्यहरु मिलेर २०६३ साल फागुन १४ गते एकता अधिवेशनबाट नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)को गठन गरिएको हो । यी तीनै पार्टीले आफ्नो स्थापना २००६ साललाई मान्दै आएका छन् । पार्टीको २०६३ सालमा भएको एकता सम्मेलनबाट विश्वमा भएका कम्युनिष्ट पार्टीका मूल्य मान्यता र आदर्श अनुरुप पार्टी सञ्चालन गर्ने प्रयास गरिएको छ ।

यस पार्टीको केन्द्रीय कमिटीमा ५७ जना रहेका छन् जसमध्ये निम्न लिखित ७ जना महिलाहरु छन् भने पार्टीको चुनाव चिन्ह 'दियो' हो ।[35]

१) राधा तिमिल्सना
२) सरस्वती शर्मा
३) शशिकला घिमिरे
४) लीला सीटौला
५) यमुना भुसाल
६) सरिता महर्जन
७) रामकुमारी राई

**ञ) <u>नेकपा संयुक्त</u>**

नेकपा संयुक्त पार्टीको स्थापना नेपाल कम्युनिष्ट पार्टीको स्थापनासँगै २००६ सालमा भएको हो । आफ्नो स्थापनाकालदेखि नै सँगठित रुपमा सङघर्ष गर्दै आएको नेकपा संयुक्त पार्टी नेपालको कम्युनिष्ट आन्दोलनको एउटा हिस्साको रुपमा रहेको छ । यो पार्टी २०४६ पछिको नेपालको परिवर्तित परिवेश अनुसार वहुँदैलीय प्रजातन्त्र, संसदीय प्रणाली शान्तिपूर्ण आन्दोलनका साथै वर्ग संघर्षलाई आत्मसात गरी समाजवाद स्थापनामा क्रियाशील छ । यसको मूलभूत सिद्धान्त मार्क्सवाद लेनिनवाद हो । हाल यस पार्टीले लोकतान्त्रिक गणतन्त्रको नारालाई पास गरेको छ । यसको चुनाव चिन्ह 'हँसिया' हो भने २२ सदस्यीय केन्द्रीय कमिटीमा निम्न लिखित ३ जना महिला सदस्यहरु छन् ।[36]

१) लक्ष्मी शाह

---

[34] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*
[35] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*
[36] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

२) कल्याणी शाह
३) कल्पना राणा

## ट) राष्ट्रिय प्रजातन्त्र पार्टी

समुन्नत, गतिशील, न्यायपूर्ण समाज निमाणार्थ सर्वोपरी साध्य प्रजातन्त्रलाई अपरिहार्य आधार तथा संविधानलाई साधनको रुपमा स्वीकार गर्दै राष्ट्रियता, प्रजातन्त्र र उदारवादको सैद्धान्तिक धरातलमा उभिएर वि.सं. २०४७ सालको संविधानलाई आत्मसात गरी वि.सं. २०४८ सालमा विधिवत रुपमा राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थापना भएको हो । जनआन्दोलनबाट जनताले प्राप्त गरेको अधिकारलाई अविच्छिन्न, अकूण्ठित र सुरक्षित राख्दै प्रत्येक नेपालीको आधारभूत मानव अधिकार सुरक्षित गरी समानता र स्वतन्त्रताको आधारलाई व्यापक र सुदृढ गर्दै देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तर्राष्ट्रिय जगत्मा नेपालको सम्मान बढाउन सक्षम न्याय प्रणालीको व्यवस्थाद्वारा कानुनी राज्यको अवधारणालाई सबल र सुदृढ गर्ने प्रमुख लक्ष्य यस पार्टीको रहेको छ ।

आफ्नो चौथौ महाधिवेशन सम्पन्न गरिसकेको यस पार्टीको ३३ सदस्यीय केन्द्रीय कमिटीमा निम्न लिखित ५ जना महिला सदस्य रहेको छन् भने पार्टीको चुनाव चिन्ह 'हलो' हो ।[37]

१) प्रतिभा राणा
२) ललिता शाह
३) विन्दु पहाडी
४) झरिया देवी यादव
५) मीना सुवेदी

## ठ) राष्ट्रिय जनशक्ति पार्टी

यो पार्टीको स्थापना वि.सं. २०६१ साल फागुन १ गते भएको हो । राष्ट्रिय जनशक्ति पार्टीले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा शान्तिपूर्ण प्रक्रियाद्वारा आमूल परिवर्तन ल्याई अन्तर्राष्ट्रिय जगत्मा एक्काइसौं शताब्दी अनुसारको समुन्नत नेपालको व्यक्तित्व भविष्य कायम गर्ने लक्ष्य लिएको छ । राजपा कसैवाट अलग भएर स्थापना नभई मौलिक विचार नीति र कार्यक्रमको सैद्धान्तिक धरातलमा खडा भएको विशिष्ट अलग पहिचान भएको सार्वभौमसत्ता, वहुदलीय प्रजातन्त्र, संविधानको सर्वोच्च, मानव अधिकार जस्ता कुरालाई आत्मसात गर्दै आइरहेको छ । आफ्नो प्रथम महाअधिवेशन सम्पन्न गरिसकेको यस पार्टीको केन्द्रीय समितिमा निम्न लिखित ३ जना महिला केन्द्रीय सदस्य रहेका छन् भने यसको चुनाव चिन्ह 'छाता' हो ।[38]

१) रेणु कुमारी यादव
२) गंगा बराल
३) इन्दु अधिकारी

[37] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

[38] *जागरण नेपाल, नेपालका राजनीतिक दल तथा भगिनी संगठनहरु*

# परिच्छेद : ४

## ४. महिला सहभागितामा प्रभाव पार्ने तत्त्वहरु

वर्तमान अवस्थामा राज्यका विविध पक्षमा महिला सहभागिताको तथ्याङ्क हेर्दा उनीहरुको सहभागिता ज्यादै न्यून देखिन्छ । तुलनात्मक रुपमा हेर्दा विगतमा भन्दा वर्तमानमा महिला सहभागिता सुधारात्मक देखिए पनि जनसंख्याको ५०.०४% ओगटेका महिलाहरुको यस सहभागितालाई सन्तोषजनक मान्नुपर्ने कुनै आधार देखिँदैन । जबसम्म शिक्षा, स्वास्थ्य रोजगारी लगायत राज्यको नीतिनिर्माण प्रक्रियामा महिलाहरुलाई समावेश गराउन सकिँदैन तबसम्म आर्थिक उन्नति, सामाजिक परिवर्तन र लैङ्गिक समानताको कल्पनासम्म पनि गर्न सकिदैन । यसरी महिला सहभागिता कमी हुनुमा विविध तत्त्वहरुले प्रभाव पारेका हुन्छन् । सामाजिक निर्णय निर्माण प्रक्रियामा महिलाहरुको पहुँच, आर्थिक उत्पादनका साधनमाथि उनीहरुको स्वामित्व, भूमिमाथिको अधिकार आदी कारणले गर्दा उनीहरुको सहभागितामा कमी आएको देखिन्छ । महिला राजनीतिक सहभागीतामा प्रत्यक्ष प्रभाव पार्ने तत्त्वहरु निम्न छन् ।

## ४.१ आर्थिक तत्त्व

सामाजिक श्रमविभाजनको प्रणाली अनुरुप नेपालमा महिलाहरुले प्रायःजसो घरेलु र प्रत्यक्ष आर्थिक उपार्जन नहुने काममा बढी समय खर्चिने गरेका छन् जुन काम राष्ट्रिय उत्पादन तथ्याङ्कमा समावेश भएको हुँदैन । उत्पादनका साधनहरुमा जसको बढी हात रहन्छ उसैको निर्णय शक्ति बढी हुन्छ । नेपाली महिलाहरुको उत्पादन साधनहरुमाथि पहुँच निकै कम छ भन्नु भन्दा छँदै छैन भने हुन्छ । यसैको कारण महिलाहरुले धेरै श्रम गरेतापनि त्यसको लेखा-जोखा र सम्पतिको अधिकार पनि नहुनाले नीति निर्माण र निर्णय प्रक्रियामा महिलाहरुको हात प्राय नरहने गरेको पाइन्छ । गरिबीको रेखामुनि रहेका झण्डै ४२ प्रतिशतभन्दा बढी जनतामध्ये ५६ प्रतिशत महिलाहरु निरपेक्ष गरिबी रेखामुनी जीवन गुजारा गरिरहेका छन् । परिणामस्वरुप उनीहरुलाई सामाजिक दुर्वलता पैदा गरिदिएको छ र वाध्य भएर पुरुष प्रधानत्व स्वीकारि रहेको अवस्था छ । अर्को वाह्य जगतसँगको सम्पर्क, सम्बन्ध पनि टाढा र साँगुरो घेरामा सीमित भएको छ । फलस्वरुप महिलाहरुको व्यक्तित्व विकास अवरुद्ध भएको छ जस्को प्रत्यक्ष प्रभाव महिला राजनीतिक सहभागितामा परेको छ । देशको एक चौथाई भन्दा बढी घरायशी खर्चपर्च महिला एक्लैले धानेकी छिन भने अरुपनि लोग्ने मानिस सबल हुँदाहुँदै पनि महिलाकै भरमा मात्र चलेका घरहरु पनि प्रशस्त भेटिन्छन् । प्रायःजसो महिला घरको प्रमुख (मुली) भएको परिवार अत्यन्त गरिव छन् । यसको कारण ज्यालामा विभेद तथा लैङ्गिक समानताले जन्माएका अप्ठ्यारा परिस्थितिहरु र कामको अभाव नै हो । प्रत्यक्ष आय आर्जन नहुने पुरुषहरुको संख्या २३.९ प्रतिशत छ । आर्थिक पछौटेपनले गर्दा महिलाहरुलाई उनीहरुको राजनीतिक क्रियाकलापभन्दा पहिलो प्राथमिकताको काम घर चलाउनु हुने हुनाले उनीहरु राजनीतिक क्रियाकलापबाट बाध्य भएर टाढा बस्नुपर्ने अवस्था छ ।

## ४.२ सामाजिक तत्त्व

नेपाली समाज विभिन्न जात-जाति, वर्गहरु मिलेर बनेको छ । प्रत्येक जात-जाति र वर्गका आफ्नै किसिमका रीतिरिवाज, चालचलन तथा मूल्यमान्यता छन् तर पनि सबै प्रकारका समाजमा महिलालाई हेर्ने दृष्टिकोण र उनीहरुमाथि गरिने व्यवहार लगभग समान छन् ।

नेपाली समाजले महिलालाई बच्चा जन्माउने, हुर्काउने तथा घरको चौको सम्हाल्ने जिम्मेवारी दिएको पाइन्छ । यसरी हेर्दा बच्चा जन्माउने र हुर्काउने जस्तो प्राकृतिक र सामाजिक दायित्वलाई उत्पादनको एउटा महत्वपूर्ण र अनिवार्य प्रक्रियाको रुपमा समाजले लिन सकेको

छैन जसको परिणामस्वरुप महिलाहरु जतिसुकै सक्षम र योग्य भएतापनि राजनीति अथवा नेतृत्व प्रदान गर्न र नीतिनिर्माण गर्न पुरुषले जत्तिकै महिलाले योगदान दिन सक्दैनन् भन्ने चिन्तन जबर्जस्त रुपमा हावी भएको छ । पुरुषप्रधान मानसिकताले गर्दा एकातर्फ महिलाहरु शारीरिक र मानसिक रुपमा कमजोर हुन्छन् भन्ने गलत धारणाले समाज ग्रस्त छ भने अर्कोतर्फ महिला नेतृत्व र अभिभावकत्वलाई स्वीकार्नै नसक्ने मानसिकता पनि छ । महिलाहरुको आफ्नो क्षमता र व्यक्तित्व विकासको एक प्रमुखवाधक तत्त्व घरेलु कामकाज हो । उनीहरुलाई घरेलु कामकाजबाट छुटकारा दिलाउने र त्यसको आर्थिक मुल्याङ्कन गर्ने परिपाटी न त् सरकारमा देखिन्छ न त् राजनीतिक दलहरुमा नै । नेपाली समाजले महिलाहरुलाई तेहेरो भूमिका निर्वाह गर्न बाध्य पारेको अवस्था एकातिर छ भने अर्कोतिर वहुसंख्यक महिला स्वयंले पनि आफूलाई सर्वप्रथम कसैकी आमा, श्रीमती र दिदीवहिनीको रुपमा र त्यसपछि मात्र नागरिकको रुपमा लिने गरेको पाइन्छ ।  पुरुष र महिलाहरुका लागि बेग्लाबेग्लै सामाजिक नैतिकताको मापदण्ड हुनु पनि महिला सहभागिताको बाधक हो । विभिन्न धर्मग्रन्थ, साहित्य, पाठ्यक्रम, संस्कृति र परम्पराको नाम र आडमा समाजले महिलालाई भन्दा पुरुषलाई सर्वसर्वा ठानी पैतृक सम्पतिको हकदार, घरको मुली तथा भूमिमाथिको स्वामित्व पनि उसैको हुने प्रचलनले गर्दा महिलाहरु पछाडि परेका छन् । त्यस्तै समाजमा व्याप्त महिलाको प्राकृतिक क्रिया र रजस्वलाको गलत व्याख्याले गर्दा उनीहरुलाई अछूतको जस्तो व्यवहार गरिनाले उनीहरुको स्वतन्त्र अस्तित्त्व र आत्म स्वाभिमानमाथि कठोर प्रहार गरेको छ । यिनै तमाम गलत सामाजिक मूल्य र मान्यताले गर्दा महिलाहरुको राजनीतिक सहभागिता न्यून रहन गएको छ ।

## ४.३ शैक्षिक तत्त्वः

नेपालमा छोरीलाई अधिकार सम्पन्न, स्वतन्त्र अस्तित्व भएको नागरिकको रुपमा अझै पनि नलिने गलत प्रथाले राज्य संरचनामा महिलाहरुको सही, उचित एवं न्यायपूर्ण प्रतिनिधित्व हुन सकेको छैन । छोरीलाई विशेष गरेर घरको काममा लगाइने, आमा, भाउज्यूहरुलाई सघाउनुपर्ने र वस्तुभाउ हेर्ने आदी काममा लगाउने गरिन्छ जस्को कारणले पुरुषहरुको तुलनामा महिलाहरुको शैक्षिक स्तर धेरै कम छ । नेपालमा ५४.३२ प्रतिशत प्रौढ पुरुषहरु साक्षर छन् भने सोही उमेरका महिलाहरुको साक्षरता केवल ११.३३ प्रतिशत मात्र छ । प्राथमिक विद्यालयमा ३०.६५ प्रतिशत, निम्न माध्यमिक विद्यालयमा २०.६ प्रतिशत र माध्यमिक विद्यालयमा १८.८९ प्रतिशत छात्राहरु अध्ययनरत रहेको तथ्याङ्कले देखाएको छ । कूल जनसंख्याको ५०.०४ प्रतिशत महिलाहरु रहेको परिप्रेक्ष्यमा सार्वजनिक जीवनमा महिलाहरुको सहभागिता एकदमै कम रहेको पाइन्छ । मातृ मृत्युदर प्रतिलाखमा ५३९ रहेको छ भने प्रसूतिको अवस्थामा प्रत्येक वर्ष लगभग ४५ हजार महिलाहरुले जीवन गुमाइरहेका छन् ।[39] औसत आयु कम रहेको छ । सामान्य अवस्थामा महिलाको औसत आयु पुरुषको भन्दा पाँचवर्ष बढी हुनुपर्ने मान्यता रहेको छ । महिलाको निम्न शैक्षिक स्तरका कारण उनीहरूमा राजनीतिक चेतनाको कमी छ जसले गर्दा महिलाहरुले निजामती सेवा, सञ्चार क्षेत्र, न्यायिक सेवा, संवैधानिक निकाय आदीमा आफ्नो बलियो सहभागिता देखाउन सकिरहेका छैनन् । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६० तथा केन्द्रीय तथ्याङ्क विभागको नेपाल जनसंख्या प्रतिवेदन २०६१ मा उल्लेख भए बमोजिम महिलाहरुको विभिन्न क्षेत्रमा सहभागिता निम्नानुसार छ ।


[39] महिला अधिकार कार्यविधि दिग्दर्शन, केन्द्रिय महिला कानुनी सहायता समिति पेज २६

## तालिका नं. ५

## विभिन्न क्षेत्रमा महिला सहभागिता प्रतिशतमा

| क.स. | विषय | महिला सहभागिता % |
|---|---|---|
| १ | साक्षरता | ४२.४९ |
| २ | निजामती सेवा | ४.०० |
| ३ | सञ्चार क्षेत्र | १२.०० |
| ४ | न्यायाधिश | २.०८ |
| ५ | प्रमुख जिल्ला अधिकारी | ०.०२ |
| ६ | राजदूत | ०.०० |

## चित्र नं. २०




## ४.४ महिला राजनीतिक सहभागितामा देखा परेका अवरोधहरुः

बुँदागत रुपमा महिला राजनीतिक सहभागितामा देखा परेका अवरोधहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- पुरुष प्रधान समाज हुनु ।
- महिलामा जानकारीको कमी हुनु ।
- सामाजिक असुरक्षा महिलालाई बढी हुनु ।
- संविधानले महिलाका लागि केही आरक्षण गरे पनि सम्वद्ध कानुन र नियमद्वारा कुनै आरक्षण नगरिनु ।
- राजनीतिक दलहरुले महिलाहरुलाई उचित प्रोत्साहन नगर्नु ।
- सञ्चार माध्यमले महिलाका सवाल/ विषयलाई आवश्यक स्थान एवं प्रोत्साहन नदिनु ।
- आर्थिक रुपमा महिला कमजोर हुनु ।
- महिलाको निर्णयात्मक सहभागिताका लागि अधिवाचनको कमी हुनु ।

# परिच्छेद ५

## ५. महिला सहभागिता वृद्धिका प्रयास र वृद्धि गर्ने उपाय

नेपालमा महिलाहरुलाई कानुनी रुपमा उनीहरुका हक र अधिकारमा बन्देज लगाइएको पाइँदैन । यसको विपरीत महिला सहभागिता अभिवृद्धि गर्नका लागि विभिन्न समयमा कानुनी रुपमा थोरै मात्र प्रतिशतमा भए पनि व्यवस्था गरेको पाइन्छ । नेपालका राजनीतिक दलहरुले पनि आफ्ना घोषणा पत्रहरुमा महिलाहरुका अधिकारहरु सुनिश्चित गर्ने प्रतिवद्धता जाहेर गरेको पाइन्छ । विभिन्न समयमा महिला राजनीतिक सहभागिता बढाउनका लागि भएका संवैधानिक प्रयास तथा प्रमुख राजनीतिक दलहरुले आफ्ना घोषणापत्रहरुमा जाहेर गरेका प्रतिवद्धताहरु यस प्रकार छन् ।

### ५.१ संवैधानिक र कानुनी प्रयासहरु :

नेपाली महिलाहरु राज्यको एकीकरणसँगै राज्य संचालनका विविध पक्षमा आफ्नो सहभागिता न्यून रुपमा भएपनि जनाउँदै आएका छन् । संवैधानिक र कानुनी रुपमा महिलाहरुलाई कुनै पनि समयमा मताधिकारबाट वञ्चित गरिएको पाइँदैन । शुरुदेखि नै उनीहरुलाई राजनीतिमा कुनै भेदभाव र प्रतिवन्ध कानुनतः लगाएको पाइँदैन । तर व्यावहारिक रुपमा हेर्ने हो भने नेपालको जनसंख्याको ५०.०४ प्रतिशत भाग ओगटेको महिलाहरुको प्रतिनिधित्व राज्यको कुनै पनि क्षेत्रमा सन्तोषजनक भेटिंदैन । महिलाहरुको सहभागिता वृद्धि गर्नका लागि विभिन्न समयमा संविधानको संशोधन गरी भएका प्रयासहरु निम्न प्रकारका छन् ।

क) २०३६ सालपछि पञ्चायती व्यवस्थामा स्थानीय निकायहरुमा (प्र.प, न.प., जि. पं.) महिला प्रधिनिधित्व अनिवार्य गराइएको थियो ।

ख) वि.सं. २०४६ जनआन्दोलनको सफलतापछि निर्माण गरिएको संविधान २०४७ को धारा १४४ ले प्रतिनिधि सभामा दलहरुले उठाएको उम्मेदवारहरुको अनिवार्य ५ प्रतिशत महिलाहरु हुनुपर्ने व्यवस्था गरेको तथा धारा ११ (३) मा महिलाहरुको विशेष व्यवस्था गर्ने भन्ने उल्लेख गरेको थियो ।

ग) स्थानीय स्वायत्त शासन् ऐन २०५५ ले स्थानीय निकायमा महिला प्रतिनिधित्व अनिवार्य गरेको थियो ।

घ) नेपालको अन्तरिम संविधान २०६३ ले सबै राजनीतिक दललाई संसदीय निर्वाचनमा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार बनाउनुपर्ने व्यवस्था सुनिश्चित गरेको छ । वि.सं. २०६३ जेठ १६ गते बसेको संसदले कम्तीमा ३३ प्रतिशत महिला सहभागिता राज्यको हरेक निकायमा सुनिश्चित गर्ने निर्णय गरेको पाइन्छ ।

### ५.२ प्रमुख राजनीतिक दलहरुले गरेका प्रयासहरु :

राज्य संचालन र नीति निर्माणमा पुग्नका लागि पहिलो खुड्किलो राजनीतिक दल नै हो । नेपालका प्रमुख राजनीतिक दलहरुले महिला सहभागिता वृद्धि गर्नका लागि आफ्ना घोषणा पत्रहरुमा जाहेर गरेका प्रतिवद्धताहरु निम्न छन् ।

**क) <u>नेपाली काँग्रेस :</u>**

- महिलाहरुको राजनीतिक, प्रशासनिक र नीतिनिर्माण तहमा समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- महिलाविरुद्ध भेदभावपूर्ण कानुनहरुको अन्त्य गर्ने ।
- महिला हिंसाको अन्त्य गर्ने ।
- सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्ने ।
- निःशुल्क स्वास्थ्य परीक्षणको अधिकारको सुनिश्चितता राज्यको प्रमुख कर्तव्य हुने ।

**ख) <u>नेकपा एमाले</u>**

- महिलाविरुद्धका सबै विभेद, शोषण र उत्पीडनको अन्त्य गरिने छ ।
- सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने छ ।
- पैतृक अधिकारमा समान अधिकार ।
- प्रजनन र सम्बन्ध विच्छेदको अधिकार ।
- महिला रोजगारीको विशेष योजना लागू गरिने छ ।

**ग) <u>एकीकृत नेकपा माओवादी</u>**

- महिलालाई पैतृक सम्पति लगायतका आर्थिक र राज्यका हरेक क्षेत्रमा विशेष अधिकारसहित समान अवसरको सुनिश्चित गरिने छ ।
- राज्यका सबै क्षेत्रमा समानुपातिक सहभागिता कायम गर्दै जाने ।
- जग्गाधनी लालपूर्जा र नागरिकतामा महिला र पुरुष दुबैको नाम राखिने प्रावधान स्थापित गर्ने ।
- पेसामा संलग्न महिलाका लागि शिशु स्याहार केन्द्र स्थापना गरिने ।
- महिला, पारिवारिक तथा बाल अदालत गठन गरिने ।

**घ) <u>मधेसी जनअधिकार फोरम :</u>**

- महिला विरुद्ध विभिन्न क्षेत्रमा हुने गरेको विभेद र असमानतालाई अन्त्य गरी यौनजन्य दुर्व्यवहार हिंसा र शोषणबाट उनीहरुलाई सुरक्षित राख्न उपयुक्त कानुनी व्यवस्था गरिने छ ,
- सरकारका सबै तह, निकाय र निर्णय तहमा पुरुषसरह महिलाको समान पहुँच र अवसरको सुनिश्चितता गरिने ।
- महिलाहरुको सशक्तीकरण गरी राष्ट्रिय जीवनका हरेक आर्थिक, सामाजिक, नागरिक र राजनैतिक क्षेत्रमा महत्वपूर्ण एवं निर्णायक भूमिका खेल्नसक्ने परिस्थितिको सृजना गरिने ।

**ङ) <u>तमलोपा :</u>**

- दहेज वा अन्य कुनै पनि किसिमको महिला उत्पीडनविरुद्ध राज्यले कडा कानुन बनाई यस्तो कार्य रोक्ने वातावरण बनाउने ।
- महिला हिंसामा संलग्न हुने व्यक्तिलाई सामाजिक वहिष्कारसम्म गर्नसक्ने वातावरण सिर्जना गर्ने ।

- मातृ तथा शिशुको कल्याण र सुरक्षाका लागि राष्ट्रिय प्राथमिकतामा राखिने नीति बन्ने आधार संविधानमा उल्लेख गर्ने ।

च) **राप्रपा :**

- खर्चिलो विवाह, दाइजो प्रथा जस्तो कुप्रथालाई कानुनी रुपमै प्रतिबन्ध लगाउने ।
- पैतृक सम्पतिको अधिकार शर्तविहीन बनाई लागू गरिने ।
- महिलाको निम्ति आगामी १० वर्षसम्म प्राविधिक शिक्षा र रोजगारीमा आरक्षणको व्यवस्था गरिने ।
- प्रेमविवाह, सम्बन्ध विच्छेद र प्रजनन स्वास्थ्यलाई महिलाहरुको सार्वभौम अधिकार बनाइने ।

छ) **नेमकिपा :**

- प्रौढ महिलालाई अनिवार्य शिक्षासँगै रोजगारीको बन्दोबस्त गर्ने ।
- महिलाहरुलाई तबलसहितको सुत्केरी विदा दिने ।
- महिला बेचविखन गर्नेलाई क्षतिपूर्तिसहित कडा सजायको व्यवस्था गर्ने ।

ज) **जनमोर्चा :**

- राज्यको हरेक अङ्गमा महिलाको ५० प्रतिशत प्रतिनिधित्वको संवैधानिक व्यवस्था गर्ने।
- पैतृक सम्पतिको अधिकार शर्तविहीन बनाइने ।
- दश वर्षसम्म रोजगारी र प्राविधिक शिक्षामा आरक्षणको व्यवस्था गरिने ।

झ) **नेकपा माले :**

- लिङ्गको आधारमा महिलामाथि गरिने सम्पूर्ण भेदभाव, शोषण र उत्पीडनलाई अन्त्य गर्ने ।
- पैतृक सम्पत्तिमाथिको समान अधिकार, शिक्षा रोजगारी प्राप्तिको अधिकार, प्रेम र प्रजनन अधिकारको रक्षा गरिने छ ।
- महिलामाथि हुने तमाम हिंसा र भेदभावको विरोध गर्दै महिला सशक्तीकरणका लागि विविध प्रभावकारी कार्य गरिने ।
  स्रोतः गोरखा पत्र, २०६६, बैशाख ३

## ५.३ संविधान सभा सदस्य निर्वाचन - २०६४ मा निर्वाचित महिला सदस्यहरुले दिएको सुझावहरु

आफ्नो वर्ग, क्षेत्र र समुदायका पीडा अरुलाई भन्दा सम्बन्धीतहरुलाई नै बढी थाहा हुन्छ । त्यसमा समाधानका उपाय पनि तिनीहरुले नै सुल्झाउन सक्छन् । आफ्ना समस्याहरुलाई सम्बोधन गर्नका लागि क्षेत्रगत सुझावहरु प्रस्तुत गरिंदा संविधान सभालाई संविधानको मस्यौदा बनाउन निकै सजिलो हुनेछ । यसै सन्दर्भमा संविधान सभाका १९६ जना महिला सदस्यहरुको समूहले महिला अधिकारकर्मी तथा विज्ञहरुको समेत सहयोग लिएर नयाँ संविधानका लागि अवधारणा पत्र तयार गरेर संविधानसभाका विभिन्न समितिलाई बुझाएका छन् । महिलाका सबै समस्याको पहिचान गरी सम्पूर्ण समस्याको समाधान गर्न सकिन्छ

तत्पश्चात् मात्रै राज्यका हरेक निकायमा महिला सहभागिता वृद्धि हुन्छ भन्ने विषयमा केन्द्रित यस अवधारणा पत्रमा संविधान सभाका विभिन्न समितिलाई दिएका सुझावहरु यस प्रकार छन् ।

## ) संवैधानिक समिति :

- प्रस्तावनामा "समाजमा विद्यमान लैङ्गिक असमानताको पूर्ण अन्त्य गर्दै महिला विरुद्धका सम्पूर्ण शोषण, दमन, विभेद र हिंसाको पूर्ण अन्त्य गर्दै, स्वाभिमान, उच्च सम्मान तथा मर्यादाका साथ महिलाको बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्दै, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिलाई आधार मान्दै, समन्यायी, समावेशी, लोककल्याणकारी राज्यसमेत रहने गरी व्यवस्था गर्नु पर्ने ।
- अन्य विषयगत समितिको कार्यक्षेत्रभित्र नपरेका विषयमा संवैधानिक व्यवस्था गर्दा महिलाका हक, अधिकार तथा विशेष संरक्षणको व्यवस्थालाई संवैधानिक सुनिश्चितता प्रदान गर्ने ।
- संविधानमा लैङ्गिक विभेद हुने भाषाको प्रयोग नगरी भाषामा लैङ्गिक तटस्थता कायम हुनु पर्ने ।

## ) मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति :

संविधानमा महिला सम्बन्धी हकलाई छुट्टै मौलिक हकका रुपमा व्यवस्था गरी मौलिक हकभित्र पर्ने निम्न बमोजिमका हकहरुलाई मौलिक हकको रुपमा सुनिश्चित गर्ने :

- लैङ्गिक समानता कायम गर्ने तथा लिङ्ग, उमेर वैवाहिक स्थिति (विधवा र एकल महिला), अशक्तता, जातिय लगायतका विभिन्न आधारमा हुने विभेदको पूर्णतः अन्त्य गर्ने ।
- महिला र पुरुषका बीचमा समान कामका लागि समान ज्याला वा पारिश्रमिकको व्यवस्था सुनिश्चित गर्ने ।
- पैतृक सम्पतिमा महिलाको समान अधिकार सुनिश्चित गर्ने ।
- भूमिहीन महिलालाई भूमिको अभिकारको सुनिश्चित गर्ने ।
- सम्पतिको बेचविखनमा महिलाको समान अधिकारको सुनिश्चित गर्ने ।
- मातृत्वको अधिकारको व्यवस्था गरी त्यसको प्रत्याभूतिको लागि सुत्केरी अघि र पछि गरी जम्मा तीन महिना सुत्केरी विदा, शिशुस्याहार केन्द्रको व्यवस्था, विपन्न तथा सीमान्तकृत महिलालाई सुत्केरी भत्ता लगायतका सुविधालाई सुनिश्चित गर्ने ।
- महिलाहरुलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको अधिकारको प्रत्याभूति सुनिश्चित गर्ने ।
- कुनै पनि प्रथाजनित आधारमा महिलामाथि हुने छुवाछुतलाई निषेध गरी दण्डनीय हुने व्यवस्था गर्ने ।
- महिला हिंसा, घरेलु हिंसा, यौन दुर्व्यवहार लगायतका महिलाविरुद्धका हिंसालाई कानुनद्वारा निषेध गरी दण्डनीय बनाउन सुनिश्चित गर्ने ।
- महिला विरुद्धका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिलाई आधार मान्दै महिलाका मानव अधिकारलाई मौलिक हकका रुपमा सुनिश्चित गर्ने ।

- नागरिकता प्राप्त गर्ने सम्बन्धमा महिला र पुरुषलाई समान अधिकार प्रदान गर्ने ।
- निश्चित तहसम्म शिक्षालाई अनिवार्य गरी महिलाहरुलाई निःशुल्क स्नातक तहसम्मको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने ।
- महिलाहरुको प्रजनन अधिकार तथा स्वास्थ्य, कार्यक्षेत्रमा सुरक्षाको प्रत्याभूति र यौन स्वास्थ्यको पूर्ण सम्मान गर्ने सिद्धान्तको आधारमा कानुन निर्माण सुनिश्चित गर्ने ।
- महिलालाई पेशा व्यवसाय गर्न आर्थिक हैसियत हेरी बिनाधितो ऋणको व्यवस्था गर्ने ।
- संवैधानिक रुपमा व्यवस्था गरिएका अधिकारलाई कार्यान्वयनका लागि सुनिश्चित गर्न निर्माण गरिनुपर्ने कानुनहरुको सूची संविधानमा नै उल्लेख गरी संविधान निर्माण भएको अवधिभित्र निर्माण गरिसक्नु पर्नेतर्फ स्पष्ट व्यवस्था गर्ने ।
- राज्यको नीतिमा महिलामा विशेष अधिकारका रुपमा उल्लेख भएका शिक्षा, स्वास्थ्य तथा रोजगारीलाई विशेष व्यवस्था गरी प्रवर्द्धन गर्ने राज्यको नीति हुने, महिलाको प्रथम अधिकारमा उल्लेखित अंश, वंश र समानुपातिक सहभागीतालाई सुनिश्चित गर्ने राज्यको नीति हुने, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिमा व्यवस्था भएका अधिकार तथा व्यवस्थालाई लागू गर्ने नीति हुने, एकल महिलालाई सकारात्मक विभेदको माध्यमबाट विशेष संरक्षणको व्यवस्था गर्ने नीति हुने लयायतका व्यवस्था समावेश गर्नुपर्ने ।
- राज्यको निर्देशक सिद्धान्तमा पुरुष र महिला समान नागरिक हुने सिद्धान्त अवलम्बन गरिनुपर्ने, महिलाले निर्वाह गरेका सृष्टिश्रम तथा सिर्जनाको महत्वपूर्ण भूमिकालाई राज्यले विशेष सम्मान गर्ने, राज्यका सबै निकाय एवं अङ्गहरुमा महिलाको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्ने, प्रजनन स्वास्थ्य निःशुल्क गर्न राज्यले दायित्व लिने, जीउ मास्ने, बेच्ने तथा चेलीबेटी बेचविखनको अपराधलाई कठोर सजायको व्यवस्था गर्न, महिला हिंसालाई दण्डनीय बनाई कानुनको दायरामा ल्याउने, समाजमा विद्यमान कुप्रथालाई दण्डनीय बनाउने, महिलामाथि हुने सबै प्रकारका हिंसालाई अन्त्य गर्ने लगायतका व्यवस्था समावेश गर्नुपर्ने ।

**अल्यसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति :**

- महिलाहरु विभेदको आधारमा अल्पसंख्यक भएको तथा विकासको आधारमा सीमान्तकृत भएको हुनाले उनीहरुलाई विशेष संरक्षणको व्यवस्था गर्नुपर्ने ।
- महिलाहरुलाई राज्य व्यवस्थामा विभिन्न जात, जाति, जनजाति, धार्मिक वा पिछडिएको वा एक्लिएका आधारमा समानुपातिक रुपमा समावेशी गर्ने व्यवस्था गर्ने ।
- वृद्धवृद्धाहरुलाई आवास तथा भत्ताको व्यवस्थाका लागि आवश्यक व्यवस्था गर्ने ।
- छात्राहरुलाई उच्च तहसम्म अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गर्ने ।

## ) राज्यको पुनसंरचना र राज्यशक्तिको वाडँफाँड समिति :

- o संघीय राज्यको स्वरुप निर्धारण गर्दा महिलाको पक्षमा उनीहरुको हितलाई ध्यान दिने प्रकृतिको संघीय राज्यको गठन गर्ने तथा यस्तो संघीय राज्यद्वारा बनाइने कानुन महिलामैत्री हुने कुराको सुनिश्चितता गर्ने, प्रान्तीय राज्यले आफ्नो क्षेत्राधिकारभित्र कानुन निर्माण गर्दा प्रथागत र धार्मिक कानुनको आधारमा गर्न सक्ने विभेदलाई संविधानतः निषेध गर्ने ।
- o संघीय तथा प्रान्तीय राज्यले आफ्ना हरेक नीति र कार्ययोजनामा लैङ्गिक, मूलप्रवाहीकरणलाई जोड दिनुपर्ने व्यवस्था गर्ने ।
- o प्रान्तीय राज्यले आफ्ना सबै निकाय तथा अङ्गहरुमा महिलाहरुलाई समानुपातिक समावेशी आधारमा ५० प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने ।
- o संघीय, प्रान्तीय वा स्थानीय तहको कार्यकारिणी प्रमुख वा उपप्रमुखमध्ये १ जना महिला हुने व्यवस्था गर्ने ।

## ) व्यवस्थापकीय अङ्गको स्वरुप निर्धारण समिति :

- o सारभूत समानताको सिद्धान्त बमोजिम महिलाहरुलाई राष्ट्रिय जीवनको विभिन्न क्षेत्रमा समान अवसरको सुनिश्चितता प्रदान गर्ने ।
- o संघीय विधायिका तथा विभिन्न संघीय एकाइमा विधायिकाको गठनमा महिलाको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।
- o संघीय तथा प्रान्तीय विधायिकामा सभामुख वा उपसभामुख र अध्यक्ष वा उपाध्यक्षमध्ये एकजना महिला हुने व्यवस्था गर्ने ।

## ) राज्यको शासकीय स्वरुप निर्धारण समिति :

- o राज्यको कार्यकारिणी, सरकारी सेवा, रोजगारी लगायएत हरेक संस्थागत संरचनाभित्र महिला र पुरुष दुबैलाई नीति निर्माण तथा निर्णय तहमा समान अधिकार र पहुँच हुने गरी ५० प्रतिशत महिलाको सहभागितालाई सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने ।
- o हरेक राजनीतिक दलले आफ्नो दलका स्थानीयदेखि केन्द्रसम्म दलीय संरचनामा समानुपातिक रुपमा महिलालाई स्थान दिनुपर्ने व्यवस्थासहितको प्रजातान्त्रिक एवं उत्तरदायी राजनीतिक दलको संवैधानिक व्यवस्था गर्ने ।
- o राजनीतिक दलले आफ्नो दलको केन्द्रीय पदाधिकारीहरुको ५० प्रतिशत स्थानमा महिलाहरुलाई स्थान दिनुपर्ने व्यवस्था गरेपछि मात्र दल दर्ता हुने व्यवस्था गर्ने ।
- o मिश्रित निर्वाचन प्रणालीको अवलम्बन गर्ने तथा संघीय, प्रान्तीय तथा स्थानीय सबै प्रकारका निर्वाचन प्रणालीमा महिलाका लागि समावेशी आधारमा ५० प्रतिशत स्थान सुनिश्चित गर्ने ।

) न्याय प्रणाली सम्बन्धी समिति :

- o न्याय प्रणालीको क्षेत्रमा समानुपातिक समावेशी लैङ्गिक सन्तुलनको लक्ष्यमा पुग्न दीर्घकालीन योजना लागू गर्ने ।
- o न्यायमा सहज पहुँचका लागि पारिवारिक अदालत लगायतका आवश्यक संरचनाको स्थापना गर्ने ।
- o घरेलु हिंसा, यौन दुर्व्यवहार, महिला हिंसा तथा बेचविखन जस्ता महिला विरुद्धका अपराधको सुनुवाइलाई प्रभावकारी बनाउन कानुनमा विशेष व्यवस्था गर्ने ।

) संवैधानिक निकायको संरचना निर्धारण समिति :

- o सबै प्रकारका संवैधानिक आयोग वा निकायको गठनमा महिलाको ५० प्रतिशत प्रतिनिधित्वलाई सुनिश्चित गर्ने ।
- o लैङ्गिक समानता तथा महिलाविरुद्ध हुने सबै प्रकारका विभेद तथा हिंसालाई निर्मूल गर्न सक्षम संरचनाको रुपमा महिला आयोगलाई संवैधानिक आयोग बनाउने र अधिकार सम्पन्न गर्ने ।
- o महिला आयोगको सबै पदाधिकारीहरुमा सबै जातजाति वर्ग, क्षेत्रको आधारमा महिलालाई नियुक्त गर्ने व्यवस्था गर्ने ।

) प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति :

- o जल, जङ्गल, जमीन लगायतका राज्यमा उपलव्ध प्राकृतिक जमीन साधनमा महिलाको पहुँच पुरुषसरह व्यवस्था गर्ने ।
- o प्राकृतिक जमीन साधनको राज्यले उपयोग गर्दा त्यसवाट महिलामाथि पर्नसक्ने प्रभावको विशेष ध्यान दिई त्यसको उपचार तथा वैकल्पिक व्यवस्था गर्न राज्य उत्तरदायी हुने व्यवस्था गर्ने ।
- o घरेलु श्रमको आर्थिक मूल्याङ्कन गर्ने सम्बन्धमा कानुन बनाउन संवैधानिक व्यवस्था गर्ने ।

) सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधारमा निर्धारण समिति :

- o समाजमा महिलामाथि हुनसक्ने सबै प्रकारका हिंसाको अन्त्य गरी सुरक्षाको पूर्णप्रत्याभूतिको सुनिश्चितता गर्ने ।
- o समाजमा विद्यमान निकृष्ट एवं कुप्रथामा आधारित सबै प्रथा एवम् व्यवहारलाई कानुनद्वारा दण्डनीय बनाउने व्यवस्था गर्ने ।
- o समाजमा महिला र पुरुषविच समान प्रतिष्ठा र मर्यादाको सुनिश्चितताको लागि कानुनमै व्यवस्था गर्ने ।
- o विभेदमा पारिएका वा सीमान्तकृत तथा एकल वा विधवा महिलाको लागि राज्यले विशेष व्यवस्था गर्ने ।

) राष्ट्रिय हितका संरक्षण समिति :

- o राष्ट्रिय अखण्डता, सार्वभौमिकता र राष्ट्रिय सीमा सुरक्षाको प्रत्याभूति गर्नुपर्ने ।
- o राष्ट्रिय हितको पहिचान गर्दा महिलाका हितका विषयलाई महत्व दिने ।
- o राज्यले अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्दा वा सन्धि सम्झौता गर्दा महिलाका हितलाई उच्च प्राथमिकता दिने कुराको संवैधानिक सुनिश्चितता गर्ने ।
- o विदेशमा काम गर्न गएका वा जाने महिलाको हितका लागि राज्यको तर्फबाट विशेष सुरक्षा र सहुलियतको व्यवस्था गर्ने ।

*जमीन: गोरखापत्र, २०६६ बैसाख ३*

## ५.४ महिला सहभागिता बृद्धि गर्ने उपायहरु :

आधा जनसंख्या ओगटेको महिलाजनशक्ति सहभागिताको हिसाबले अनुत्पादक काममा बढी संलग्न रहेका छन । उनीहरुका घरायसी कामकाजको आर्थिक मूल्याङ्कन गर्ने प्रचलन पनि देखिंदैन । नेपालको सामाजिक बनावट र पुरुष प्रधानताले महिलाहरुलाई जहिले पनि दोश्रो दर्जाको नागरिकको रुपमा रहन वाध्य तुल्याएको देखिन्छ । राज्यको एकीकरणसँगै देशमा संचालित हरेक प्रकारका आन्दोलनहरुमा महिलाले महत्वपूर्ण भूमिका निर्वाह गरेतापनि एक्काइसौं शताब्दीसम्म आइपुग्दा पनि उनीहरुले पुऱ्याएको योगदान र भूमिकाको उचित कदर र मुल्याङ्कन हुन सकेको देखिंदैन ।

राजनीतिक सहभागीताको दृष्टिकोणले हेर्दा २०१५ सालको प्रथम आम निर्वाचन देखि २०५६ सालसम्मको आमनिर्वाचनमा महिलाहरुको सहभागिता नगण्य नै देखिन्छ । राजनीतिक पार्टीहरुका केन्द्रीय समितिको महिला सहभागितालाई विश्लेषण गर्ने हो भने औपचारिकता पुरा गर्नका लागि सीमित संख्यामा उनीहरुलाई सहभागी गराएको जस्तो लाग्छ । छोरीले घरको कामकाजमा सघाउनुपर्ने जस्ता कुप्रथाले उनीहरुलाई उचित शिक्षादीक्षाबाट बञ्चित हुनु परेको छ भने अझै पनि नेपालको अधिकांश ग्रामीण इलाकामा छोरीलाई अर्काको सम्पतिको रुपमा हेर्ने चलन कायमै छ जस्को कारण भोलि विवाह गरेर अर्कैको घरजम गर्न जानेलाई किन पढाउनपऱ्यो; घरको कामकाज सिकाइदिए पुग्छ भन्ने गलत सोचाइ विद्यमान छ । अभिभावकहरु पनि छोरीको शिक्षाको लागि लगानी गर्न रुचाउँदैनन् । शिक्षाको अवसरबाट बञ्चित भएकै कारण उनीहरुको चेतनाको स्तरमा कमी हुनु स्वाभाविकै हो । यही कारणले महिलाहरु आफ्ना हक अधिकारका बारेमा अनभिज्ञ छन् र पुरुषको तुलनामा आफूलाई कमजोर ठान्दछन् साथै पुरुषविना आफ्नो अस्तित्व नै हुँदैन भन्ने भ्रममा बाँचिरहेका छन् ।

देशमा भएका विभिन्न राजनीतिक आन्दोलन तिनले ल्याएका परिवर्तन तथा सञ्चार क्षेत्रको चरम विकास र विश्वव्यापीकरणले गर्दा महिलाहरुको चेतना स्तरका साथै सहभागितामा पनि केही सुधार भएको देखिन्छ तथापि पुरुषको तुलनामा महिला सहभागिता अझै पनि सन्तोषजनक छैन । संविधानसभा सदस्य निर्वाचन २०६४मा संवैधानिक र कानुनी बाध्यात्मक अवस्थाले गर्दा केही हदसम्म महिला राजनीतिक सहभागिता बढेको देखिन्छ । महिला सहभागिता बृद्धि गर्न उनीहरुका लागि राज्यका हरेक क्षेत्रमा प्रोत्साहन, आरक्षण लगायत संवैधानिक र कानुनी रुपमै निम्नानुसार व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अ. संविधान र कानुनमा

- नेपालको अन्तरिम संविधान २०६३ ले प्रदान गरेको समानताको हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, सामाजिक न्यायको हकलगायत सम्पूर्ण महिलाका हकहरुलाई संविधान सभाद्वारा बन्ने नयाँ संविधानमा समेत व्यवस्था गर्ने ।
- महिला र पुरुषविच भेदभावपूर्ण विद्यमान कानुनहरुलाई नेपालको अन्तरिम संविधानको भावना अनुरुप खारेज र संशोधन गर्ने र नयाँ बन्ने संविधानमा महिला र पुरुषविच विद्यमान संवैधानिक तथा कानुनी असमानताको अन्त्य गरी सारभूत समानता प्रत्याभूत गर्ने व्यवस्था गर्न व्यवस्था गर्ने ।
- राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रुपमा व्यवस्था गर्ने ।
- संवैधानिक निकाय लगायत राज्यका सम्पूर्ण क्षेत्रहरु जस्तै कूटनीति, न्याय, प्रशासन , शिक्षण, सुरक्षा, प्राविधिक र निजामती सेवाहरुमा न्यूनतम ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्दै लैजाने सकारात्मक कार्यनीति अपनाउने कुराको संवैधानिक व्यवस्था गर्ने ।
- हालको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई महिलाका सवाललाई मात्र हेर्ने गरी अलग मन्त्रालयका रुपमा स्थापित गरी श्रोतसम्पन्न गराउने ।
- महिलाका मुद्दा मामिलालाई निःशुल्क कानुनी सहयोग उपलव्ध गराउने व्यवस्था र महिलाका मुद्दा चलिरहेको अवस्थासम्म उनीहरुलाई सुरक्षित बासको उचित व्यवस्था गर्ने कानुन निर्माण गर्ने ।
- मानव अधिकारको विश्वव्यापी घोषणा पत्र महिला उपर हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि, भियना घोषणा पत्र, बेइजिङ्ग घोषणा पत्र, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनद्वारा पारित घोषणा र नेपालको अहिलेको अवस्थामा महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघद्वारा पारित प्रस्ताव १,३२५ लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु राष्ट्रिय कानुन सरह लागू हुने संवैधानिक व्यवस्था गरिनुपर्ने ।
- समावेशीकरणको अवधारणालाई लैङ्गिक समानतामूलक बनाई देशको संविधान, ऐन, कानुनमा व्यवस्था गरी त्यसै अनुरुप कार्यान्वयन गरिनु पर्ने ।

आ. राजनीतिक क्षेत्रमा :

- राजनीतिक दल र तिनका जनसँगठनहरुका प्रमुख पदहरुमा महिलाको समानुपातिक सहभागिताका लागि सकारात्मक कार्यनीति अपनाउने र स्थानीयदेखि केन्द्रीय तहका हरेक निकायमा हरेक अङ्गमा र समितिमा सामाजिक समावेशीकरणको सिद्धान्त अनुरुप महिला र पुरुषको समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।
- राजनीतिक दल र तिनका जनसँगठनहरुको नीति, कार्यक्रम र बजेट लैङ्गिक उत्तरदायी बनाउने र कम्तीमा ३३ प्रतिशत स्रोत लैङ्गिक समानता अभिवृद्धि कार्यमा खर्च गर्ने ।

- महिला र पुरुषप्रतिको भावना, धारणा, व्यवहार र भाषामा परिवर्तनल्याई सबै वर्ग एवं तहमा लैङ्गिक समानता प्रवर्धन गर्ने नीति निर्माण गर्ने ।
- लैङ्गिक समानता मापन मूल्याङ्कन गर्ने लैङ्गिक विभेद सूचकाङ्क, लैङ्गिक विकासको सुचकाङ्क लैङ्गिक सशक्तीकरण मापन प्रयोगलाई मूर्त रुप दिने सम्बन्धमा नेता तथा कार्यकर्ताहरुलाई प्रशिक्षित गर्ने ।
- केन्द्रमा स्थापित जनप्रतिनिधि महिलाहरुको समितिलाई विस्तारित गरी जिल्ला र स्थानीय स्तरसम्म निर्माण गर्ने, सदन र स्थानीय निकायमा यो संयन्त्रलाई मान्यता प्रदान गरी महिला सम्बन्धी कार्यक्रम तय गर्ने कामको लागि जिम्मेवारीसमेत प्रदान गर्ने ।
- सबै राजनीतिक दलले निर्वाचनका लागि दिने टिकटमा ५० प्रतिशत महिलालाई अथवा समानुपातिक रुपमा उम्मेदवार बनाउनु पर्ने ।
- सबै दलहरुले दलभित्रै महिलाका लागि राजनीतिक प्रशिक्षण दिनुपर्ने ।
- महिला उम्मेदवारलाई निर्वाचन खर्चका लागि विशेष कोषको व्यवस्था गर्नुपर्ने ।

**इ. आर्थिक क्षेत्र :**

- जल,जङ्गल, जमीन लगायतका प्राकृतिक स्रोत र साधनहरु तथा राज्यको स्रोतसाधनमाथि महिला र पुरुष दुबैको समान पहुँच र नियन्त्रण स्थापित गर्न स्थानीयदेखि केन्द्रीय तहसम्मका स्रोतहरुलाई समानुपातिक रुपमा महिलाहरुसम्म पुऱ्याउने नीति निर्माण गर्ने र नीति निर्माण तहमा सहभागिता सुनिश्चित गर्ने ।
- वैज्ञानिक भूमिसुधारको व्यवस्था गरी महिलाहरुको जमीनमाथिको हक र रोजगारीको हकलाई सुनिश्चित गर्ने ।
- महिलाहरुले गर्दै आएका अनौपचारिक क्षेत्र घरभित्रका काम र पालनपोषण स्याहारसुसार आदीलाई उत्पादक कामको रुपमा गणना गरी राष्ट्रिय लेखापरिक्षण प्रणालीमा आयमा समावेश गर्ने । घरेलु कामलाई सम्पूर्ण परिवारको दायित्वको भावना विकास गराउने र घरेलु काममा महिला पुरुषलाई समान रुपमा सहभागी हुन सक्ने वातावरण सिर्जना गर्ने ।
- महिलाको रोजगारीको हक स्थानीय र केन्द्रीय सबै तहमा सुनिश्चित गर्ने । सरकारी, गैरसरकारी, निजी तथा बैदेशिक रोजगारीका सबै क्षेत्रमा महिला सहभागिता सुनिश्चित गर्ने र सुरक्षित रोजगारीका सम्बन्धमा आवश्यक नीति, सीपमूलक तालिम र आवश्यक सचेतना कार्यक्रमको व्यवस्था गरी सकारात्मक कार्यनीति अपनाउने ।
- सहकारिताको सिद्धान्तअनुरुप विपन्न, उपेक्षित महिलाहरुको आर्थिक अवस्था सुधार गर्न आवश्यक तालिम, पूँजी र बजारको व्यवस्था गर्ने ।
- आदीवासी जनजाति, दलित, मधेसी तथा विपन्न वर्गका स्थानीय ग्रामीण महिलाहरुको जीविकोपार्जनमा प्रतिकूल असर पार्ने किसिमका बाँध, निर्माण, खानी सञ्चालन तथा अन्य गतिविधिहरुलाई बन्द गर्ने ।

ई. **सामाजिक क्षेत्रमा :**

- महिलामाथि हुने संरचनागत हिंसा (घरेलु हिंसा, यौनजन्य हिंसा, सामाजिक हिंसा, परम्पराजन्य हिंसा) लगायतका अन्य सबै किसिमका हिंसाको अन्त्यका लागि कानुन तथा नीति निर्माण गरी लागू गर्ने विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- घर-परिवार र समुदायले राजनीतिमा महिलालाई सहभागी हुन प्रोत्साहन, सहयोग र उचित वातावरण दिनुपर्ने ।
- समाजमा भएको धार्मिक कुसंस्कृति र प्राकृतिक प्रजननवापत हुने महिनावारीमा गरिने अछूतको व्यवहार अन्त्य गरिनुपर्ने ।

उ. **शिक्षाको क्षेत्रमा:**

- महिलाको शिक्षा आर्जन गर्ने अधिकारलाई सबै तहमा सुनिश्चित गर्ने र गुणस्तरीय व्यवसायिक एवम् सर्वसुलभ शिक्षा प्राप्तिका निम्ति छात्राहरुका लागि विशेष सकारात्मक कार्यनीति निर्माण गरी उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिनु पर्ने ।
- स्कूलतहदेखि विश्वविद्यालयसम्म लोकसेवा आयोग, शिक्षा सेवा आयोग, तथा अन्य विभिन्न सेवा आयोगका पाठ्यपुस्तकहरुमा लैङ्गिक विभेदको अन्त्य गर्ने र लैङ्गिक उत्तरदायी पाठ्यपुस्तकको निर्माण गरी लागू गर्ने ।
- शिक्षण संस्थाहरुमा महिला मैत्री वातावरण तयार गर्ने । किशोर र किशोरीहरुका लागि लागू पदार्थ दुर्व्यसन, यौनरोग तथा एचआइभी/एड्स विरुद्ध सचेतना तथा परामर्शका लागि विद्यालयभित्रै परामर्श केन्द्र स्थापना गरी सरसल्लाह उपलब्ध गराउने ।
- राजनीतिमा महिलाहरुलाई प्रोत्साहन गर्न सरल भाषामा शैक्षिक सामग्री तथा राजनीतिक सूचनाहरु प्रचार-प्रसार गर्नुपर्ने ।

ऊ. **स्वास्थ्य क्षेत्रमा :**

- अन्तरिम संविधानद्वारा प्रदत्त महिलाको प्रजनन् अधिकार सुनिश्चित गर्न आवश्यक कानुन, नीति तथा कार्यक्रमहरु निर्माण गरी सुनिश्चित गर्ने ।
- यौनरोग तथा एचआइभी पोजेटिभ संक्रमण हुनबाट बच्न अनिवार्य दम्पति शिक्षा र जीवन उपयोगी सीपशिक्षा दिने नीति निर्माण गरी महिला अधिकारको रुपमा स्थापित गर्ने । पुरुषहरुलाई उनीहरुको सामाजिक र पारिवारिक भूमिकाका साथै यौन र प्रजनन् आचरणबारे जिम्मेवारी लिन सक्षम बनाउने ।
- भ्रुणको लिङ्ग पहिचान गरी लिङ्गका आधारमा गरिने भ्रुणहत्या तथा महिलामाथि शोषण गर्ने खालको प्रजनन् प्रविधिहरुको अन्त्य गर्ने ।
- महिलाहरुको समग्र स्वास्थ्यलाई मौलिक हकका रुपमा स्थापित गर्दै निःशुल्क र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गर्ने ।

ए. **योजनाबद्ध विकासको क्षेत्रमा :**

- लैङ्गिक उत्तरदायी योजना निर्माण गरी महिलाहरुको स्रोतमाथि पहुँच र नियन्त्रणलाई सुनिश्चित गर्ने ।
- सम्पूर्ण क्षेत्र, वर्ग, जातजाति, अल्पसंख्यक समुदाय र सीमान्त वर्गका महिलाहरुको अलग अलग तथ्याङ्क संकलन, विश्लेषण र व्यवस्थापन गर्ने प्रणालीको स्थापना गर्ने र लैङ्गिक विश्लेषण, परीक्षण, लैङ्गिक उत्तरदायी योजना र बजेट निर्माण प्रणाली प्रभावकारी रुपले लागू गर्ने ।
- अल्यसंख्यक समुदाय तथा सीमान्तकृत गरिएका महिलाहरुको सक्रिय, समान, समानुपातिक सहभागिता पहुँच र नियन्त्रण सुनिश्चित गर्ने क्षमता अभिवृद्धि गर्ने, नीति कार्यक्रम र प्रक्रिया तयार गर्ने ।

ऐ. **सञ्चारको क्षेत्रमा :**

- महिलाहरुको अस्मिताको अपहेलना हुने खालको चलचित्र, बोली, व्यवहार र विज्ञापन हुन नदिन, विद्युतीय सञ्चार र छापा माध्यमलाई लैङ्गिक उत्तरदायी बनाउने नीति बनाई कार्यान्वयन गर्ने ।
- सञ्चार क्षेत्रमा महिलाहरुको क्षमता अभिवृद्धिको विशेष कार्यक्रम लागू गर्ने ।

ओ. **परराष्ट्र सम्बन्धको क्षेत्रमा :**

- कूटनैतिक क्षेत्रमा महिलाहरुको समानुपातिक सहभागिता र न्यायोचित लाभलाई सुनिश्चित गर्ने ।
- कुटनैतिक सम्बन्ध स्थापना र विकास गर्दा आर्थिक कुटनीतिकलाई महत्व दिई लैङ्गिक रुपमा उत्तरदायी बनाउने ।
- सशस्त्र द्वन्द्वबाट पीडित तथा आन्तरिक र वाह्य रुपमा विस्थापितहरुको पुनर्स्थापना गर्दा लैङ्गिक रुपमा उत्तरदायी भई गर्ने ।

औ. **अन्य :**

- महिलाका सवालमा काम गर्दा वृद्धा, बालिका, युवा सबै उमेरका महिलाहरुको अवस्था र परिस्थिति अनुसार सहभागिताको सुनिश्चित गर्ने ।
- राज्यका नीति योजना र कार्यक्रमहरुको लैङ्गिक उत्तरदायी अनुगमन गर्ने ।

# परिच्छेद : ६

## उपसंहार तथा निष्कर्ष

मानव समाजको सृष्टि वास्तवमा महिला र पुरुषको समान सहभागिताबाट भएको हो । प्राग् ऐतिहासिक युगमा जीवन सरल थियो, सामाजिक परिपाटीको कुनै सञ्जाल थिएन । व्यवहारिक जीवनका हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागिता हुने गर्दथ्यो । कालान्तरमा आएर सामाजिक विकृति र अज्ञानताका कारण महिलाहरुले स्वतन्त्र जीवन विताउन पाएनन् । घरभित्र सीमित हुँदा बाहिरी संसार बुझ्ने अवसर पाएनन् र बाहिरी विस्तृत ज्ञानबाट वञ्चित भए । जसको फलस्वरुप महिलाहरु राज्य सञ्चालनका विविध क्षेत्रमा पिछडिएका वर्गमा गनिन पुगेका छन् । आधा आकाश ढाकेको मानिने मानव स्रोत त्यतिकै खेर गइरहेको अवस्थामा नेपालमा मात्र नभई विश्वमै विकासका कार्यहरु र गरीबी निवारणमा ठूलो बाधा र जटिलताको पर्खाल खडा हुन पुगेको छ ।

उन्नाइसौं शताब्दीको मध्यतिर विश्वमा महिला जागरणको उदय अमेरिकी समाजको महिला आन्दोलनको रुपरेखाबाट प्रारम्भ भएको पाइन्छ भने नेपालमा यसको बीजारोपण बीसौं शताब्दीको अन्त्यतिर मात्र भएको पाइन्छ । सन् १९६० को दशकमा आएर मात्र विस्तारै महिलाहरुको विकास गर्नुपर्छ भन्ने सोचकासाथ कल्याणकारी कार्यक्रमहरु ल्याइए । विस्तारै महिलाहरुको लागि विकासका धारणामा परिवर्तन आई Equity Based Equality हुनुपर्दछ भन्ने धारणा जोडदार रुपमा अगाडी बढेको हो र लैङ्गिक एवं विकासको अवधारणाले महिला लक्षित रणनीतिक कार्यक्रमलाई प्राथमिकता दिई महिलाहरुको अवस्थामा सुधार ल्याउन विद्यमान संरचनाको परिवर्तनबाट मात्र सम्भव हुन्छ भन्ने कुरामा जोड दिएकै कारणले नेपालका पञ्चवर्षीय योजनाहरुमा परिवर्तित अवधारणा र रणनीति, लक्ष्य तथा कार्यक्रमहरुको निर्धारण र कार्यान्वयन हुँदै आएको हो । यसैगरी विभिन्न समयमा आयोजना गरिएका महिला अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलन र मञ्चहरुबाट पनि लैङ्गिक समानताको विषयले उच्च प्राथमिकता पाउँदै आएको आजको यस अवस्थासम्म महिलाहरुलाई हेर्ने परम्परावादी सोच र दृष्टिकोणमा पूरै परिवर्तन हुन नसके पनि सकारात्मक सोचमा भने विस्तारै विकास हुँदै गइरहेको छ ।

हरेक मानवीय समाजको सिर्जना महिला र पुरुषको समान सहभागिताविना हुन सक्दैन । समाजरुपी रथको निर्माण महिला र पुरुषको उपस्थितिमा मात्र सम्भव हुन्छ र एउटाको अभावमा समाजले पूर्णता प्राप्त गर्न सक्दैन । चाहे त्यो विकसित समाज होस या अविकसित । जबसम्म देशमा विद्यमान विभिन्न समाजको विकास हुँदैन तबसम्म देश विकास पनि सम्भव छैन । तसर्थ समाज निर्माणका साथसाथै देश निर्माणमा महिला र पुरुष एकअर्कामा परिपूरकका रुपमा मानिन्छ । समाजमा आवद्ध मानिसमा स्वास्थ्य, शिक्षा, खाना, आवास, सीप आदीको विकास नै मानव विकास मानिन्छ । मानव विकासले मात्रै मानिसहरुको लागि आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रमा देखापरेका विकल्पहरुको चयन गर्ने दायरालाई फराकिलो तुल्याउँछ । व्यक्ति सुरक्षा दिगोपन, पर्यायवरणीय संरक्षण र सामाजिक एकतामा जोड दिन्छ र मानव अधिकारलाई सुनिश्चित तुल्याउँछ । आय आर्जनमा वृद्धि हुनासाथ मानव विकासमा स्वतः वृद्धि हुँदैन । महिला पुरुष दुबै समान रुपमा योग्यता, क्षमता अभिवृद्धिका साथै अवसरको छनौट गर्न सक्ने हुनु पर्दछ । एक्लो आर्थिक प्रगतिले मात्र विकासलाई अघि बढाउन र विपन्न वर्गको जीवनस्तरलाई उकास्न कदापि सक्दैन । आधारभूत मानव योग्यताको औसत प्राप्तिलाई मापन गर्नका लागि औसत आयु, शैक्षिक

स्थिति, जीवन निर्वाहको उचित स्तरनै मानव विकासका सुचकाँङ्क हुन् । यिनको मापन गर्नको लागि अपेक्षित आयु, प्रौढ साक्षरता विद्यालयमा रहने अवधि, प्रतिव्यक्ति क्रयशक्ति र आय, प्रतिव्यक्ति कूल ग्रार्हस्थ उत्पादन, शैक्षिक सुचकाँङ्कका आधार हुन्छन् । यसका साथै साक्षरता दर, प्राथमिक तहमा खुला भर्नादर, शिशु मृत्युदर, मातृ मुत्यृ दर, कूल प्रजनन् दर, जनसंख्या वृद्धि दर, खानेपानीको उपलव्धता जनताको प्रतिशत, तालिम प्राप्त जनशक्तिबाट प्रसूति सेवा आदी जस्ता मानव विकास सुचकाँङ्कका आधारहरु नेपालको सन्दर्भमा आधारभूत तत्त्वहरु पनि हुन् ।

'विकासका लागि महिला सशक्तीकरण' भन्ने नारा विगतका केही दशकदेखि अझैं भनौं आधुनिक २१ औं शताव्दीको सुरुवातसँगै उत्कर्षमा पुगिरहेको छ । व्यक्तिगत क्षमता अभिवृद्धि, स्वतन्त्रता सम्पन्न भएमा मानव विकासका अन्य पक्षहरु : समानता, उत्पादनशीलता, र दिगोपना कायम हुन सक्छ भन्ने सशक्तीकरणको मान्यता हो । दिगो सशक्तीकरणका लागि आर्थिक, सामाजिक र राजनैतिक सशक्तीकरण जस्ता तीनवटा मौलिक तत्त्वहरुमा जोड दिइन्छ । नेपालको वर्तमान परिवेशमा दिगो सशक्तीकरणका मौलिक तत्त्वहरु प्राप्त गर्न निकै कठिनाई र चुनौतीहरु अवश्य छन् । परम्परागत समाज, सांस्कृतिक मूल्य, धर्मको आधारमा विभेद, छुवाछुत पूर्ण विभेद, छाउपडी प्रथा, बोक्सी प्रथा वहुविवाह, वालविवाह, अनमेल विवाह आदीजस्ता विकृति र विसँगतिहरु महिला सशक्तीकरण विरुद्ध तगारो बनेका छन् । यस्ता विकृति र विंसगति नियन्त्रण गर्न केही कानुनी प्रावधान भएपनि ती कानुन कार्यान्वयनको कसीमा खरो उत्रन सकिरहेका छैनन् ।

महिला सशक्तीकरणका लागि अनेकौं प्रयासहरु भइरहेको छन् । मुलुकी ऐनको एघारौं संशोधन २०५९ सालमा भएपनि महिलालाई पुरुषसरह जन्मले सम्पतिको हक, शर्तयुक्त गर्भपतन, महिला आयोग, महिला मन्त्रालयको गठन, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि, बेइजिङ्ग सम्मेलन, सार्कस्तरीय चेलीबेटी बेचविखन विरुद्धको सन्धि, महिला क्षमता विकास सम्बन्धी कार्यक्रमहरु राजनीतिमा ३३ प्रतिशत महिला सहभागिता हुने व्यवस्था, सैनिक, प्रहरी प्रशासनिक र कुटनीतिक तहका संरचनाहरुमा महिला सेलको व्यवस्था, निजामती प्रवेश र बढुवामा ४० वर्षे र १ वर्ष कम भएपनि बढुवामा सामेल हुन पाउने व्यवस्था, महिला कर्मचारीहरुलाई सुत्केरी विदाको व्यवस्था, अस्पतालहरुमा निःशुल्क सुत्केरी उपचार व्यवस्था आदी सकारात्मक पक्षहरु महिला शसक्तीकणरका लागि राज्यद्वारा अवलम्बन गरिएका छन् ।

नेपालको सन्दर्भमा महिला सशक्तीकरणका लागि विद्यमान सामाजिक, धार्मिक, सांस्कृतिक, राजनीतिक विभेदपूर्ण व्यवहारिक एवम् कानुनी कठिनाइ र चुनौतीहरुका कारण सामाजिक सशक्तीकरणको मूल प्रवाहमा आधा हिस्सा ओगटेका महिलाहरुको सहभागिता न्यून रहन गएको छ । यस अवस्थाबाट पार पाउन र महिला सहभागिता वृद्धि गर्नका लागि विद्यमान कानुनी विभेदपूर्ण प्रक्रियामा अझै सुधार गरी जनआन्दोलन-२ को उपलव्धिस्वरुप स्थापित लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको नयाँ नेपाल निर्माणको महान् यात्रामा महिला वर्गको हरेक क्षेत्रमा अनिवार्य उपस्थिति, आरक्षण र कोटा प्रणाली लगाएको समानुपातिक समावेशी प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरिनुपर्ने देखिन्छ ।

नेपालको जनसंख्याको हालको अवस्थामा २ करोड ५० लाख नाघिसकेको अनुमान गरिएको छ । त्यसमध्ये झण्डै ५१ प्रतिशत जनसंख्या महिलाको रहेको छ । यसरी सरसर्ती हेर्दा कूल जनसंख्याको आधा महिला भएको अवस्था हुँदा-हुँदै पनि सामाजिक संरचना, पितृसत्तात्मक समाज र लैङ्गिक विभेदका कारण विकासका हरेक क्षेत्रमा महिलाको सहभागिता कम रहेको

पाइन्छ । जन्मदा हरेक मानिस समान रुप र प्रकृतिको हुन्छ, प्राकृतिक भिन्नताको रुपमा महिला र पुरुष भएर जन्मिने लिङ्गभेद र त्यही अनुरुपका प्राकृतिक विशेषताहरु जो एक अर्काभन्दा भिन्न हुन्छन् अपरिवर्तनीय हुन्छन् । समाजले तिनै मूल्य र मान्यताका आधारमा महिला र पुरुषको बेग्लाबेग्लै भूमिका निर्धारण गरेको हुन्छ । यद्यपि समाज विभिन्न जातजाति, धर्म संस्कृति र वर्गमा विभाजित हुन्छ । यही सामाजिक लिङ्गभेदका कारण महिला र पुरुषबीचको श्रम विभाजन, शक्ति, पहुँच, दायित्व, भूमिका र अधिकारको सम्बन्धमा ठूलो प्रभाव पारेको हुन्छ । यी र यस्तै प्रभावहरुकै वीचबाट देशका नीति, नियम र ऐन कानुनहरु निर्माण हुने हुनाले कतिपय कानुनहरु पनि महिला र पुरुषका अधिकारका सम्बन्धमा विभेदपूर्ण हुने गरेका छन् ।

नेपालको कानुनी इतिहास नियाल्ने हो भने शुरुदेखि नै लैङ्गिक असमानतामा आधारित भएर कानुनहरु निर्माण भएका पाइन्छन् । वि.सं. १९१० सालमा बनेको मुलुकी ऐनले त महिलालाई दोस्रो दर्जाको नागरिक नै मानेको पाइन्छ । त्यसपछि वि.सं. २०२० सालमा बनेको मुलुकी ऐन पनि महिला हकहितका सम्बन्धमा पुरानै मानसिकतामा आधारित रह्यो । अन्तर्राष्ट्रिय नारी वर्ष सन् १९७५ मनाइसकेपछि वि.सं. २०३३ र २०३४ मा भएको छैटौं र सातौं संशोधनले मुलुकी ऐनमा लैङ्गिक असमानता हटाउन केही प्रयाससम्म गऱ्यो । वि.सं. २०४७ सालको राजनीतिक परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले भने महिला हकहितका प्रश्नमा निकै फड्को मारी मौलिक हक अन्तर्गत नै लैङ्गिक विभेद नगरी समानताको हकको व्यवस्था भयो । १० वर्षे जनयुद्ध कालमा नेपाली सेना र माओवादी जनमुक्ति सेनामा महिला प्रवेशको ढोका खुलेपछि महिला चेतनामा आएको विकास , अग्रसरता र जुझारुपनले महिलाहरु पनि पुरुषसरह जस्तोसुकै काम गर्न सक्छन् भन्ने पाठ सिकायो ।

दोस्रो जनआन्दोलन पछि निर्माण भएको नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हकहरु अन्तर्गत अन्य हकको अलावा धारा २० मा महिलाको हक अन्तर्गत महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव नगरिने र पैतृक सम्पतिमा छोरा वा छोरीलाई समान हक हुने व्यवस्था धारा २१ मा सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक र धारा २२ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ । यसै गरी यस संविधानमा संविधान सभा सदस्य पदमा प्रत्येक निर्वाचन क्षेत्र र समानुपातिक निर्वाचन प्रणालीद्वारा हुने निर्वाचन प्रणालीद्वारा हुने निर्वाचनमा कम्तीमा एक तिहाइ महिला उम्मेदवारहरु हुनैपर्ने वाध्यात्मक व्यवस्थाले अहिलेको संविधान सभामा विभिन्न राजनैतिक दलको प्रतिनिधित्व गर्दै १९१ जना र मनोनित ५ जना गरी जम्मा १९६ जना महिला सभासदहरुको ऐतिहासिक उपस्थितिले महिला सहभागिता अभियानमा यस युगकै ठूलो एवं अविस्मरणीय प्रतिनिधित्व गराएको छ । अधिकार मागेर होइन खोसेर लिनुपर्दछ भन्ने विश्वव्यापी मान्यताअनुरुप नेपालमा पनि महिला हकहितका सवालमा धेरै पटक आन्दोलनहरु भए र भइ नै रहने पनि छन् । जबसम्म महिलाहरु स्वयम नै आफ्नो हकअधिकार प्राप्तिका लागि जुर्मुराउँदैनन्, संघर्ष गर्दैनन् र सक्षम हुँदैनन् तबसम्म अरुको कृपामा बाँच्नु पर्ने बाध्यात्मक परिस्थितिको सिकार भइ नै रहने छन् । त्यसैले आफ्नो हक अधिकार प्राप्तिका लागि हरेक महिलामा चेतना र जागरण अति आवश्यक छ । महिला वर्गको उत्थान र महिला सहभागिता अभिवृद्धि गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा दुई दर्जनभन्दा बढी महासन्धि, घोषणा, निर्णय र प्रतिवद्धता जाहेर भैसकेका छन् । यसैअनुसार प्रत्येक राज्यले विभिन्न क्षेत्रमा महिला विभेद समाप्त पार्ने क्रममा आ-आफ्नो क्षमता र आवश्यकता अनुकूल विभिन्न निर्णयहरु गर्दै आइरहेका छन् । नेपालको सन्दर्भमा भन्नुपर्दा महिलाले सर्वसुलभ तरिकाले आफ्ना हक अधिकारहरु पाउन

सकिरहेका छैनन् । यही अवस्थाका कारण ग्रामीण परिवेशमा शैक्षिक चेतनाको स्तर ज्यादै न्यून छ । ग्रामीण महिलाको जीवनचक्र घाँसपात, दाउरा, चुलोचौकाका वरिपरि घुमिरहेको छ । यस अवस्थामा महिलाले आफ्नो अधिकार के हो ? कर्तव्य के हो ? जीवन के हो ? कसरी अगाडि बढ्ने ? भन्ने कुरा न त जानेका छन् नत बुझ्ने प्रयास नै गर्दछन् । त्यसै गरी परम्परागत समाज, संस्कृति, पूर्वीय दर्शनमा आधारित धार्मिक मूल्य र मान्यताहरु पुरुषप्रधान छन् । पुरुषलाई प्राथमिकता दिइएको समाजमा महिलालाई दोस्रो दर्जामा त राखिने नै भयो । यही परम्परावादी धारणाले गर्दा पैतृक सम्पतिको सवालमा पनि बुवाको शेषपछिको हकवाला छोरा हुने, छोरापछि नाति हुँदै जाने गरेको हुन्छ र महिलाको कुनै स्थान राखिएको छैन् । महिलालाई घरको काम गर्ने, चुलो चौका वुहातर्न गर्ने, सन्तान जन्माउने मसिनको रुपमा मात्र हेरिएको छ । यस्तो संस्कार र प्रकृति कानुनका पानाहरुमा केही हदसम्म हटेको भएपनि मानिसको मनमस्तिष्कबाट पूर्णतः हट्न सकेको स्थिति छैन किनभने छोराले अंश खाने, काजकिरिया गर्ने, छोराको जन्म हुन नसके दोस्रो विवाह गर्ने, जारी प्रथा, वहुपत्नी प्रथा जस्ता कुसंस्कार कुप्रवृतिहरु नेपाली समाजमा अझै पनि विद्यमान रहेका छन् । परिणामस्वरुप राज्य संचालनका विविध पक्षमा महिला सहभागिता न्यून हुन गएको छ । त्यसैले त्यस्ता संस्कारहरु हटाउन र महिला सहभागिता अभिवृद्धि गर्नका लागि कानुनी प्रतिवन्ध लगाई सजायको व्यवस्था गर्ने व्यवस्था राज्यले गर्ने, त्यस्तो कार्यको अनुगमन राजनैतिक दलहरु, नागरिक समाज, पत्रकारिता क्षेत्र, शैक्षिक एवं प्रशासनिक इकाइहरुले गर्ने व्यवस्थाको सहयोगी भूमिका प्रत्येक शिक्षित नागरिकहरुले शैक्षिक चेतनाको सञ्चारद्वारा गर्नुपर्ने आजको आवश्यकता हो ।

# सन्दर्भ - सूची


- आचार्य, भीमार्जुनः **संविधानसभा प्रक्रिया र अनुभवहरु,** काठमाडौं, राष्ट्रिय शान्ति अभियान २०६३
- तुम्बाहरुको शिवमाया, **नेपालमा महिला आन्दोलन** (२००४-२०४६) अखिल नेपाल महिला संघ, काठमाडौं, इन्द्रेवी अफसेट, २०५९
- शर्मा, डा. गोपाल, **नेपालमा संविधान सभा**, काठमाडौं, पैरवी प्रकाशन, २०६३
- पोखरेल, कृष्ण, **आधुनिक राजनीतिक विश्लेषण र राजनीतिक शोध**, काठमाडौं, एम. के. पव्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, २०५७
- श्री ५ को सरकार, **नेपाल अधिराज्यको संविधान -२०४७**, काठमाडौं, श्री कानुन किताब व्यवस्था समिति
- दिदीवहिनी/युनिफेम, **राजनीतिमा समानुपातिक महिला सहभागिताका लागि कार्य-पुस्तिका**, काठमाडौं, हारती माँ, छापाखाना, २०६४
- दाहाल, काशीराज, **संविधान सभा र संवैधानिक विकास,** काठमाडौं, निरन्तर प्रकाशन, २०६३
- नयाँ कोतपर्व दैनिक, **नेपालका निर्वाचनहरु २०१५ सालदेखि २०६४ सालसम्म**, काठमाडौं, धिम्ले प्रिन्ट लिङ्क
- श्री ५ को सरकार, **स्थानीय स्वायत्त शासन् ऐन, २०५५**, काठमाडौं, श्री चण्डेश्वरी प्रकाशन प्रा.लि., २०५६
- जागरण नेपाल, **नेतृत्वदायी महिलाहरु,** काठमाडौं, द प्रेस अनलिमिटेड, २०६४
- आचार्य, मीना, **भावी संविधान र महिला सशक्तीकरण**, काठमाडौं, टङ्कप्रसाद आचार्य स्मृति प्रतिष्ठान, २०६४
- जागरण नेपाल, **नेपालका राजनीतिक दल तथा भगिनी सँगठनहरु**, काठमाडौं, द प्रेस अनलिमिटेड प्रा. लि. २०६४
- निर्वाचन आयोग, **संविधानसभा सदस्य निर्वाचन-२०५१**, निर्वाचन परिणाम, काठमाडौं, रोशन अफसेट प्रिन्टर्स
- निर्वाचन आयोग, **प्रतिनिधिसभा सदस्य निर्वाचन-२०५६**, निर्वाचन परिणाम, काठमाडौं, रोशन अफसेट प्रिन्टर्स, २०५६
- निर्वाचन आयोग, **संविधानसभा सदस्य निर्वाचन-२०६४**, निर्वाचन परिणाम पुस्तिका, काठमाण्डौं, रोशन अफसेट प्रिन्टर्स, २०६५
- निर्वाचन आयोग, **नेपालको संसदीय निर्वाचन दर्पण**, कान्तिपथ, काठमाडौं, २०६३
- यादव, डा. अयोधिप्रसाद, **निर्वाचन प्रणालीको संक्षिप्त रुपरेखा (नेपालको सन्दर्भ)**, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, २०६५